# संवैधानिक तथा राज्यको पुनर्संरचना : आदिवासी जनजाति दृष्टिकोण

## राजनीतिक प्रस्ताव

(मस्यौदा)


संयोजक तथा सम्पादन

मल्ल के. सुन्दर

सदस्य

डा. केशवमान शाक्य

अर्जुन लिम्बु

सहयोगी

खुशीयाली सुब्बा

दिनेश गुरूङ्ग



श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान

साँचल, सानेपा, ललितपुर

२८ मइ २००५

# संवैधानिक तथा राज्यको पुनर्संरचना : आदिवासी जनजाति दृष्टिकोण

## परिच्छेद १

### १.१ नेपालको विशेषता - वहुलता

वहुलता नेपालको विशेषता हो । भौगोलिक दृष्टिकोणबाट नेपाल विश्वका अन्य साना मुलुकहरु मध्ये एक मानिन्छ । पूर्ववाट पश्चिम यसको लम्बाई १५०० किलोमिटर र उत्तरबाट दक्षिण चौडाइ २५० किलोमिटरभित्रको भूभाग नेपालको नाप नक्सा हो । तर, यसको भूवनौट जुन प्रकारले बनेको छ, त्यसले यसलाई भौगोलिक विविधतायुक्त मुलुकको रुपमा पहिचान गराएको छ । समुद्री सतहबाट २०० सय् मिटरको मात्र उच्चाई भएको धरातलदेखि ८४४८ मिटरको विश्व सर्वोच्च शिखर सगरमाथा पनि यहिभित्र अवस्थित छन् । अत्यन्त उष्णदेखि नातिशीतोषणसम्मको अनेक प्रकारका मौसम यहाँ विद्यमान छन् । त्यस्तै सुख्खा हावापानी र आद्रता नेपालकै सीमाभित्र एउटै समयमा केवल एक ठाउँबाट अर्को ठाउँमा पुग्दा सहज रुपमा अनुभव गर्न सकिन्छ । भौगोलिक क्षेत्रफलको हिसावबाट सानो भूभागभित्र एकै समयमा यति फरक फरक हावापानीको अनुभव संभवत् कमै देसमा गर्न सकिन्छ ।

स्वभावत: भौगोलिक विविधता र हावापानीको फरकपनाको प्रत्यक्ष प्रभाव जीव जन्तु र वनस्पतिमा पनि पारेकोछ । अमूल्य वनपस्ति, जडिबुटीका लागि नेपालका वन जङ्गल र हिमाली क्षेत्रले प्रसिद्धि कमाएको छ, पाँच औले र यार्सागुम्वा आदि नेपालका त्यस्ता अमूल्य जडिवुटि मध्ये हुन । उता तराईको समथलमा लस्किने एक सिङ्गे गैंडादेखि हिममानव यति अनि उष्ण पानीका धडियाल र हिमाली नदीका डलफिन नेपालमा भेटिने जैविक विविधताका नमूना हुन । कीट, पतङ्ग, जीवजन्तु, वोट विरुवा तथा वनपस्तिका हजारौं प्रकारले अनुसन्धाकर्ता तथा वैज्ञानिकहरुलाई नेपाल सदैव आकर्षणको केन्द्र बन्दै आएकोछ ।

अर्कोतिर वसोवास गरिंदै आएको भूभागको प्रभाव तथा अनगिन्ति ऐतिहासिक कारणले गर्दा नेपालको मानव सभ्यता र समाजमा पनि सोही अनुरुप अत्यधिक वहुलता रहेकोछ । वासस्थानको मौसमि कारण तथा सामाजिक आस्था र परम्परामा रहेका मौलिकताले नेपालीहरु बीच आपसमा वहुल पहिचान कायम रहँदै आएकोछ । मानवशास्त्रीहरुको ब्याख्यामा नेपालमा मंगोल, आर्य, द्रभिद र आग्नेय नश्लका मानिसहरु छन् । सामान्यतया मंगोल नश्लका मानिसहरुले नेपालको हिमाली र मध्य पहाडी क्षेत्रलाई आफ्नो मूल थलो बनाएका छन् भने आर्य नश्लका मानिसहरु पहाड र मैदानी इलकामा अधिकतम बसोवास गरिंदै आएको

पाइन्छ । द्रुभिड र आग्नेय नश्लका अल्पसंख्यकहरु भने मूलतः तराई भेगमा केन्द्रीत रहेका छन् । वाहुल्यता मंगोल तथा आर्य नश्लका मानिसहरुका रहेकाछन् ।

राज्यस्तरबाट सम्पन्न गरिएको सन २००१को जनगणनाको तथ्याङ्का अनुसार भिन्न पहिचान भएका धार्मिक सुमदायमा हिन्दू, बौद्ध, किरात, इस्लाम, इसाई, जैन, वहाई र शिखअन्य छन् । जसमा हिन्दूहरुको संख्या ८०.६२ प्रतिशत देखाइएको छ भने बौद्ध १०.७४, इस्लाम ४.२०, किरात ३.६०, इसाई ०.४५, जैन ०.०२, शिख ०.०२ र वहाई ०.०१ प्रतिशतमा रहेको उल्लेख गरिएको छ । संख्यात्मक दृष्टिकोणबाट भिन्न धर्मका अनुयायीहरुका संख्या वहुसंख्यक तथा अल्पसंख्यकका रुपमा रहेता पनि यसले नेपाली समाजको धार्मिक वहुलताको यथार्थलाई प्रस्तुत गर्दछ ।

भाषिक हिसाबबाट नेपाल अधिराज्यभित्र नेपालीलाई मातृभाषा सरह बोल्नेहरुको संख्या ४८.६ प्रतिशत रहेको छ । त्यस पछि धेरै संख्याले बोल्ने मैथिलीका वक्ता संख्या १२.३ प्रतिशत देखाइएको छ । भोजपुरी ७.५, थारु ५.४, तामाङ्ग ४.९, नेवार ३.७, राई किरात २.४, मगर २.३, अवधी २, लिम्बु १.४ र गुरुङ्ग १.२ प्रतिशतले मातृभाषाको रुपमा बोल्नेहरुको संख्या रहेको छ । यस अतिरिक्त अन्य अल्पसंख्यक तथा ससाना समूहहरुले बोल्ने भाषा र भाषिकाहरुको संख्या ९० भन्दा बढी रहेको तथ्याङ्क उक्त जनगणनामा उल्लेख छन् । भाषाशास्त्रको दृष्टिकोणवाट नेपालभित्र बोलिने यी भाषा भाषिकाहरुमा भोट-बर्मेली परिवारका सवभन्दा वढी र दोस्त्रोमा भारोपेली भाषाहरु छन् तर केही भाषाहरु मुण्डा र ड्राभिडियन परिवारका पनि भेटाइएका छन् । नेपाली समाजको यस प्रकारको भाषिक वहुलता भाषाशास्त्रीय तथा मानव विज्ञानको अध्ययनको कोणवाट हेर्दा निकै चाखलाग्दो पक्ष मात्र नभइ यो सिङ्गो नेपालको एउटा विशिष्ट सम्पदाको रुपमा रहँदै आएको छ ।

नेपाली समाजको अर्को आकर्षक सौन्दर्य हो यसभित्र पाइने विविधता, अत्यन्त सानो जनसंख्या रहेको मुलुक नेपालमा क्षेत्रगत, भाषागत र धार्मिक वहुलता मात्र होइन सामाजिक र साँस्कृतिक पक्षबाट पनि आ-आफ्नै भिन्न तथा मौलिक पहिचान सहितका थुप्रै समुदायहरु छन् । हिमाल, पहाड, उपत्यका र तराईको क्षेत्रगत भिन्नताले यहाँका मानिसहरु रहन सहन, भेषभूषा तथा खानपिनमा पारेको प्रभावबाट एकरुपता नरहनु स्वभाविक हो, यस अतिरिक्त समुदायगत आस्था, परम्परा, संस्कार, रितिथिति, ब्यवहार र विश्वासका कारण नेपालभित्र धार्मिक र भाषिक समूहका अतिरिक्त साँस्कृतिक, क्षेत्रगग र आदिवासी जनजातिहरुको मौलिक समूहहरु छन् । जस मध्ये वाहुन, क्षेत्री र दलित पहाडी साँस्कृतिक समूहका रुपमा पहिचान गरिएका छन् भने अर्को तिर मधेशी समुदाय जसले नेपालको जनसंख्याको ठूलो प्रतिशत ओगटेको छ । वाहुन, क्षेत्री, दलित र मधिशे भन्दा भिन्न आफ्नो स्वतन्त्र पहिचान सहितका आदिवासी जनजातिहरु श्री ५ को सरकारद्वारा गरिएको आधिकारिक सूचिकृत अनुसार कूल ५९ समुदाय यसभित्र पर्दछन् । सवभन्दा पछिल्लो जनगणना अनुसार यीनिहरुको जनसंख्या मुलुकको कूल जनसंख्याको ३७ प्रतिशत भन्दा बढी रहेको देखाइएकोछ । जस्मा १३ लाख भन्दा बढी जनसंख्या रहेका मगरदेखि मात्र १६४ जना जीवित रहेका कुसुण्डाहरुसम्म पनि छन् । अधिकांश आदिवासी जनजातिहरुका वसोवासका थलो हिमाल, पहाड र उपत्यका छन् भने निक्कै ससाना संख्याका अन्य १८ वटा आदिवासी जनजाति समुदाय तराईको निश्चित इलाकामा ससाना संख्यामा वसोवास गर्दछन् । तर, तराईवासी आदिवासी जनजाति थारु भने यसमा अपवाद छन् यीनीहरुको संख्या पछिल्लो जनगणना अनुसार पनि १२ लाखको हाराहारीमा छन् र पूर्व मोरङ्गदेखि पश्चिम कञ्चनपुरसम्मको मधेश तथा भित्रि मधेशमा छरेर रहेका छन् ।

आधुनिक नेपालको जुन वर्तमान स्वरुप छन् त्यसको निर्माणमा नेपालका सबै वर्ग, समुदाय, धर्म, भाषाभाषी तथा क्षेत्रका मानिसहरुको महत्वपूर्ण योगदान रहे । कुनै एक वर्ग, समुदाय वा ब्यक्तिको प्रयासमा नेपालले आजको आकार लिएको होइन । सबैको सामूहिक योगदानवाट नेपालको निर्माण प्रक्रिया बढदै गरेकोछ । यद्यपि, यस्मा अझै पूर्णता आउन बाँकि छ ।

## १.२ राज्यसत्ताको स्वरुप र विभेद

तर, विडम्वना यो छ, नेपालको वहुलतायुक्त यस प्रकारको पहिचानलाई राज्यले अंगिकार गर्ने काम भएन । गोरखा राज्यको विस्तार पछि निर्माण भएको नेपालको नयाँ राजनीतिक संरचनाले मुलुकको सामाजिक, धार्मिक, साँस्कृतिक र भाषिक विविधतालाई सकारात्मक अर्थमा संवोधन गर्न चाहेन । सन् १७६८ पछि विकसित नयाँ राज्य प्रणालीको मान्यता थियो 'एकताका आधार एक रुपता' । विविधतालाई विशेषताको अर्थमा होइन राष्ट्रिय एकताका वाधा र वोझको रुपमा हेरिने परम्पराको थालनि भयो । अनि राज्यको संरक्षणमा एउटा सुनियोजित अभियानको थालनि गरियो 'राष्ट्रिय एकिकरण'को नाउँमा । राज्यको दवाव र प्रभाव अनि श्रोत र साधनको आधारमा सामाजिक सम्मिलिकरण तात्कालिन सत्ताको एउटा मूलभूत अभिष्ट रह्यो । मुलुकमा प्रचलित सम्पूर्ण धर्म संस्कृतिलाई हिन्दूकरण र नेपाली समाजलाई भाषिक हिसाबले खसकरण गरिँदै लग्ने । सन् १८५४ मा जङ्गबहादुरले जारी गरेको 'मुलकी ऐन' र सन् १९०४ मा चन्द्र शंम्सेरले जारी गरेको भाषा सम्वन्धी 'सनदपत्र' यसका ज्वलन्त उदाहरणहरु हुन । 'मुलुकी ऐन' द्वारा एकातिर हिन्दू मान्यता र संहितालाई आधार वनाएर सामाजिक विभेदको औचित्यको कानूनी वकालत गर्दै मान्छेको उत्पत्ति, धर्म, वर्ण, जातको आधारमा दमन शोषण गरिनुमा संरक्षण प्रदान गरे । अर्कोतिर 'सनदपत्र'ले खस भाषा वाहेक नेपालमा मातृभाषाका रुपमा बोलिने अन्य सम्पूर्ण भाषाहरुको कानून हैषियत अन्त्य गरि तिनिहरुको प्रयोगलाई निरुत्साहित पार्ने काम राज्यस्तरबाट हुन पुगे । स्पष्ट रुपमा सत्तासिन सम्प्रदाय र वर्गका भाषा, धर्म र संस्कृतिलाई राष्ट्रिय एकताका आधार मान्दै त्यसको संरक्षण र सम्वर्द्धनमा सिङ्गो राज्य शक्तिको साधन श्रोत खनिए, ठीक यसै समय अन्य समूह र सम्प्रदायका भाषा, संस्कृति, परम्परा र धर्म विरुद्ध साम, दाम, डण्ड भेदको नीति अपनाएर पाखा लगाउँदै लगे ।

'मुलकी ऐन'द्वारा एउटै मुलुकका नागरिकहरुलाई 'मासिने जात' र 'नमासिने जात' अनि 'पानी चल्ने' र 'पानी नचल्ने', 'छोइ छिटो हाल्नु पर्ने' र 'छोइ छिटो नहाल्नु पर्ने' जात समुदायको रुपमा परिभाषि गरेर नेपाली मान्छेहरुलाई संस्कार, संस्कृति, परम्परा, पेशा र धर्म, सम्प्रदाय जात जातिका आधारमा पहिलो तथा दोस्त्रो श्रेणीमा नागरिकहरुलाई विभाजित गरेको थियो । सन् १९५० को राजनीतिक परिवर्तन पश्चात पनि यस किसिमको संस्कार र व्यवहारमा तात्विक भिन्नता देखा परेन । सन् १९६० पश्चात पादुर्भाव भएको निर्दलीय राजनीतिक पद्धतिले त राणा कालीन विभेदकारी नीति नियमलाई अपुतालीको रुपमा ग्रहण गर्दै विभेदकारी व्यवहारलाई नौलो रुपमा लागु गर्न तम्सिए । 'एक भाषा, एक भेष, एक धर्म, एक देश' को संकीर्ण तथा साम्प्रदायीक नाराहरुले यति वेला निकै प्रश्रय पाए । राज्यको व्यवहार पनि यसै अवधारणाबाट अगाडि आए ।

सन् १९९० को जन-आन्दोलन पश्चात शुरु भएको नयाँ राजनीतिक परिवेशलाई राजनीतिकवृतले 'प्रजातन्त्रको पुनर्स्थापना' को संज्ञा दिइँदै आएको त छ । सन् १९९० को नेपाल अधिराज्यको संविधानलाई यसको एउटा उल्लेखनीय प्राप्तिको रुपमा धेरैले दावी गर्ने गरेको पनि छ । तर, सार रुपमा यस नयाँ संवैधानिक प्रावधानहरुबाट पनि नेपालमा युगौंदेखि विद्यमान रहेका विभिन्न खाले जातिय विभेदहरुलाई उन्मुलन गर्न सक्ने क्षमता राख्दैनन । त्यसोत नेपालको इतिहासमा पहिलो पल्ट यस संविधानद्वारा नेपालको सामाजिक, साँस्कृतिक र भाषिक वहुलताको यथार्थलाई स्विकार गरिएको छ । र कतिपय सन्दर्भमा विशेषत भाषिक सवालका प्रावधानहरुलाई व्यवस्था गर्ने प्रयास यस संविधानभित्र नभएको होइन, तर, व्यवहारमा अझै कायम रहेका राज्यका विभेदकारी नीतिहरुले नयाँ संवैधानिक अधिकारहरुको पनि कुनै सार्थकता छैनन् भन्ने कुरा पटक पटक पुष्टि भइसकेको छ ।

यसरी सार रुपमा भन्नु पर्दा नेपालको राज्यसत्ता विगत २३५ वर्ष यतादेखि विभेदकारी रह्यो र अद्यापि त्यस किसिमको स्वरुपमा परिवर्तन आउन सकेको छैन । विभेद, उपेक्षा र दमन राज्यको प्रवृति रंहदै आएको छ, त्यो कायम नै छ । समाजरहेका वहुलता अनुसार राज्य संचालन संयन्त्रमा, निर्णय प्रक्रियामा सवै क्षेत्र र समुदायको समावेशीकरणको प्रयत्न कहिल्यै गरिएन ।

### १.३ विभेदका असर

राज्यद्वारा अपनाइएको विभेदकारी नीतिबाट सत्तारुढ समुदायका धर्म, संस्कृति, परम्परा र भाषाको संरक्षण तथा सम्वर्द्धनमा प्रत्यक्ष केही टेवा पुऱ्याइएको भएता पनि यसले अन्ततः नेपालका अधिकाशं जाति अनि उनीहरुका धर्म, संस्कृति, परम्परा र भाषालाई ज्यादै ठूलो नकरात्मक असर पारे । जनसंख्यको ठूलो हिस्सालाई राज्यप्रवाहबाट सीमान्तकृत पार्दै लगे । बहिष्करणका कारण समाजमा राजनीतिक, शैक्षिक, आर्थिक, सामाजिक र अन्य दृष्टिकोणबाट नेपाली नेपालीहरु बीच एउटा डरलाग्दो भिन्नताको खाडल श्रृजना गर्दै लगेको छ । जसले गर्दा समाजमा अप्रत्याशित ढङ्गबाट द्वन्दको अवस्थालाई चर्काएर त्यसलाई हिंसात्मक रुपसम्म पुऱ्याउने स्थिति जन्माइ दिए । वास्तवमा राज्यस्तरबाट चलाइएको सम्मिलिकरणको अभियानले कालान्तरमा गैरहिन्दू सम्प्रदाय तथा गैरखस र गैरनेपाली भाषाभाषीहरुका लागि स्वपहिचानको डरलाग्दो संकट निम्त्याइ दिएको छ । निरन्तर रुपमा जारी रहेको यस किसिमको राज्यको प्रवृतिका कारण विशेषतः आदिवासी जनजातिहरुलाई आ-आफ्नो मौलिक अस्तित्व रक्षाका लागि चूनौतिपूर्ण घडिमा ल्याइपुऱ्याएको छ ।

राज्यको चरित्रमा लामो समयसम्म कायम रहेको वहिष्करणको प्रवृति र विभेदकारी नीतिका कारण १९९० को राजनीतिक परिवर्तन पश्चात पनि शासन प्रणाली ( न्यायपालिका, संवैधानिक निकाय, मन्त्री परिषद्, प्रशासन सेवा, विधायीका, राजनीतिक दल, स्थानीय निकाय, उद्योग वाणिज्य, शैक्षिक क्षेत्र, विज्ञान प्रविधि तथा नागरिक समाजको नेतृत्व तह) मा नेवार वाहेक अन्य आदिवासी जनजातिहरुको उपस्थिति मात्र ७.१ प्रतिशतमा सीमित छ । तर, वाहुन क्षेत्रीहरुको वचर्श्व भने यस क्षेत्रमा ६६.३ प्रतिशत कायम छ । मधेशी समुदायको स्थिति ११.१ प्रतिशतमा छ भने दलित समुदायको अवस्था केवल ०.३ प्रतिशत मात्र देखिन्छ ।

कूल वार्षिक औसत आयको दृष्टिकोणबाट पनि पहाडीया आदिवासी जनजातिहरुको रु. १८,७९२.८८ र तराईका आदिवासी जनजातिहरुको १२,४६६.४९ देखिएको छ भने पहाडीया बाहुन क्षेत्रीको २४,४२७.४१ र तराईका बाहुन क्षेत्रीको २४,३७०.२१ पाइएको छ । दलित समुदायको औसत आय तल्लो स्तरमा छ र उनिहरुको आय १२,०००.०० भन्दा माथी पुगेको देखिन्दैन । शहर केन्द्रीत आदिवासी नेवार समुदाय भने तुलनात्मक रुपमा आर्थिक दृष्टिकोणबाट सक्षम र उनीहरुको बार्षिक औसत आय ३८,१९२.९० सम्म रहेको देखिन्छ ।

सामान्यतया चेतनाको आधारशिला शिक्षा नै हो तर, साक्षरताको दृष्टिकोणबाट ५० समुदायको कूल जनसंख्याको प्रतिशत भन्दा माथी पुग्न सकेका आदिवासी जनजाति समुदाय केवल थकाली (६२.२%) व नेवाः (६०.४%) मात्र देखिन्छ । यद्यपिं, नेपालको राष्ट्रिय साक्षरता दर ३९ % मात्र हो, तर सिङ्गो आदिवासी/जनजाति समुदायको स्थितिको मूल्याङ्कन गरिंदा राष्ट्रिय साक्षरता दर भन्दा पनि तल रहेका सुनुवार (३७.८%), राजवंशी (३७.७%), दराई (३६.५%), गनगाई (३५.९%), शेर्पा (३५.६ %), जिरेल (३२.७%), भोटे (३१.०%), कुमाल (३०.०%), तामाङ्ग (२७.८%), थारु (२७.७%), राउटे (२५.५%), दनुवार (२४.५%), धानुक (२२.८%), थामी (२२.३%), माझी (२२.२%), राजी (२१.२%), बोटे (२१.२%) र चेपाङ्ग (१३.९%) छन् । यद्यपि, यस सर्भेक्षणमा कुसुण्डा, ह्योल्मो, वालुङ, हायु, ब्यासी, किसान, मेचे, दुरा, बरामु, वोटे, छन्त्याल, पहरी, ताजपुरिया, झांगर, सत्तार आदि समुदायको साक्षरताया स्थिति समावेश हुन सकेको छैन ।

राज्यद्वारा अपनाउँदै आएको विभेदकारी व्यवहार र सम्मिलिकरणको नीतिको सबभन्दा डरलाग्दो असर नेपालका विभिन्न भाषाभाषीहरुमाथी पारेको छ । आ-आ-आफ्नो मातृभाषाको माध्यमबाट औपचारिक शिक्षा हासिल गर्न नसक्ने र प्रशासनिक क्षेत्रमा तीनिहरुको आधिकारिक प्रयोगमा निषेध गरिएकोले स्वभावत गैरनेपाली भाषाहरुको प्रयोगको क्षेत्र संकुचनमा पर्दै गए । यसले समाजमा पुऱ्याइएको एक प्रकारको मनोवैज्ञानिक सन्देशले समुदायभित्र विस्तार विस्तारै भाषिक विचलनको प्रवृतिलाई प्रवल गर्दै लगेको छ । यो क्रमलाई रोक्ने प्रभावकारी कदमहरु समयमा चाल्न नसकिए नेपालका धैरै जसो ससाना भाषा भाषिकाहरुको वक्ताका संख्या निकट भविष्यमै शून्य अवस्थामा पुग्न सक्नेछ । कुसुण्डाको स्थिति यस्तै छ, आज यो भाषा वोल्न सक्ने केवल एक्लो मान्छे जीवीत छन्, दराई भाषाको स्थिति पनि भिन्न छैन । आदिवासी जनजातिहरुको मौलिक पहिचानको मूल आधारनै भाषा हो, तर अहिले आएर राज्यको गलत नीति र विभेदका

कारण भाषाको अस्तित्व लोप हुँदै जांदा स्वंय आदिवासी जनजातिरुको स्वपहिचान भविष्यमा रहने वा नरहने प्रश्न खडा भएकोछ ।

सन २००१ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार आदिवासी समुदायभित्र मातृभाषा विचलन कुमाल समुदायमा ९३.४% प्रतिशत पुगेको छ । कुमाल भाषा मातृभाषाको रुपमा बोल्नेहरु हाल उक्त समुदायको कूल जनसंख्याको ६.६% मात्र बाँकि छन् । त्यसरी नै भाषा विचलनको स्थिति माझी ७६.४%, मगर ५२.५%, थकाली ५०.४%, दनुवार ४०.२%, गुरुङ्ग ३७.६%, नेवार ३३.७%, दराई ३१.३%, चेपाङ्ग २९.५, शेर्पा २२.४%, राई किराती २१.७ %, धामी १७.४%, थारु १३.२%, धिमाल ११.४%, तामाङ्ग ८%, जिरेल ७.५% र लिम्बुको ७.१% देखिएको छ ।

गोरखा राज्यको विस्तारसंगै पूर्ववर्ती स्थानीय शासनको रुपरेखामा मात्र परिवर्तन आएन स्थानीय रुपमा समुदायको नियन्त्रणमा रहेका भूमिमाथीको स्वामित्वको स्वरुपमा फेरवदल भए । विजित जातिका तर्फबाट अधिराज्यका अधिकांश खेतीयोग्य अव्वल जमिनहरुलाई हुकुम प्रमाङ्गीका आधारमा आ-आफ्नो विर्ताका रुपमा दर्ता गराए । तराईका मौजा, पूर्वी खम्बुवान लिम्बुवानका किपट र उपत्यकका गुठि आयस्ताका जग्गा-जमिन वलपूर्वक हडप्ने काम भए । राणा शासनकालमा बक्सिसको नाउँमा यो क्रमलाई अन्धाधुन्धसंग बढे । निर्दलीय ब्यवस्था अन्तर्गत कथित भूमिसुधारको नाउँमा समुदायको नाउँमा रहेका जग्गा, वन, जङ्गल, खर्क र चरन क्षेत्रहरुबाट आदिवासी जनजातिहरुलाई कानूनी रुपमा विस्थापित गरिने कामको थालनि भए । यस्तै राज्य प्रश्रयबाट हुने गरेको आन्तरिक वसाई सराईका कारण अधिकांश क्षेत्रहरुका मूलवासीहरु आ-आफ्नो भूभागमा अल्पमतमा पारेर नेपालको ऐतिहासिक कालदेखि कायम रहेका मौलिक सामाजिक संरचनालाई विगार्ने क्रम पनि जारी रहे ।

सत्ता संरचना र त्यसको संचालनलाई केही अभिजात्य वर्ग माझ मात्र सीमित गरिकन शक्तिलाई अत्याधिक केन्द्रीकृत गरिनु पर्दछ भन्ने मान्यताले एकातिर शक्ति सन्तुलनता कायम रहेन भने अर्को तिर शासन पद्धतिलाई विकेन्द्रीत ढङ्गले विकास गर्न पनि सकेन । यसै अनुरुप आर्थिक गतिविधि र विकासका प्रयासहरुले पनि आशातित सफलता हासिल गरेन । श्रोत परिचालन तथा वितरणमा असन्तुलन देखिनु स्वभाविक थियो । त्यसले गर्दा केन्द्रीकृत सत्ता सदैव आलोचना र आक्रमणको थलो मात्र बनेन ब्यवहारिक रुपमा स्वप्रतिरक्षाका लागि समेत भार वहनमा एकांगिपनाका अवस्था रह्यो ।

नागरिकहरुको वहुसंख्यक हिस्सालाई राज्य संचालनको प्रक्रियामा सहभागी हुनबाट विविध प्रक्रियाबाट वञ्चित गरिएका कारण उनीहरु राज्य प्रवाहमा समाहित हुन नसकेको अवस्था त छँदै छ, यस अतिरिक्त नेपाल अधिराज्य आफ्नो मातृभूमि भए पनि राज्यलाई आफ्नो भन्ने अनुभव गर्ने अवसर उनीहरुलाई कहिल्यै प्राप्त भएन । राज्य प्रणालीमा यसरी अधिकाशं जन समुदायले अपनत्व देखाउने आधारहरु भेटाउन नसक्दा विगत २३५ वर्ष यतादेखि आजसम्मको कुनै पनि सत्ताले वलियो जनआधार बनाउन सकेन । सत्ता केवल मुट्ठीभर व्यक्तिहरुको पहुंचको क्षेत्र बन्दै आए । १९५० को राजनीतिक परिवर्तन र १९९० को जनआन्दोलन पश्चात पनि यस स्थितिमा तात्वि परिर्वन आउन सकेन । तसर्थ, ऐतिहासिक क्रममा अत्यन्त शक्तिशाली भनाउँदा शासकहरु पनि यस किसिमले जनआधार विहिन ठहरिएकाले पटक पटक दरवारिया षडयन्त्र र भाईभारदारहरुको कुटिल चालले वालुवा घर जस्तै धराशायी बन्न विवश देखिए । जुन क्रम नेपालको राजनीतिक परिदृश्यमा अझसम्म रोकिएको छैन । राजनीतिक अस्थीरता नेपालको अढाई सय वर्षको इतिहासको एउटा पाटो नै बनिसकेको छ । अनि यीनै कमजोर धरातलमा नेपाली राष्ट्रियता पनि तरलीकृत वन्दै गएको महशुस हुन्छ । संभवत् जनताको सही प्रतिनिधित्व र सहभागिता विहिन राज्य प्रणालीको नियति सदैव यस्तै हुंदो हो ।

वर्ण, लिङ्ग, धर्म, संस्कृति, भाषा र भेषका आधारमा नेपाली नेपालीबीच ठूलो र सानो, विशिष्ट र निकृष्टको भेदभावपूर्ण ब्यवहारलाई कानूनी संरक्षण दिएर एउटै मुलुकको नागरिक मध्ये कसैलाई दलित वा अछुत, मतुवाली र म्लेच्छका रुपमा उभ्याउने राज्य पद्धतिका कारण सिङ्गो समाजमा चेतन र अचेतन रुपमा

एउटा पूर्वाग्रहित मानसिकतालाई प्रश्रय दिने काम गरेको छ । यस किसिमका आग्रहपूर्ण मनोग्रन्थीले सामाजिक विभेद र विभाजनलाई अझै औचित्यपूर्ण ठान्ने संस्कारको प्रवलता देखिन्छ । यसबाट श्रृजना हुने विद्वेष र घृणाका भावले सामाजिक सदभाव र एकतालाई सदैव कमजोर पार्ने काम गरेकोछ । अझ पछिल्लो कालखण्डसम्म आइपुग्दा यस प्रकारको सामाजिक विभेद र वितृष्णाले सामाजिक र राजनीतिक द्वन्दलाई चर्काएर त्यसलाई हिंसात्मक विद्रोहको चरणसम्म पुऱ्याउनमा जलमल थप्ने काम गरे ।

१.४ समस्याको श्रोत

नेपालको सामाजिक वहुलतालाई राज्य प्रणालीमा सही रुपमा प्रतिविम्बित गरीकन त्यसलाई शक्तिको रुपमा रुपान्तरित गर्दै राष्ट्रिय एकतालाई मजवूत बनाउनु पर्दछ भन्ने मान्यताबाट राज्यसत्ता विमुख हुँदै आउनु नै समस्याको मूल जरो हो । राज्यलाई हिन्दू वर्णवादी सोच अनुरुप संचालन गर्दै साम्प्रदायीक र संकीर्ण मान्यता अनुसार घोषित र अघोषित रुपमा राज्यको निर्देशक सिद्धान्त बनाउँदै आउनु सबै समस्याका आधारभूत श्रोत हुन । जङ्गबहादुरको 'मुलकी ऐन' देखि 'हिन्दू अधिराज्य' र 'नेपाली राष्ट्र भाषा' को दर्जा दिइएको वर्तमान संविधानसम्ममा यस प्रकारका समस्याका श्रोतहरु अन्तरनिहित छन् ।

मूल कानून मानिएको संविधान आफैमा समतामूलक र समावेशी मान्यता अनुसार निर्माण हुन नसकेका कारण त्यसबाट निश्रित यावत अधिकार तथा अन्य ऐन कानून पनि सोही अनुरुप वहुल साँस्कृतिक समाज सुहाउँदो रहेन । नेपाली कानूनी प्रावधानहरुबाट जसरी हिन्दू धर्म, संस्कृति र नेपाली भाषा तथा त्यसलाई अपनाउने समुदायहरुका लागि संरक्षणका विशेष व्यवस्थाहरु गरिएका छन् त्यसरीनै अर्कोतिर गैरहिन्दू धर्म, संस्कृति र गैरनेपाली भाषाभाषी समुदायका नागरिकहरुलाई विभिन्न खाले अधिकार उपभोग गर्नबाट निषेध गरिएको छ । मानवअधिकारसम्बन्धी विश्वब्यापी मान्यता र प्रचलन अनुसार समानताका आधारभूत अधिकार विना भेदभाव कानूनी र रुपमा गर्न सक्ने अवस्था राज्यले श्रृजना गरेको छैन । तसर्थ आजसम्म कायम हुंदै आएका सबै प्रकारका वहिष्करण र विभेदका श्रोत राज्य तथा त्यसका पृष्टपोषक राज्यलाई संचालन गर्दै आइरहेका वर्ग र समुदाय हुन ।

सामान्य संवैधानिक ब्यवस्था अन्तर्गत नेपली नागरिकको हैषियतले सबै वालिग नेपालीलाई मत दिने र निर्वाचित हुन पाउने अधिकारको ग्यारेण्टि गरिएता पनि सामाजिक र साँस्कृतिक वहुलता अनुसार आ-आफ्नो विशिष्ट सामाजिक पहिचानका आधारमा प्रतिनिधित्व गर्ने वा प्रतिनिधि चयन गर्ने आधारभूत नागरिक अधिकारबाट वञ्चित गरिएका कारण उनीहरुलाई आफ्नो लागि आफैले शासनसत्ता संचालन गर्ने प्रक्रियामा संलग्न हुन दिइएको छैनन् । त्यसै गरी जनताले जनताबाट जनतालाई शासन गर्ने जुन प्रजातान्त्रिक मौलिक अधिकार हो सो अनुसार आ-आफ्नो भिन्न पहिचान भएका समुदाय, जातिका नागरिकहरुलाई आफ्नो वाहुल्यता भएको र आफ्नो आदिभूमिमा स्वशासन गर्न पाउने संरचनागत आधार पनि संयोजन गरिएको छैन । यस अर्थमा प्रतिनिधिको छनौट प्रक्रियादेखि वर्तमान राज्य संरचनाको स्थितिबाट समेत विशेषत आदिवासी जनजाति समुदायलाई नागरिक सरहको अधिकार प्रत्याभूत गर्ने काम यो राज्य प्रणालीमा हुन सकेको छैन ।

प्रजातन्त्रको सामान्य मान्यता अनुसार प्रत्येक जनताले पाउनु पर्ने आधारभूत अधिकार भनेको सहभागिता, प्रतिनिधित्व, नीति निर्माणको अधिकार तथा श्रोतमाथीको समान पहुंच हुन । तर, वर्तमान राज्यसत्ताको निर्माणकालको शुरुदेखि आजसम्म आदिवासी जनजातिहरुका लागि यी कुनै पनि अधिकार उपभोग गर्न पाउने संवैधानिक, कानून प्रावधान निर्माण गरिएको छैन । सम्पूर्ण समस्याका श्रोत वर्तमान संवैधानिक वनौट र राज्यको संरचना नै हुन ।

१.५ समाधानका उपाय

सांस्कृतिक विशिष्टताको नाउँमा आफुलाई सर्वोपरी ठान्ने, शक्तिको आडमा डण्डविहिनताको चाहना राख्ने, वहुमतको आधारमा जे सुकै गर्न पाउने अधिकारको दावी गर्ने, आदि कुनै मान्यतामा वैज्ञानिक आधार

छैन । मानिस मानिसबीच वर्ण, रङ्ग, धर्म, भाषा, जाति, उत्पत्तिका आधारमा कोही उच्च र निच भन्ने कुरा सर्वथा मानवता विरोधी औतित्यहिन तर्कहरु हुन । समानता, न्याय र प्रजातन्त्र आधुनिक विश्वको आधारभूत मान्यता हुन । मानवीय समाजमा शान्ति र सदभाव तथा ऐक्यवद्धताको भावना बलबाट होइन समतामूलक व्यवहारबाट मात्र सभव छ भन्ने कुरा आजसम्मको अनुभवले पुष्टि गरिसकेको कुरा हुन । विभेद र दमनले केवल प्रतिशोध र द्वन्दको स्थितिलाई मात्र निम्त्याउँ छ । वहिष्करण र निषेधका व्यवहारले समाजमा विभाजनलाई वढाएर सामाजिकि एकताको स्थितिलाई क्षत विक्षत पार्दछ ।

कमजोर नेपाली राष्ट्रियता र विखण्डित राजनीतिक तथा सामाजिक अवस्था त्यसको सही उपचार अहिलेको टडकारो आवश्यकता हो । तर, यसका लागि प्रभावकारी विधि के हुन सक्ला ?

स्वभाविक हो, राज्यलाई सबै वर्ग, समुदाय र क्षेत्रका नागरिकहरुको साझा आकांक्षाको प्रतिरुप सरह निमार्ण गरिनु त्यसको लागि आधारभूत आवश्यकता हुन् । सवै तह, तप्का, जात, जाति, धर्म, संस्कृति, भाषा, भेष र क्षेत्रका नेपालीहरु निर्वाधसंग राज्य संचालन प्रक्रियामा सहभागि हुन पाउने, प्रतिनिधित्व गर्न पाउने तथा आफ्नो लागि आफैले शासनसत्ताको वागडोर ठाम्न पाउने वैधानिक अवसर न्यूनतम यस्का आधारहरु हुन् । तसर्थ, सर्वप्रथम विद्यमान यावत त्यस्ता संवैधानिक तथा कानून प्रावधानहरु निलम्बन हुनु पर्दछ जसबाट नेपाली नेपालीबीच वर्ण, लिङ्ग, धर्म, जात,जाति, भाषा, भेष, क्षेत्र आदिका आधारमा समानताका अधिकार उपभोग गर्न वञ्चित तुल्याइएका छन् । त्यसै गरी नेपालको वहुलतायुक्त सामाजिक संरचना अनुसार सबै समुदायको नीति निर्माण तहसम्म समानुपातिक प्रतिनिधित्व हुन सक्ने व्यवस्थाका लागि अनुकुल छनौट प्रक्रिया र राज्य संरचनाको पुनर्व्यवस्थापन अनिवार्य हुन आँउछ । स्वभाविक अर्थमा यी सबै पक्षका संभावनाका लागि वर्तमान संवैधानिक प्रावधानमा आमूल परिवर्तन वा नयाँ संविधानको निर्माण एक मात्र विकल्प हुन ।

## परिच्छेद - २

### २.१ राज्य पुनःसंरचना र राष्ट्रिय वहश

नेपालमा राज्य पुनर्संरचना वहसको विषय बनेको छ । यस वहसमा संस्था तथा बुद्धिजीविहरुको सहभागिता दिन प्रति दिन बढदै गइरहेको छ । यसता वहसमा सहभागि संस्था र विद्वानहरुको एकात्मक र केन्द्रीकृत शासन प्रणाली बहुसांस्कृतिक समाजमा अनपयुक्त रहेको र राज्यको पुर्नसंरचना गरिनु पर्ने विषयमा समान धारणा पाइन्छ । तर, राज्य पुनर्संरचनाको अवधारणामा भने विविधता पाइन्छ । उनीहरुको प्रस्तावित अवधारणाहरुलाई प्रस्तावमा निहित विशेपताहरुको आधारमा मुख्य गरी तिन समूहमा विभाजन गर्न सकिन्छ । पहिलो, संघात्मक राज्य, जातिय स्वशासन र क्षेत्रीय वा प्रादेशिक स्वायत्तता ।

यी तिनै प्रकारका प्रस्तावित अवधारणाहरुले एकात्मक शासन प्रणालीको कारणले बहिष्करणमा पारिएको नेपालको भाषिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय विविधतालाई समावेशीकरण गर्न अपनाउनु पर्ने उपायहरु प्रस्तुत गरेका छन् । यी विविधतालाई समेट्न के कस्तो संरचना तथा प्रक्रियाहरु राज्य पुर्नसंरचनाको प्रस्तावित अवधारणामा छन् ? यी सवालहरुमा आदिवासी जनजातिहरुका सवालहरु कतिको सान्दर्भिकताका साथ अभिव्यक्त गरिएका छन् ।

मुख्यतः प्रदेशहरुको विभाजन, केन्द्र र प्रदेशहरुबीचको अधिकार क्षेत्र, प्रदेश र प्रदेश अन्तर्गतका निकायहरुको अधिकार, प्रतिनिधित्व, प्रतिनिधित्वका लागि आरक्षण, अल्पसंख्यक अधिकार, भाषा, धर्म, संस्कृति, भूमि तथा प्राकृतिक श्रोत सम्बन्धी अधिकार, र आत्मनिर्णयको अधिकारहरु राज्य पुनर्संरचनाको सन्दर्भमा आदिवासी जनजातिहरुको प्रत्यक्ष सरोकारका सवालहरु हुन् । यी सवालहरुलाई उपयक्त ढंगले सम्बोधन गर्नका लागि आदिवासी जनजातिहरुले पनि राज्य पुनुर्संरचनामा आफनो दृष्टिकोण प्रस्तुत गर्न वाञ्छनिय हुन्छ । आफ्नो दृष्टिकोण राख्नका लागि राज्य पुनर्संरचनामा उठेका बहसहरुमा अभिव्यक्त विचारहरु छलफलका लागि यहाँ प्रस्तुत गर्न सान्दर्भिक हुन्छ । साथै, राज्य पुनर्संरचनाको बसह केवल वहसका लागि मात्र होइन । राज्य पुर्नसरचनाको वहसलाई व्यवहारमा उतार्न पनि आवश्यक हुन्छ । यस विषयलाई ध्यान दिदैं बहसका सहभागिहरुले प्रक्रियाका बारेमा पनि रायहरु व्यक्त गरेका छन् - बहसका क्रममा । यसता प्रक्रियाको बारेमा पनि भिन्न भिन्न धारणाहरु अभिव्यक्त भएका छन् । तिनलाई पनि छलफलमा प्रस्तुत गरिएको छ ।

### २.२ . संघात्मक राज्य संरचना

एकात्मकताको विकल्पमा संघात्मकता, सत्ता र अधिकार केन्द्रीकरणको ठाउँमा विकेन्द्रीकरण र जातीय स्वायत्ततालाई प्रमुखता दिइएका राज्य पुनर्संरचनाका बहसमा प्रस्तुत अवधारणाहरुलाई संघात्मक राज्य संरचनामा राखिएको छ । झट्ट हेर्दा केन्द्रीकरण र एकात्मकताको विकल्पमा प्रस्तावित अवधारणाहरु संघीय प्रकृतिका देखिन्छन् । तर यसलाई संघात्मक राज्य संरचना वा अन्य के हो भन्नका लागि आधारभूतरुपमा 'जातीय स्वायत्तता' लाई आधार लिएर निर्क्यौल गर्न सकिन्छ । (नोटः यसमा छलफल गर्नु पर्ने र सैद्धान्तीक अवधारणाहरु पनि समावेश गर्न सकिन्छ)

संघात्मक राज्य संरचनाको पक्षमा गोविन्द न्यौपाने, कृष्ण भट्टचन, महेन्द्र लावती, भवानी बराल र कृष्ण खनालहरुले आ-आफ्नो आवधारणाहरु छलफल तथा बहसका लागि प्रस्तुत गरेका छन् । उनीहरुले प्रस्तुत गरेका अवधारणाहरुमा संघात्मक राज्यको संरचनाको बारेमा समान मतहरु पाइन्छ । तर तिनमा अन्तरनिहित विषयवस्तुहरुमा भने विभिन्नता रहेको छ ।

गोविन्द न्यौपानेले नेपालमा विद्यमान जातिय समस्याको समाधान सामान्य ढंगले गर्न नसकिने मान्यता राख्नु हुन्छ । उनले यस समस्या समाधानको मुख्य चुरो नै 'सत्ता साझेदारी' लाई मँनेका छन् । यसका लागि उनले नेपाललाई प्रदेशहरुमा विभाजन गर्ने र जातीय स्वायत्तताको आधारमा संघात्मक व्यवस्था स्थापना गर्नु उपयुक्त हुने बताएका छन् । उनले "जातीय समानता, सामाजिक न्याय र समान विकास अवसरका लागि मात्र होइन नेपालको भावी सम्वृद्धि र समुन्नतिका लागि पनि नेपाललाई प्रदेशहरुमा विभाजित गर्नु र जातीय स्वायत्तताका आधारमा संघात्मक व्यवस्थाको स्थापना गर्नु आवश्यक र उपयुक्त हुन्छ । यसले जन आकांक्षालाई व्यावहारिक रुपमा अभिव्यक्ति दिनेछ, व्यवस्थापनलाई सरल तथा पारदर्शी बनाउन मद्दत गर्नेछ र जातीय साझेदारीलाई बढाउने छ " भनेका छन् (न्यौपाने, २०००:१३९) ।

कृष्ण भट्टचनले "नेपाल भौगोलिक दृष्टिकोणले सानो भएता पनि सामाजिक सांस्कृतिक विविधताले ठूलो छ । यस आधारमा पनि नेपालमा संघीय शासन सम्भव हुन्छ । स्वायत्त राष्ट्र (जाति) र क्षेत्र संघीय शासनको मेरुदण्ड हुन् । यसता क्षेत्रहरुको आफ्नै संविधान, व्यवस्थापीका, कार्यपालिका र न्यायपालिकाको साथै तिनलाई कार्यान्वयन गर्ने आफ्नै कानुन र संघीय कानुन समेत हुनु पर्छ ।" भनेका छन् ( द्यजबततवअजबल, द्द्ययघ) ।

भवानी बरालले "नेपालको राज्य संघीय ढाँचामा लैजानु पर्नेमा यथेष्ठ जनमत छ ।...तर, संघीय संरचनामा कसरी जाने, कसतो संघ बनाउने, संघको व्यवस्थापन, साधन-श्रोत, भूगोलको विभाजन आदि विपयहरु अनुत्तरित हुनुहुन्न । जनतालाई सार्वभौम निर्णय गर्न दिनु पर्छ । तलबाट संघको संरचना गरिनु पर्छ, माथिबाट थोपर्नु हुन्न ।" भनेका छन् (बराल, २०६१:५८) ।

गोविन्द न्यौपाने, कृष्ण भट्टचन, भवानी वराल, महेन्द्र लावतीहरुको संघात्मक राज्य संरचनाको आवश्यकता र प्रभावकारिताको विषयमा कृष्ण खनालको मत समान नै रहेको छ । कृष्ण खनालले "संघीय राज्य संरचनाका लागि नेपाल न साह्रै सानो छ नत कमजोर नै । जातीय, भाषिक एवं सांस्कृतिक निकटताको आधारमा क्षेत्रीय वा संघीय शासनका एकाइहरुको गठन नेपालको लागि उपयुक्त हुन सक्दछ । राष्ट्रिय श्रोतको अधिकतम परिचालनमा आन्तरिक प्रतिस्पर्धा वृद्धि गर्ने यो राम्रो उपाय पनि हो ।" भनेका छन् ( खनाल, २०६१:१९) । तथापि, उनले संघात्मक राज्य संरचनामा भन्दा प्रतिनिधित्वका सवालमा जोड दिएका छन् ।

## २.३ प्रदेशहरुको विभाजन

संघीय संरचनाको मुख्य आधार नै स्वायत्त प्रदेशहरु हो । वर्तमान एकात्मक प्रणालीबाट संघात्मक संरचनामा राज्य संरचनालाई परिवर्तन गर्न प्रदेश विभाजनको आधारहरुको धेरै महत्व हुन्छ । त्यसैले प्रदेश विभाजनमा प्रस्तावित आवधारणाहरुको मत के कस्ता छन् ध्यान दिन आवश्यक हुन्छ ।

महेन्द्र लावतीले स्वायत्त प्रदेशहरुको विभाजन निर्धारणका लागि निम्न तिन कुराहरुलाई आधारको रुपमा लिन प्रस्ताव गरेका छन :

१. जात/जाति : यस आधारलाई ५९ आदिवासी जनजाति, पहाडे हिन्दू उच्च जात, मधेशी जात समूह र दलितमा लागु गर्न सकिन्छ ।

२. भाषीक : यो मापदण्ड आदिवासी जनजाति समूहले नसमेटिने आदिवासी जनजाति समूहहरुमा ( जस्तैः राई भित्रका भाषिक समूहहरु), हिन्दू, मधेशी र मुस्लिमहरुमा लागु गर्न सकिन्छ ।

३. लैङ्गिकः लैङ्गिक अधिकार र सवालहरुको संरक्षण र प्रवर्द्धनको लागि महिला आयोगले ध्यान दिनु पर्दछ । महिला आयोगले जनजाति र जात समूहका महिलाहरुबीचको द्वन्द्व ९ऋजभिबखबनभ० रहेको कुरालाई मान्यता दिनु पर्दछ ।

महेन्द्र लावतीले जनजाति/जात र भाषिक स्वायत्तता मार्फत देशमा रहेका धार्मिक समुदायहरुको अधिकारलाई सम्बोधन गर्ने भएकोले धर्मको आधारमा स्वायत्तता दिनु उचित नहुने तर्क प्रस्तुत गरेका छन् ( लावती, २००५:२५३) ।

महेन्द्र लावतीका अनुसार प्रदेशबाट छुट्टिएर वा मिलेर नयाँ प्रदेश निर्माण गर्ने प्रक्रियालाई सम्वन्धित समुदायहरुको अधिकारको रुपमा स्थापित गर्नु पर्दछ । उनले यसको पाँचवटा फाइदाहरु प्रस्तुत गरेका छन् । पहिलो, छुट्टै प्रदेशका लागि नछुट्टिउन भनेर प्रदेश भित्रका अल्पसंख्यकहरुलाई वाहुल्यता भएका समूहले राम्रो व्यवहार गर्नेछन् । दोश्रो, अल्पसंख्यक र वहुसंख्यक समुदायहरुको लागि कामहरु इच्छा विपरित भएमा नयाँ छुट्टै प्रदेश निर्माण गर्न उनीहरुले पाउछन् । यसले आत्मनिर्णयको अधिकारलाई वढाउँछ । तेश्रो, यसले भावि पुस्ताको अधिकारलाई मनन गर्दछ र भावि पुस्ताले आफ्नै छुट्टै पहिचानका साथ प्रदेश निर्माण गर्ने चाहानालाई यस प्रावधान अनुसार पुरा गर्न सक्छन् । चौथो, यस प्रावधानले राजनैतिक हिंसालाई रोक्छ । पाँचौ, यस प्रावधानले सिद्धान्ततः ठूलो प्रदेश निर्माण गर्न मिल्छ । अहिलेको विश्वव्यापिकरणबवाट समुदाय र प्रदेशहरुले उनीहरुको संस्कृति र अधिकारहरु सुनिश्चित गराउन महसुस गर्छन र उनीहरुबीच विश्वासमा वृद्धि हुन्छ जसले गर्दा ठूलो प्रदेश निर्माण गर्न वा निश्चित क्षेत्रहरु जस्तैः बजार निर्माण गर्न, संचारको क्षेत्रीय वितरण, यातायात आदिमा बींष्विलअभ निर्माण गर्न सक्छन् ।

महेन्द्र लावतीले नयाँ प्रदेश निर्माणको अधिकारलाई ऋबकअबमभ रुभअजबलष्क बाट कार्यान्वयन गर्न सकिन्छ भनेका छन् । यस प्रक्रियाले आत्मनिर्णयको अधिकारको सिद्धान्तलाई अनुसरण (ँर्यायिध) गर्दछ । यस प्रक्रिया अनुसार, पहिलो, त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुलाई उनीहरु छुट्टै प्रदेश निर्माण गर्न चाहान्छौ भनेर प्रश्न गरिन्छ । यदी उत्तर 'हो' भन्ने आयो भने त्यस क्षेत्रका मतदाताहरु मध्ये पाँच भागको एक भागले नयाँ प्रदेशमा सहभागि हुने वा पुरानैमा बस्ने ? भन्ने माग गर्न सक्छन् (लावती, २००५, २४७-२४९) ।

महेन्द्र लावतीले राज्यको पूर्नसंचनामा क्षेत्रीय संघात्मक प्रणाली, गैर क्षेत्रिय संघात्मक प्रणाली र उप स्वयताको अवधारण अगाडी सारेका छन् । ति अवधारणा मध्ये कुन उपयुक्त हुन्छ भन्ने विषय सम्वन्धित जातिको आत्मनिर्णयको अधिकार भएकोले त्यसको निर्णय गर्ने अधिकार उनीहरुलाई सुम्पनु पर्ने कुरामा जोड दिएका छन् । तथापि, परम्परागत क्षेत्र भएको जातिहरुले क्षेत्रिय संघात्मक, बहुसंख्या एवं धेरै क्षेत्रमा बसोबास गर्ने जात/जातिहरुलाई गैर क्षेत्रीय संघात्मक प्रणाली (त्यल(तभचचष्तयचष्बा ँभमभचबष्कि० र कम घना बसोबास भएका जातिहरुलाई उपस्वायत्तताबाट फाइदा हुन सक्छ भन्ने उनको मत रहेको छ । यस अनुसार उनले निम्नानुसार संरचनाको प्रस्ताव गरेका छन्:

१. क्षेत्रीय प्रदेश निर्माण गर्ने समूहहरुः

(क) लिम्वू
(ख) खम्बू (राई)
(ग) तामाङ
(घ) नेवार
(ङ) थारु
(च) मगर
(छ) गरुङ
(ज) शेर्पा
(झ) मैथिली
(ञ) अवधी
(ट) भोजपुरी
(ठ) मुस्लिम
(ड) खस
(ढ) थकाली
(ण) भोटे
(त) सुनुवार
(थ) अन्य

२. गैर क्षेत्रीय प्रदेशहरु
(क) महिला
(ख) दलित
(ग) मेचे
(घ) धिमाल
(ङ) चेपाङ
(च) घर्ती / भूजेल
(छ) थामी
(ज) याक्खा
(झ) कुमाल
(ञ) माझि
(ट) अन्य

३. उप-स्वायत्तता र विषेश अवसरबाट फाइदा लिने समूह
(क) राउटे
(ख) मेचे
(ग) कोचे
(घ) किसान
(ङ) वालुङ
(च) कुसुण्डा
(छ) हेल्मो
(ज) हायु
(झ) अन्य
(Lawoti, 2005: 254)

गोविन्द न्यौपाने संघिय संरचनाका लागि चारवटा पक्षहरुलाई आधार लिएका छन् । ति आधारहरु हुन:

१. ऐतिहासिक पृष्ठभूमि (विभिन्न जातिको पूर्ख्यौली भूमि वा मूलथलो),
२. भौगोलिक सम्भाव्यता,
३. भाषिक स्थिति र
४. जातीय उपस्थिति

यि माथि उल्लेखित मापदण्डहरुको आधारमा निम्न प्रादेशिक संरचनाहरुको प्रस्ताव गौविन्द न्यौपानेले गरेका छन् :

| | | |
|---|---|---|
| १. किरात प्रदेश | २. विजयपुर | ३. मिथिला |
| ४. ताम्बासालिङ | ५. नेपा: | ६. लुम्बिनी प्रदेश |
| ७. तमु मगरात | ८. कपिलवस्तु | ९. पूर्वखसान |
| १०. मध्यखसान | ११. पश्चिमखसान | (न्यौपाने, २०००: १३९) |

गोविन्द न्यौपानेले वर्तमान जिल्लाहरु प्रस्तावित प्रदेशमा निम्नानुसार समाविष्ट गर्ने रुपरेखाको प्रस्ताव समेत निम्नानुसार गरेका छन् :

१. किरात प्रदेश: ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा, ओखलढुंगा, सोलुखुम्वु, खोटा, भोजपुर, उदयपुर ।
२. विजयपुर प्रदेश: झापा, मोरङ, सुनसरी
३. मिथिला प्रदेश: सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही

४. ताम्वासालीङ प्रदेश: रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, नुवाकोट, रसुवा, धादिङ, मकवानपुर, सिन्धुली
५. नेपा: प्रदेश: काठमाडौं, ललितपुर, भक्तपुर
६. लुम्बिनी प्रदेश: बारा, पर्सा, रौतहट, चितवन, नवलपरासी, रुपन्देही
७. तमु मगरात प्रदेश: कास्की, लमजुङ, मनाङ, गोरखा, मुस्ताङ, पाल्पा, तनहुँ, स्याँजा, म्याग्दी
८. कपिलवस्तु प्रदेश: कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर
९. पूर्व खसान प्रदेश: रोल्पा, रुकुम, सल्यान, अर्घाखाँची, गुल्मी, बाग्लुङ, डोल्पा, प्यूठान, पर्वत
१०. मध्य खसान प्रदेश: जाजरकोट, सुर्खेत, दैलेख, जुम्ला, मुगु, कालिकोट, हुम्ला
११. पश्चिम खसान प्रदेश: दार्चुला, बैतडी, डोटी, बझाङ, बाजुरा, डडेल्धुरा, अछाम ।
(न्यौपाने, २000: १४२,१४३)

कृष्ण भट्टचनले पूर्व निर्धारित प्रदेशहरुको निर्माणले विभिन्न समुदायहरुको आत्मनिर्णयको अधिकार कुण्ठित गर्न सक्दछ भन्ने राय व्यक्त गर्दै नेपालको राजनैतिक आर्थिक र सामाजिक सांस्कृतिक इतिहासलाई ध्यान दिदैं मुख्यत: निम्न तिनवटा मापदण्डका आधारमा स्वायत्तता र स्वायत्तता भित्र उपस्वयत्तता प्रदान गर्नु पर्दछ । ति हुन:

पहिलो, जातिय: यो मापदण्ड ५९ आदिवासी जनजातिमा लागु हुन सक्दछ ।
दोश्रो, भाषिक : यो मापदण्ड हिन्दू मधेशी र तराईका मुस्लिमहरुमा लागु हुन सक्दछ । र,
तेश्रो, क्षेत्रीय: यो मापदण्ड उच्च हिन्दू जातमा लागु हुन सक्दछ ।

माथि उल्लेखित मापदण्डका आधारमा कृष्ण भट्टचनले नेपालका चार क्षेत्र (Eco regions)मा प्रयोग गर्दै प्रदेश विभाजनको अपेक्षित खाका प्रस्तुत गरेका छन् :

१. हिमाली : यस क्षेत्रमा साना ठूला जनसंख्या भएका १८ आदिवासी जनजातिहरु छन् ।

२. पहाड : यस क्षेत्रमा दुई किसिमले स्वायत्तता प्रदान गर्नु पर्दछ । पहिलो, २४ आदिवासी जनजातिहरुलाई स्वायत्तता दिने र दोश्रो सुदुर पश्चिम र मध्य पश्चिमको केही पहाडी क्षेत्रमा मुख्यत: हिन्दू उच्च जात र दलित बसोबास गर्ने भएकोले उनीहरुलाई स्वायत्तता दिने ।

३. भित्रि मधेश : यस क्षेत्रमा ७ आदिवासी जनजातिहरुलाई स्वायत्तता दिने ।

४. मधेश : मधेश क्षेत्रमा ३ किसिमले स्वायत्तता दिने । पहिलो, १० मधेशी आदिवासी जनजाति । दोश्रो, तिन वटा भाषिक समुदाय : मैथिली, अवधी र भोजपुरीलाई स्वायत्तता र उच्च जात र दलितहरुलाई उप स्वायत्तता दिएर र तेश्रो, मुस्लिमहरुलाई स्वायत्तता दिएर । यसरी संभावित स्वायत्त प्रदेशहरु प्रस्तावित गरेता पनि उनले प्रदेशहरुको वास्तविक संख्या सम्वन्धित जात, जाति, भाषा र क्षेत्रीय समुदायहरुको आत्मनिर्णयको अधिकारको अभ्यास पश्चात मात्र निश्चित हुने विषय भएको कुरामा जोड दिएका छन् । यो संख्या आदिवासी जनजाति, भाषिक र क्षेत्रीय समूहहरुको स्वायत्तता, उपस्वायत्तता र संघीय सरकार मातहत बस्ने निर्णयमा भर पर्ने तर्क प्रस्तुत गरेका छन् (द्यजबततबअजबल, द्दण्ण्घ) ।

नेपालको राज्य संरचनालाई संघीय संरचनामा परिवर्तन गर्नका लागि तिन वटा आधार भवानी बरालले प्रस्ताव गरेका छन् : ति हुन्- १. जातिय २. भाषिक/सांस्कृतिक र ३. क्षेत्रीय । उनले संघीय संरचनाका आधारहरु मध्ये जातिय आधारलाई प्रमुख आधार मानेका छन् (वराल, २०६१:१११-११२) ।

भवानी वरालले संघीय संरचनाका लागि आवश्यक स्वायत्त राज्यहरुको विभाजनको आधारमा राज्यहरुको विभाजनको प्रस्ताव निम्नानुसार गरेका छन् :

१. लिम्वूवान स्वायत्त राज्य - ताप्लेजुङ, पाँचथर, इलाम, धनकुटा, तेह्रथुम, संखुवासभा (अरुणपूर्ण), झापा, मोरङ, सुनसरी (चारकोशे झाडी उत्तर) ।

२. खम्वुवान स्वायत्त राज्य - सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, भोजपुर, संखुवासभा (अरुण नदी पश्चिम), उदयपुर (चारकोशे, चुरे उत्तर) ।

३. मधेश स्वायत्त राज्य - पर्सा, वारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ (सिमावर्ती इलाका), उदयपुर (राजमार्ग दक्षिण)।

४. थारुवान स्वायत्त राज्य - चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, वर्दिया, कैलाली, र कञ्चनपुर।

५. ताम्वासालिङ स्वायत्त राज्य - दोलखा, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, मकवानपुर, काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट, धादिङ।

६. नेवालैण्ड स्वायत्त राज्य - काठमाडौं, भक्तपुर र ललितपुर।

७. तमुवान स्वायत्त राज्य - गोरखा, तनहुँ, लमजुङ, स्याङजा, कास्की, मुस्ताङ, मनाङ र पर्वत।

८. मगरात स्वायत्त राज्य - म्याग्दी, गुल्मी, बागलुङ, पाल्पा, अर्घाखाँची, रुकुम, रोल्पा, प्यूठान, सल्यान, र डोल्पा (भेरी पूर्व)।

९. खसान स्वायत्त राज्य - हुम्ला, जुम्ला, मुगु, बझाङ, बाजुरा, अछाम, कालीकोट, दैलेख, जाजरकोट र सुर्खेत।

१०. नमूना स्वायत्त राज्य - दार्जुला, बैतडी, डडेलधुरा र डोटी।

अन्यमा विषेश स्वायत्त क्षेत्र (कोचिला)। यस क्षेत्र अन्तर्गत धिमाल, राजवंशी, मेचे, कोचे, गन्गाई, ताजपुरियाहरु पर्न सक्छन्। यस क्षेत्रलाई संघीय संरचनामा विशेष व्यवस्था गरिनु पर्छ, प्रस्तावित राज्यको रुपमा होइन' भन्ने मत वरालको रहेको छ।

माथि उल्लेखित प्रस्तावित संघीय संरचनाका इकाईहरु मध्ये नमूना स्वायत्त राज्य र विशेष स्वायत्त क्षेत्र भूगोलको आधारमा प्रस्तावित गरिएको राज्य/क्षेत्रहरु हुन्। वरालले 'नमूना स्वायत्त राज्य' र विशिष्ठ प्रकारको प्रादेशिक राज्यको रुपमा लिदैं विशेष परिस्थितिमा यसलाई गठन, विघटन गर्न सकिने राय व्यक्त गरेका छन् (वराल, २०६१: १११-१२८)।

भवानी वरालले "जातीय, भाषिक/सांस्कृतिक र क्षेत्रीय राज्य गठन गरिसके पछि गर्ने काम थुप्रै हुनेछ। बसाइ सराई लगायतका कारणहरुले जातिय राज्यमा बस्ने अन्य जाति, अल्पसंख्यक तथा अन्य जातिय, भाषिक/सांस्कृतिक र धार्मिक समुदायलाई विशेष उप-स्वायत्त क्षेत्र मार्फत उनीहरुको राज्यमा सहभागिता र विकास जरुरी हुन्छ।" भन्ने कुरामा जोड दिएका छन् (वराल, २०६१:१२९)।

कृष्ण खनालले राज्य पुनर्संरचनामा संघीय संरचनाको सिद्धान्त, आवश्यकता र अधिकारको बाँडफांमा सहमतिलाई प्रमुखता दिनु पर्नेमा जोड दिएका छन्। उनका अनुसार यी विषयमा सहमति भए पछि मात्र प्रदेश र संख्याको कुरा आउँदछ। तर, उनले संख्या र विभाजनको आधारको विषयमा भनेका छन् "नेपालको वर्तमान भू-सांस्कृतिक बनोटलाई हेर्दा यहाँ विशुद्ध जातीय र भाषिक आधारमा मात्र संघीय राज्यको संरचना निर्माण गर्न सकिन्न। बहुजातीय, बहुभाषिक स्वरुप संघीय तहमा पनि अपरिहार्य हुन जान्छ। तथापि, सम्वन्धित एकाइको प्रमुख भाषिक, सांस्कृतिक एवं जातीय पहिचान कायम हुने गरी एकीकृत स्वायत्तताको अवधारणा र मान्यतामा १० देखि १५ वटासम्म संघीय शासनका एकाइहरु निर्माण गर्न सकिन्छ।" उनले १० देखि १५ वटासम्म संघीय शासनका एकाइहरुको प्रस्ताब गरेतापनि उक्त आधारमा प्रदेशहरुको विभाजन भने गरेका छैनन्। तर उनले निर्वाचनको सन्दर्भमा प्रस्ताव गरेका १४ वटा बहुसदस्यीय निर्वाचन क्षेत्रको विभाजनलाई यसको आधार मान्न सकिने बताएका छन् (खनाल, २०६१:२८)।

## २.४ केन्द्र र प्रदेशबीच अधिकार विभाजन

गोविन्द न्यौपानेले "राज्यको संघात्मक संरचना अन्तर्गत विभाजन गरिएको प्रदेशहरुको प्रभावकारिता उनीहरुलाई प्रदान वा केन्द्र र प्रदेशहरुको वीचको अधिकार बाँडफाँडमा भरपर्दछ। केन्द्रसंग रक्षा, परराष्ट्र, विदेश व्यापार र वित्त नीति एवं प्रवन्ध रहनु पर्दछ भने प्रदेशसंग भूमि र भूसम्वन्ध, प्राकृतिक संसाधन, कानून व्यवस्था, संस्कृति र शिक्षा लगायतका सामाजिक सेवाहरुको व्यवस्था रहनु आवश्यक हुन्छ। यी बाहेक अन्य विषयहरुमा केन्द्र र प्रदेशवीच सौदाबाजी हुन सक्छ र साधनहरुको साझा प्रवाह, उत्तरदायित्वको आवधिक निर्धारण, जिम्मेवारीको साटा साट, कर प्रावधानको बाँडफाँडमा रहने मापदण्डहरुमा फेरबदल जस्ता काम मार्फत सौदावाजी अभिव्यक्त हुन्छ।" भनेका छन् (न्यौपाने २०००:१६८)।

भवानी वरालका अनुसार "देशको अर्थ (मुद्रा), विदेश मामिला र रक्षाको व्यवस्था केन्द्र सरकारले हेर्नु पर्दछ। संघ राज्यबीचको आर्थिक, सामाजिक, धार्मिक, भाषिक लगायत सबै क्षेत्रको उन्नती प्रगतीको समुचित समन्वय गर्नु पर्छ। संघ राज्यहरुले आफ्नो क्षेत्रमा अर्थ, विदेश, र रक्षा बाहेक सम्पूर्ण काममा नेतृत्व गर्नेछ।" भनेका छन ......................।

२.५ केन्द्र र प्रदेशबीच आर्थिक सम्वन्ध

गौविन्द न्यौपानेले आयको विषयमा केन्द्र र प्रदेशकोबीचमा अनावश्यक भ्रम उत्पन्न हुनबाट बचाउन दुइटा कुरामा स्पष्ट हुन जोड दिएका छन्। पहिलो, केन्द्र र प्रदेशका आ-आफ्ना अधिकार र उत्तरदायित्व क्षेत्रबाट प्राप्त आयहरु त्यही तहको नियन्त्रण रहनु र आयका नयाँ श्रोतको खोजीबाट प्राप्त आय खोजी गर्ने तहले उपभोग गर्नु (न्यौपाने २०००:१६८)।

भवानी वरालले राज्यलाई संघीय ढाँचामा रुपान्तर गरे पछि आर्थिक व्यवस्थापनको आवश्यकता पर्ने कुरामा जोड दिएका छन्। उनका अनुसार नेपालको संघीय संरचना यहाँको सामाजिक, राजनीतिक, सांस्कृतिक आधारबाट मौलिक रुपमा गरिने भएकोले त्यसको आर्थिक स्वरुप पनि त्यसै अनुरुपको हुनेछ। संघीय राज्यहरु आफ्नो क्षेत्रमा आर्थिक तथा भौतिक विकास गर्न स्वतन्त्र हुनेछन्। र, केन्द्रीय सरकार संचालनको निश्चित हिस्सा राज्यहरुले उपलब्ध गराउने छन् भने केन्द्रले पनि वैदेशिक लगानी, अनुदान, प्रविधिको विकास पनि समानुपातिक ढंगले संघ राज्यहरुलाई वितरण गर्नु पर्दछ (वराल, २०६१: १४०)।

२.६ प्रदेश र प्रदेश अन्तर्गतका निकायहरु

गौविन्द न्यौपानेले 'प्रदेश अन्तर्गत स्थानीय निकायहरु' रहन्छन भनेका छन्। उनका अनुसार स्थानीय निकायहरुको बनोट सामान्य र विशेष किसिमको गरी दई प्रकारको हुन्छन्। सामान्य किसिमको स्थानीय निकायहरुमा जिल्ला र नगर वा गाउँस्तरीय हुन्छन् भने विशेष किसिममा निरपेक्ष अविकासको अवस्थामा रहेका जाति वा प्रजातिहरुका स्वायत्तशासी संस्थाहरु हुनेछन्। सामान्यमा भौगोलिक क्षेत्र र विशेषमा विशेष जाति वा प्रजातिलाई स्थानीय निकायको बनोटको आधारको रुपमा लिनु पर्दछ" भनेका छन् (न्यौपाने २०००:१६८)।

कृष्ण खनालको अनुसार संघीय संरचनामा हालको जिल्ला तह आवश्यक पर्ने छैन। यसको सट्टामा गाउँ र नगर तहमा विस्तारित एवं विकेन्द्रीत स्वायत्त शासनको संरचना बनाउन सकिने प्रस्ताब गरेका छन्। यसका लागि वर्तमान गाउँ विकास समितिहरुको आकारलाई अहिलेको भन्दा ठूलो बनाउनु पर्छ (खनाल, २०६१: २१)।

२.७ प्रतिनिधित्व

नेपालले अवलम्वन गरिरहेको पहिलो हुनेले जित्ने प्रणालीले शासनको विभिन्न निकायहरुमा जनताको प्रतिनिधित्व गर्न सक्दैन भन्ने सबैको समान भनाइ रहेको छ। तर राज्यको पुनर्संरचनाको सन्दर्भमा जनताको प्रतिनिधित्वलाई हरेक क्षेत्रमा समान रुपले सहभागि गराउन भिन्न भिन्न मतहरु रहेको छ। यसता मतहरु उनीहरुले प्रतिनिधित्व गराउनु पर्ने प्रस्तावित भिन्न भिन्न निकायहरुमा समेत भर परेको देखिन्छ।

गौविन्द न्यौपानेले "राष्ट्रिय औसत वा त्योभन्दा माथि नआएसम्म निरपेक्ष अविकासको अवस्थामा रहेका जातिहरुको प्रादेशिक विधायिका, जिल्ला, गाउँ र नगर परिषदमा समानुपातिक उपस्थितिलाई सुनिश्चित गर्न विशेष निर्वाचन व्यवस्था वा मनोनयनको व्यवस्था गरिनु पर्छ। यस्तो निर्वाचन भौगोलिक क्षेत्रको आधारको खुला प्रतिनिधित्वका अतिरिक्त, त्यस्ता प्रजातिहरु मात्र उमेदवार र मतदाता रहन पाउने किसिमको निर्वाचन प्रणालीको आधारमा हुनु राम्रो हुन्छ। कुनै पनि स्तरका निकायहरुमा त्यो इकाईभित्र रहेको उनीहरुको जनसंख्याको आधारमा निरपेक्ष अविकासको अवस्थामा रहेका प्रजातिहरुको साझा

प्रतिनिधित्व निश्चित गरिनु र कुनै पनि अवस्थामा त्यस्तो संख्या एकभन्दा कम नहुनु राम्रो हुन्छ । ...त्यस्तो व्यवस्था गाउँ तहदेखि संघीय विधायिकासम्मै पनि कार्यान्वित गरिनु पर्छ" भनेका छन् । यस्तो व्यवस्थालाई गोविन्द न्यौपाने 'आरक्षण होइन, विशेष प्रतिनिधित्वको व्यवस्था' भन्दछन् (न्यौपाने २०००: १६६) ।

कृष्ण खनालले राज्य र शासन संरचनामा प्रतिनिधित्वका लागि समानुपातिक प्रतिनिधित्वको सूची प्रणाली नेपालको लागि व्यवहारिक र उपयुक्त हुने राय व्यक्त गरेका छन् । यस किसिमको निर्वाचन प्रणालीमा नेपाल जस्तो बहुजातीय र बहुसांस्कृतिक देशको सन्दर्भमा सामाजिक/सांस्कृतिक प्रतिनिधित्वको अनुपात मिलाउनु पनि जरुरी हुन्छ । यसका लागि खनालले १४ वटा बहुसदस्यीय निर्वाचन क्षेत्रको अवधारणा अघि सारेका छन् ।

उनले हालका जिल्लाहरुलाई मिलाएर क्षेत्रीय, जातीय, भाषिक, सांस्कृतिक एवं जनसंख्याका आधारमा निम्नानुसार १४ बहुसदस्यीय निर्वाचन क्षेत्रको प्रस्ताव गरेका छन :

क्षेत्र नं. १ ताप्लेजुङ, पाँचथर, इलाम, धनकुटा, भोजपुर, तेह्रथुम, संखुवासभा, सोलुखुम्बु, खोटाङ, ओखलढुङगा, उदयपुर
क्षेत्र नं. २ झापा, मोरङ र सुनसरी
क्षेत्र नं. ३ सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही
क्षेत्र नं. ४ दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक
क्षेत्र नं. ५ रसुवा, नुवाकोट, धादिङ, मकवानपुर
क्षेत्र नं. ६ काठमाडौं, भक्तपुर, ललितपुर
क्षेत्र नं. ७ रौतहट, बारा, पर्सा, चितवन
क्षेत्र नं. ८ गोर्खा, लमजुङ, मनाङ, कास्की, तनहुँ, स्याङ्जा
क्षेत्र नं. ९ गुल्मी, पाल्पा, अर्घाखाँची, मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ
क्षेत्र नं. १० नवलपरासी, रुपन्देही, कपिलवस्तु
क्षेत्र नं. ११ रुकुम, रोल्पा, सल्यान, प्यूठान, जाजरकोट, दैलेख, सुर्खेत
क्षेत्र नं. १२ डोल्पा, मुगु, जुम्ला, हुम्ला, कालीकोट
क्षेत्र नं. १३ बाजुरा, अछाम, बझाङ, डोटी, डडेलधुरा, बैतडी, दार्चुला
क्षेत्र नं. १४ दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर

कृष्ण खनालले निर्वाचनका लागि जातीय कोटा छुट्याउंदा वा सो स्थानमा जात/जातिका उम्मेदवारहरुका बीचमा मात्र चुनाव गर्ने परिपाटीले राजनीतिलाई गौण बनाउने र जातीय प्रतिनिधित्व प्रधान हुने खतरा औंल्याएका छन् । र, राजनीतिक पार्टीको भूमिकालाई प्रमुख बनाउन उनले जोड दिएका छन् । उनले " राजनीतिक पार्टीहरुले नै उम्मेदवार चयन गर्दा जनसंख्याको अनुपातमा हरेक जाति/जनजाति समूहको न्यूनतम आन्तरिक समीकरण मिलाउनु पर्ने हुन्छ । साथै, यहाँ प्रस्तावित प्रतिनिधित्वको संरचनालाई क्षेत्रीय वा संघीय तहमा पनि लैजानु पर्ने हुन्छ जहाँ अरु जाति/जनजातिको बढी प्रतिनिधित्व सम्भव छ ।" भनेका छन् (खनाल, २०६१:२९) ।

कृष्ण खनालले "चुनावमा सहभागि राजनीतिक पार्टीहरुले तदनुसार (जनसंख्याको सामाजिक/सांस्कृतिक बनोटका आधारमा) प्रत्येक निर्वाचन क्षेत्रको लागि आ-आफ्ना उम्मेदवारहरुको अलग अलग सूचि प्रकाशित गर्नु पर्ने हुन्छ । प्रत्येक क्षेत्रका लागि जाति/जनजाति समूहका आधारमा उम्मेदवारहरुको यस्ता ३ देखि ५ वटासम्म अलग अलग सूची बनाउनु पर्ने हुन सक्छ । उदाहरणका लागि पहाडी निर्वाचन क्षेत्रमा पर्वते/खस जात, दलित र जनजाति गरी तीनवटा सूची भए पुग्न सक्छ ।" भनेका छन् (खनाल, २०६१:२९) । महिलाहरुको हकमा भने तीनैवटा सूचीहरुमा महिला उम्मेदवारको अनुपात र प्राथमिकाङ्क समेत मिलाउनु पर्ने हुन्छ । उनका अनुसार पार्टीहरुले प्राप्त गरेको मतको प्रतिशतको आधारमा उनीहरुको सूचीको अग्रपङ्तिमा नाम भएका उम्मेदवार क्रमशः निर्वाचित हुन्छन । निर्वाचित हुनका लागि

खसेको सदर मतलाई निर्वाचित हुने स्थान संख्याले भाग गर्ने र आएको संख्यामा १ अङ्क जोड्दा हुन आउने संख्या वराबर मत ल्याउनु पर्ने हुन्छ (खनाल, २०६१:३०) ।

राजनीतिक पार्टीहरुले उम्मेदवारको सूची बनाउदा निर्वाचन क्षेत्रका सामाजिक/सांस्कृतिक बनोटको प्रतिनिधित्व हुने गरी सूची बनाउने कुरा स्वेच्छामा छाड्न नहुने धारणा कृष्ण खनालले राखेका छन् । यसका लागि उनले "...केवल पार्टीको विवेकमा मात्र छोडेर पुग्दैन, संबैधानिक वा कानुनी व्यवस्थाको पनि आवश्यकता पर्छ । चुनावको घोषणा भएपछि निर्वाचन आयोगले प्रत्येक निर्वाचन क्षेत्रका लागि त्यहाँको जनसंख्याको अनुपातमा सदस्यसंख्याको जातिय अनुपात निर्धारण गर्ने र सो अनुसार कार्यान्वयनको संवैधानिक व्यवस्था गर्न सकिन्छ ।" भनेका छन् (खनाल, २०६१:३०) । उनले यस प्रणालीको विशेषताको रुपमा मतदाताले पार्टीलाई भोट हाल्ने तर चुनाव प्रक्रियाले राष्ट्रको सामाजिक/सांस्कृतिक विविधतालाई प्रतिनिधित्व गर्ने ग्यारेन्टी गर्नु मानेका छन् ।

निर्वाचन पद्धतिकै सन्दर्भमा कृष्ण खनालले अर्को विकल्प पनि प्रस्तुत गरेका छन् । जस अनुसार विधायिकाको आधा सदस्यहरु राष्ट्रिय सूचिबाट र बाँकि आधा क्षेत्रीय सूचीबाट निर्वाचन हुने व्यवस्था अपनाउने । यसमा र राष्ट्रिय सूचिमा कुनै पनि जाति/जनजाति उम्मेदवारहरु हुन सक्छन् भने क्षेत्रीय सूचिमा सम्वन्धित क्षेत्रका जनजाति र दलित समुदायका उम्मेदवार हुन्छन् । कृष्ण खनालका अनुसार क्षेत्रीय सूचीबाट निर्वाचित हुनका लागि माथि प्रस्ताव गरे अनुसार नै हुने तर राष्ट्रिय सूचीबाट निर्वाचित हुनका लागि राजनीतिक पार्टीहरुले राष्ट्रिय स्तरमा प्राप्त गरेको कुलमतका अनुपातमा उनीहरुका राष्ट्रिय सूचीबाट अग्रपङ्तिका उम्मेदवारहरु क्रमश: निर्वाचित हुन्छन । उनले "सामान्यतया यो (न्यूनतम मतसिमा) सदरमतको २ देखि ५ प्रतिशत निर्धारण गर्ने गरेको पाइन्छ । यसमा निर्धारित न्यूनतम मतसिमा कटाउने राजनीतिक पार्टीका उम्मेदवारहरु मात्र निर्वाचित हुन सक्छन । साथै, यसबाट स्वतन्त्र उम्मेदवार निर्वाचित हुन सक्तैन ।" भनेका छन् (खनाल, २०६१: ३२) । कृष्ण खनालले दुइ किसिमको निर्वाचनको ढाँचा प्रस्तावित गरेका छन् । उनको प्रमुख उद्देश्य प्रतिनिधित्वमा जातीय सन्तुलन कायम गर्नु रहेको छ । उनले जोड दिदै भनेका छन्- "हाम्रो सन्दर्भमा जातीय सन्तुलन बेगर समानुपातिक चुनाव प्रणालीको मात्र कुनै औचित्य छैन ।" (खनाल, २०६१:३३) ।

कृष्ण भट्टचनका अनुसार संघीय राष्ट्र-राज्यमा स्वायत्त जाति र क्षेत्रहरुको प्रतिनिधिहरु भएको जातिय सभालाई समाविष्ट गर्नुपर्दछ । यो सभाको सभामुख स्वायत्त जाति र क्षेत्रहरुको नामको वर्णानुक्रम अनुसार चक्रीय प्रणालीमा आधारित हुनुपर्दछ । उनले संघीय सरकार प्रमुखमा स्वायत्त राष्ट्र (जाति)-राज्यका प्रमुखहरु पालैपालो वर्णानुक्रमअनुसार प्रमुख हुनपर्दछ भनेका छन् । संघीय न्यायीक व्यवस्थाको हकमा भने उनले दुइ प्रकारको न्यायलय- परम्परागत न्यायलय र गैर परम्परागत न्यायालयको अवधारणा राखेका छन् । उनका अनुसार यी दुवै न्यायलयमा प्रत्येक भाषा, समूह, महिला र दलितको प्रतिनिधित्व हुनुपर्दछ । तर गैर परम्परागत न्यायलयको हकमा भने योग्य व्यक्तिहरुको आवश्यकता पर्दछ र धेरै भाषिक समूहबाट उपलब्ध नहुने अवस्थामा उनीहरुलाई शिक्षा र तालिम दिनका लागि विशेष प्रयत्न गर्नु पर्दछ (Bhattachan, 2003)

महेन्द्र लावतीले माथिल्लो सभालाई शक्तिशाली जातिय सभामा परिणत गर्दा तिनवटा कुरा सुदृढ हुने तर्क राखेका छन् । पहिलो, जातिय सभामा प्रतिनिधित्व गर्ने सबै प्रदेश एवं समूहका प्रतिनिधिहरुले रचनात्मक भूमिका निर्वाह गर्न सक्ने । दोश्रो, प्रदेशहरुको केन्द्रीय नीति निर्माणमा भूमिका निर्वाह गर्दै देशलाई एकिकृत गर्नमा एक निकायको रुपमा विकास हुने र तेश्रो सबै समूहहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने ।

संघिय संरचना अन्तर्गत निर्मित प्रदेश र समूहहरुको केन्द्रमा प्रतिनिधित्वका लागि माथिल्लो सभालाई जातिय सभामा परिणत गर्नु पर्दछ । यस्तो जातिय सभा वर्तमान माथिल्लो सभाको जस्तो नभई शक्ति सम्पन्न हुनु पर्दछ । जातिय सभामा समुदायको सांस्कृतिक तथा प्रदेशको सवालहरुमा सम्वन्धित प्रत्येक समूहलाई विशेष अधिकार प्रदान गर्नु पर्दछ । जसअनुसार सम्वन्धित समूहको स्वीकृति विना अन्य समूहहरुले उनीहरुको सांस्कृतिक विषयमा सुधार गर्ने अधिकार राख्दैनन् (ावधयतए द़ण्ण्छस द्दद्ध) ।

यसतो अधिकार सम्पन्न जातिय सभामा प्रदेश तथा समूहहरुवाट प्रतिनिधित्व गर्ने विषयले निश्चित रुपमा महत्वपूर्ण स्थान लिन्छ । महेन्द्र लावतीका अनुसार जातिय सभामा कम जनसंख्या भएको प्रदेश र समूहहरुको बढी प्रतिनिधित्व हुने अवस्था हुन्छ तर यसलाई उनले जनसंख्याको आधारमा प्रतिनिधित्व हुने प्रतिनिधि सभामा सन्तुलन कायम गर्ने भएकोले उचित ठानेका छन् । र, जातिय सभामा प्रदेश र समूहहरुको प्रतिनिधित्वको लागि अमेरिका र स्विजरल्याण्डको जस्तो प्रणाली नभइ नेपालले जर्मनीले अपनाएको (Staggered principle) अवलम्वन गर्नु उपयुक्त हुन्छ । ल्यल(तभचचष्तयचर्ष्वा नचयगउ (महिला, दलित आदि) लाई जातिय सभामा प्रतिनिधित्व गराउने विषेश व्यवस्था गर्नु पर्दछ । यसतो व्यवस्था जनसंख्या कम भएका समूहहरुलाई जातिय सभामा प्रतिनिधित्व गर्न आवश्यक हुन्छ । तर प्रदेश भएका समूहहरुले प्रदेशवाट नै प्रतिनिधित्व गर्ने हुनाले उनीहरुलाई यसतो अवसर प्रदान गर्नु हुँदैन ( Lawoti, 2005:246) ।

भवानी वरालले राज्य प्रणाली संचालनका लागि केन्द्रमा केन्द्रीय सरकार वा संघीय सरकार र राज्य (प्रदेशहरुमा) राज्य सरकारको परिकल्पना गरेका छन् । उनका अनुसार संघीय सरकारको गठन संघ राज्यका प्रतिनिधि र आम जनतावाट चुनिएर आएका प्रतिनितिबाट समानुपातिक आधारमा गठन हुनु पर्दछ । राज्य सरकारको गठनको सन्दर्भमा भने उनले जातिय राज्यको हकमा त्यो जातिको पचास प्रतिशत र त्यो जाति भन्दा अलग गैर जातिको पचास प्रतिशतको प्रतिनिधित्व हुनु पर्दछ । भाषिक/सांस्कृतिक आधारमा गठित राज्य सरकारमा पनि सोही अनुसार लागु गर्नु पर्दछ (वराल, २०६१:१३६) ।

भवानी वरालका अनुसार विधायिकाको रुपमा केन्द्रमा केन्द्रीय जनसभा हुनेछ । यस सभाले संघीय सभा र जनप्रतिनिधि सभाको संयुक्त सभालाई जनाउने छ । संघीय सभा माथिल्लो सभा र जनप्रतिनिधि सभा तल्लो सदनको रुपमा रहने छ । संघीय सभाको गठन संघीय राज्यका प्रतिनिधिहरुद्वारा हुनेछ भने जनप्रतिनिधि सभा दलीय प्रतिस्पर्धामा वालिग मताधिकारको आधारमा समानुपातिक चुनाव प्रणाली अनुरुप निर्वाचनवाट हुनेछ ।

भवानी वरालका अनुसार केन्द्रमा विधायिकाको व्यवस्था गरे अनुरुप राज्य स्तरमा प्रादेशिक संसदको प्रस्ताव गरेका छन् । उनका अनुसार प्रादेशिक संसद संघीय जनप्रतिनिधि सभा र राज्य सभाको संयुक्त रुप हो । जातिय आधारमा गठित संघ राज्यमा जुन जातिको जातिय राज्य हो, त्यो जातिको पचास प्रतिशत प्रतिनिधित्व वालिक मताधिकारको आधारमा गराउनु उचित हुन्छ । र, बाँकि पचास प्रतिशत त्यो जाति भन्दा फरक वा गैर जातिबाट प्रतिनिधित्व गराउने व्यवस्था गरिनु पर्दछ । यस्ते व्यवस्था भाषिक/सांस्कृतिक समुदायको आधारमा गठित राज्यको हकमा लागु गर्न सकिन्छ (वराल, २०६१:१३६) । तर, राज्य सभाको सभामा भने अलिक भिन्न व्यवस्था गरिनु पर्दछ । उनले "स्वायत्त क्षेत्र, विशेष स्वायत्त क्षेत्र, अल्पसंख्यक, धार्मिक समुदाय, संघ राज्यमा रैथाने बसोबास गरेका त्यो समाजमा विशिष्ठ योगदान दिने व्यक्ति आदिको प्रतिनिधित्व गराइ गठन गर्नु पर्ने" राय दिएका छन् (वराल, २०६१: १३६) ।

२.८ भाषा

गौविन्द न्यौपानेका अनुसार नेपालका अन्य भाषाको तुलनामा व्यापकता पाएको आधारमा नेपाली भाषालाई माध्यम भाषाको रुपमा स्वीकार गर्नु उपयुक्त हुन्छ । यसलाई माध्यम भाषाको रुपमा अझ प्रभावकारी बनाउन उनले (निश्चित रुपले संस्कृतको काखकोख छोडेको, बाहुन हैकम समाप्त भएको र सरल बनाइएको नेपाली भाषा नै त्यस्तो माध्यम भाषा बनाइनु पर्छ) भनेर जोड दिएका छन् । तर अन्य भाषाहरुको हकमा भने प्रादेशिक तहमा सरकारी कामकाज र पठनपाठनमा स्थानीय आवश्यकता, उपयुक्तता र प्रादेशिक संरचनाले गरेको निर्णय अनुसार एक, दुइ वा तीन भाषालाई व्यवहारमा ल्याउनु पर्दछ । सरकारी कामकाज तथा प्राथमिक तहदेखि उच्च तहसम्म प्रदेशमा बोलिने भाषाहरुलाई माध्यम भाषाको रुपमा मान्यता प्रदान गरिनु पर्दछ ।

गोविन्द न्यौपानेले प्रादेशिक संरचनामा संभावित विश्वविद्यालय र तिनमा अध्ययन हुने भाषाहरुको तस्वीर निम्नानुसार प्रस्तावित गरेका छन् :

१. पूर्वाञ्चल विश्वविद्यालय: राई, लिम्वू, मैथिली, थारु र नेपाली शिक्षण विभाग
२. जनकपुर विश्वविद्यालय: मैथिली, थारु र नेपाली शिक्षण विभाग
३. बिरगंज विश्वविद्यालय: भोजपुरी, थारु र नेपाली शिक्षण विभाग
४. त्रिभुवन विश्वविद्यालय: नेवारी, तामाङ, र नेपाली शिक्षण विभाग
५. पोखरा विश्वविद्यालय: गुरुङ, मगर र नेपाली शिक्षण विभाग
५. दाङ विश्वविद्यालय: थारु, अवधि, संस्कृत र नेपाली शिक्षण विभाग

आजको विश्वसंगको सम्बन्धलाई विकास गर्न, विज्ञान, प्रविधि र अन्य विश्वव्यापी मानव उपलब्धीबाट आफ्ना विकास प्रयत्नलाई गति प्रदान गर्न यी सबै विश्वविद्यालयहरुले गुणस्तरयुक्त अंग्रजी भाषा शिक्षणलाई पनि प्राथमिकता दिनै पर्छ (न्यौपाने, २०००: १४४,१४५) ।

गोविन्द न्यौपानेले त्रि-भाषा पद्धतिलाई प्रदेशहरुमा प्रयोग गर्दा सांस्कृतिक समभ्रूदारी बढ्ने र साझेदारीको सम्मानपूर्ण भावनात्मक आधार तयार हुने कुरालाई विशेष महत्वको उपलब्धीका रुपमा लिएका छन् । यस अनुसार उनले प्रस्तावित गरेका प्रदेशहरुमा तिन भाषा प्रणाली कार्यन्वयनका रुपरेखा प्रस्तुत गरेका छन्:

१. किरात प्रदेश - नेपाली, राई र लिम्बू
२. बिजयपुर - नेपाली, मैथिली र थारु
३. मिथिला- नेपाली, मैथिली र थारु
४. लुम्विनी प्रदेश- नेपाली, भोजपुरी र थारु
५. कपिलबस्तु- नेपाली, थारु र अवधी
६. ताम्बासालिङ- नेपाली, तामाङ र नेवारी
७. नेपा: - नेपाली, नेवारी र तामाङ
८. तमु मगरात- नेपाली, गुरुङ र मगर
९. पूर्वखसान- नेपाली, गुरुङ र मगर
१०. मध्य खसान- नेपाली
११. पश्चिम खसान-नेपाली ।

उनले नेपालमा बोलिने ११ वटा भाषाहरुको त्रि-भाषिक पद्धति अनुरुप प्रदेशहरुमा प्रयोगको खाका प्रस्तुत गरे तापनि नेपालमा बोलिने अन्य भाषाहरुको हकमा भने स्पष्ट राय दिएका छैनन् । उनले 'अत्यन्त सानो संख्यामा रहेका प्रजातिहरुले बोल्ने यी भाषाहरुको कस्तो स्थिति हुने हो भन्ने कुराको निर्णयको जिम्मा लिन कठिन छ' भनेका छन् (न्योपाने, २०००:१७५)।

भवानी वरालले "जातिय राज्यमा सम्वन्धीत जातिको भाषा विश्वविद्यालय हुनसछ भने त्यो भाषा भन्दा गैर जातिय भाषाले पनि आफ्नो मातृभाषामा अध्ययन गर्न पाउनु उसको अधिकार हुन्छ। राज्यले सबै भाषाको समान रुपले संरक्षण र विकास गर्नु राज्यको कर्तब्य र अधिकारको दुवै हो । उनले "तोकेर कुनै भाषा विशेषलाई माध्यम, अनिवार्य गराउनु हुन्न । त्रि-भाषिक नीतिको किटानी पनि ठिक होइन ।" भनेका छन् (वराल, २०६१:१५६) ।

भवानी वरालको विचार भन्दा भिन्न धारणा भाषाको प्रयोग सम्वन्धमा कृष्ण खनालले राखेका छन् । उनले भाषिक अधिकारको सन्दर्भमा 'भाषिक अधिकारको नाममा राज्य संचालनमा सबै भाषाहरुको समान प्रयोग कदापि सम्भव छैन र शायद् भाषिक अधिकारको प्रयोजन पनि यो होइन' भन्दै भाषिक व्यवस्थापन नेपालका लागि अत्यन्तै चुनौतीपूर्ण कामको रुपमा लिएका छन् (खनाल, २०६१:२०) । भाषिक विविधतालाई व्यवस्थापन गर्नका लागि उनले भाषिक नीतिको आवश्यकता औल्याएका छन् । कृष्ण खनालले

"बहुभाषिकतालाई राज्यको पुनर्संरचनाको एउटा प्रमुख आधारका रुपमा स्वीकार गर्ने हो भने निश्चित मापदण्डसहितको भाषिक नीति आवश्यक पर्नेछ । केन्द्रीय सम्पर्क भाषाको रुपमा नेपालीको विकल्प देखिन्न । क्षेत्रीय वा संघीय एकाइहरुमा नेपालीका साथै त्यहाँको कुनै प्रमुख दुई भाषालाई सरकारी कामकाजको भापाको रुपमा लिन सकिएला । तथापि क्षेत्रीय वा प्रान्तीय भाषाहरुलाई अन्तरएकाइ सम्पर्क भाषाका रुपमा प्रयोग गर्न सकिने व्यावहारिक स्थिति छैन । तर मानव एवं नागरिक हक अधिकारको रक्षासंग सम्बन्धित विषयमा भने कुनै पनि नागरिकले आफ्नो मातृभाषामा कुरा राख्न सक्ने सुविधा र अधिकारलाई राज्यले प्रत्याभूत गर्नु पर्दछ ।" भनेका छन् (खनाल, २०६१: २०,२१) ।

कृष्ण भट्टचनका अनुसार स्वायत्त वा उप स्वायत्त जाति र प्रदेशहरु भित्र बोलिने सबै भाषाहरुको सरकारी कामकाजमा, विद्यालय र कलेजको शिक्षणको माध्यममा र छपाई एवं विद्युतिय संचारमा समान हैसियत हुनु पर्दछ । सम्पर्क भाषा एक समूहबाट अर्को समूहमा लादेर नभई मानिसहरुको छनौटको आधारमा विकसित हुनु पर्दछ (Bhattachan, 2003) ।

### २.८ धर्म तथा संस्कृति

भवानी वरालका अनुसार संघीय राज्य संरचना धर्म सापेक्ष रहनै सक्दैन र यो स्वतः धर्म निरपेक्ष हुन्छ । धर्म र संस्कृति जातिहरु हरेकको स्वईच्छा विषय हो ।

गोविन्द न्यौपानेका अनुसार राज्यको चरित्र सबै धर्मलाई समान भाव राख्ने किसिमको हुनै पर्छ । यसको अर्थ हो राज्य धर्म निरपेक्ष हुनै पर्छ (न्यौपाने २०००:१७६) । उनले 'सबै संस्कृतिप्रतिको समान सम्मानभाव र समान विकास अवसर नै शासनको सांस्कृतिक नीति र व्यवहारका आधार हुनुपर्छ' भनेका छन् (न्यौपाने, २०००:१७६) ।

### २.९ भूमि तथा प्राकृतिक श्रोत सम्वन्धी अधिकार

कृष्ण भट्टचनले भूमि सम्वन्धी अधिकार आदिवासी जनजातिहरुलाई दिनु पर्दछ भनेका छन् । उनले आदिवासी जनजातिहरुलाई मात्र होइन 'यस्तो अधिकार अन्य स्वायत्त क्षेत्र समेतलाई प्रदान गर्नु पर्छ' भन्ने राय दिएका छन् । साथै, उनले 'स्वायत्त जाति (ल्वतष्यलक) र प्रदेशहरुलाई प्राकृतिक श्रोतहरु जंगल, जल, चरण र खनिज पदार्थ समेतमा पूर्ण नियन्त्रणको अधिकार हुनु पर्दछ' भनेर जोड दिएका छन् (Bhattachan, 2003).

भवानी वरालले संघीय राज्य प्रणालीमा भू-स्वामित्वको विषयलाई महत्वका साथ उठाएका छन् । यसका लागि उनले 'क्रान्तीकारी भूमिसुधारबाट भू-स्वामित्वको पूरानो प्रणाली वेदखल गर्ने" मत राखेका छन् । उनका अनुसार यसतो भूमिसुधार दुइ प्रणालीमा आधारित भइ जमिनको वितरण र व्यवस्थापन गर्न सकिने तर्क अगाडी सारेका छन् : ति हुन किपट प्रणाली र जसको जोत उसको पोत प्रणाली । किपट प्रणालीको सन्दर्भमा भएका अपव्याख्याहरुको खण्डन गर्दै उनले "किपटलाई जमिनमाथिको सामुहिक स्वामित्व हो । सामुहिक स्वामित्व जमिन्दारी प्रथा होइन ।" भनेका छन् । उनका अनुसार जातिय आधारबाट बनेको संघ राज्यमा किपटको आधारमा र भाषिक/सांस्कृतिक आधारबाट बनेको राज्यमा जमिनसंगको पूर्ख्यौली सम्वन्धको आधारमा जमिनको वितरण गरिनु र बाँकि जसको जोत उसको पोतको आधारबाट वितरण गरिनु उचित हुन्छ (वराल, २०६१:१४२) ।

### २.१० विषेश उपाय

कृष्ण भट्टचनले 'संघीय संरचना, स्वायत्तता र समानुपातिक प्रतिनिधित्वले ठूला तथा साना समूहहरुलाई पूर्ण रुपले न्याय नदिन सक्छ भन्ने कुरामा जोड दिदैं संघीय सरकार र स्वायत्त प्रादेशिक सरकार दुवैले ठोस सकारात्मक विभेदको नीति (कगदकतबलतवतष्खभ बाष्कबतष्यखभ ब्अतष्यल एयिष्अथ) तर्जुमा गरिनु पर्ने' राय दिएका छन् । उनका अनुसार यसतो नीति आंशिक 'उपचारत्मक' र 'प्राथमिकता दिने' किसिमको हुनु पर्दछ । उपचारत्मक सकारात्मक विभेदमा पहिचान गरिएको समुदायहरुलाई तालिम दिई केही निर्धारित क्षेत्रहरुमा प्रतिस्पर्धा गर्न सक्षम बनाउन सकिन्छ भने प्राथमिकता दिने नीतिमा समूह भित्रै प्रतिष्पर्धाको

व्यवस्था गर्न सकिन्छ । पछिल्लो नीति रोजगारी, शिक्षा र आवासमा आवश्यक छ । यी दुवै नीति विषेश उपायका रुपमा लिङ्ग, जात/जातियता, क्षेत्र, भाषा र धर्मका आधारमा राजनैतिक प्रतिनिधित्व, रोजगारी, शिक्षा र आबासमा आवश्यक हुन्छ (द्यजबततबअजबल, द्दण्ण्घ) ।

आरणक्षको सवालमा भवानी वरालको नकारात्मक टिप्पणी रहेको छ । उनी 'आरक्षण भनेको अधिकार नै होइन' भन्ने मान्यता राख्दछन् । यसका बारेमा उनले खण्डन मात्र गरेका छन् (वराल, २०६१: .....) ।

गोविन्द न्यौपानेले आरक्षण वा सकारात्मक विभेदलाइ गम्भिर अनुसन्धान, अन्तरक्रिया, सम्वाद र निष्कर्षहरुको आवश्यकता रहेको विषयका रुपमा लिएका छन् (न्यौपाने २०००: १६६) ।

२.११ अल्पसंख्यकहरुको अधिकार

प्रादेशिक संरचनामा अल्पसंख्यकहरुको अधिकारलाई कुण्ठीत हुन नदिन गौविन्द न्यौपानेले दुइटा विषयमा विचार पुऱ्याउनु पर्ने मत राखेका छन् । पहिलो, स्वशासनका अधिकारी रहने प्रादेशिक संरचनाहरुको सिर्जनात्मकतामा व्यवधान उत्पन्न नगर्नु र दोश्रो, सबै जनताप्रतिको उनीहरुको उत्तरदायित्वको हदलाई नाघ्न नपाउने सम्वैधानिक प्रवन्ध गर्नु (न्यौपाने २०००:१६७) ।

२.१२ आत्मनिर्णयको अधिकार

गौविन्द न्यौपानेले आत्मनिर्णयको अधिकारलाई स्वशान उपभोग गरिरहेका प्रदेशहरुको पृथक हुने अधिकारको रुपमा लिएका छन् । यसका लागि उनले सम्वैधानिक व्यवस्था गर्नु पर्ने राय राख्दै यसतो व्यवस्थालाई ४० वर्षसम्म मुल्तबी राखिनु पर्ने राय व्यक्त गरेका छन् (न्यौपाने २०००: १७३) ।

कृष्ण भट्टचनले नेपालको सन्दर्भमा 'आत्मनिर्णयको अधिकार स्वायत्तता, मिश्रित समुदाय/क्षेत्रहरुको स्वायत्तता, स्वायत्तता भित्रको उप स्वायत्तता र संघीय सरकारमा मिलन हुने अधिकारलाई स्वीकार्ने' भन्ने अर्थ राख्दछ भनेका छन् । उनका अनुसार स्वायत्तता थोपरिने नभई प्रत्येक संभावित समूहलाई यसका लागि उनीहरुको आत्मनिर्णयको अधिकार अभ्यास गर्न दिनु पर्दछ । तर यसरी एक पटक निर्णय भएको विषयमा पनि प्रत्येक १०/१० वर्षमा त्यसको अवस्था (हैसियत) पुर्नसिद्ध गर्न जनमत संग्रह गर्नु पर्दछ । यसतो व्यवस्थाले स्वायत्तता र उप स्वायत्तताहरु आवश्यकता अनुसार परिवर्तन गर्न अनुमति दिन्छ (Bhattachan, 2003) ।

भवानी वरालका अनुसार संघात्मक राज्य प्रणालीमा आत्मनिर्णयको अधिकार संघ राज्यको एकतालाई बलियो बनाउने सिद्धान्त हो । विविध राष्ट्रियता भएका संघ राज्यको स्वतन्त्रता, भातृत्व र समानतालाई ज्यूँदो राख्ने काम गर्दछ भन्दै यसलाई उनले पूर्ण स्वतन्त्रताको अधिकार हो भनेका छन् (वराल, २०६१:४५, ४६) ।

आत्मनिर्णयको अधिकारलाई पृथकतावादी अधिकारको रुपमा बुझिने गरिन्छ । यस तर्फ इंकित गर्दै वरालले "जातिहरुलाई आत्मनिर्णयको अधिकार शोषक जातिबाट मुक्ति दिलाउनको निम्ति व्यवस्थित गरिएको अधिकार भन्ने बुझाउछ । फेरी छुट्टै राज्य बनाउने अधिकार आवश्यकतामा भर पर्छ । आत्मनिर्णयको अधिकार उत्पीडन विरुद्धको सैद्धान्तीक मान्यता हो र यो परिस्थितिजन्य हुन्छ । यो निरपेक्ष पृथकतावादी सिद्धान्तको अधिकार होइन ।" भनेका छन् (वराल, २०६१: ४७) ।

कृष्ण खनालले "कतिले आत्मनिर्णयको अधिकारलाई राष्ट्रिय विखण्डनको सूत्रधार भन्ठानेका छन् । वास्तवमा नेपालमा आत्मनिर्णयको अधिकारको सवाल त्यस तहमा पुगिसकेको छैन । ...नेपालमा कुनै जनजाति वा भाषाभाषी समुदायले नेपालबाट छुट्टिएर अलग्गै वस्नका लागि आत्मनिर्णयको हक खोजिरहेका छैनन् ।"भनेका छन् (खनाल, २०६१:३७) ।

२.१३ जातिय स्वशासन

जातिय स्वशासनमा राज्यको केन्द्रीय स्वरुप एकात्मक रहने तथा अधिकार विकेन्द्रीत रहने हुन्छ । यसको मुख्य आधार जातिय क्षेत्रीय स्वशासन हो । यसमा जातिहरुलाई आफ्नो प्रदेश वा क्षेत्रमा काम गर्न स्वायत्तता हुन्छ । जातिय स्वशासनलाई - आफ्नो बस्तीमा, आफ्नो शासन, आफ्नो लागि आफैले गर्ने तथा आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, भाषिक, शैक्षिक, धार्मिक, भूगोल आदि सबै अधिकार समान र स्वतन्त्ररुपले आफ्नो स्थानहरुमा प्रयोग वा उपभोग गर्न पाउने हो भनी परिभाषित गर्न सकिन्छ (गुरुङ, २०६०: ......) ।

समन्वय समितिले "संघात्मक व्यवस्थामा केन्द्रको शक्ति विकेन्द्रीत त हुन्छ तर त्यसले खास खास समुदायहरुको समस्यालाई छुने संरचना बनाउदैन किनकि संघीय शासनको संरचनाको अर्थ क्षेत्रीय रुपमा अधिकार प्रत्यायोजन र प्रतिनिधित्वभन्दा बढी केही होइन । ... त्यसैले संघात्मक संरचनाको कुरा गर्दा पनि जाति, भाषा वा सम्प्रदायलाई नै आधार बनाउनु पर्छ" भन्दै नेपालको सन्दर्भमा जातीय र भाषीक रुपमा उत्पीडित जातिहरुलाई अधिकार सम्पन्न बनाउन जातिय स्वाशासन उपयुक्त हुने तर्क अगाडि सारेको छ ( समन्वय समिति, २०६०:१०) ।

नेपालको आफ्नै विशिष्ट स्थीतिलाई ध्यान दिदैं समन्वय समितिले "नेपालको जातीय समस्यालाई हल गर्न सम्वन्धित जाति, भाषाभाषी वा सम्प्रदायलाई नै उसको ऐतिहासिक निरन्तरता (आदिवासीपन) र विद्यमान बाहुल्यताका आधारमा आ-आफ्नो क्षेत्रमा प्राधिकार बनाउने जातीय स्वशासनको व्यवस्था नै उपयुक्त व्यवस्था हो" भनेर जोड दिएको छ (समन्वय समिति, २०६०: ११) । नेपालका सन्दर्भमा जातीय स्वशासनलाई राज्यसत्ताको शक्ति विकेन्द्रीकरणको आजको सबैभन्दा उपयुक्त व्यवस्था हो भन्दै यस्तो व्यवस्थामा अलग अलग संघराज्यहरुको निर्माण नगरी (स्वासान प्राप्त निकाय) संघात्मक संरचना कै रुपमा लिदैं यसले संघराज्यस्तर कै अधिकार र स्वायत्तताको उपभोग गर्दछ भनेर जातीय स्वशासनलाई परिभाषित गरेको छ । यसतो संरचनामा स्वःनिर्णय, सहकार्य र आपसी साझेदारीका हिसावले स्वशासन अरु वलियो र सहज हुन्छ (समन्वय समिति २०६०:१२) ।

एकात्मक प्रणाली अन्तर्गत जातिय स्वयत्तता र क्षेत्रीय स्वयत्तताको मिश्रित रुपको जातिय-क्षेत्रीय राज्य वा अर्ध संघीय संरचनाको मत पनि बहसको क्रममा प्रकट भएको छ । यसको पक्षमा राजेन्द्र श्रेष्ठले आफ्नो मत राखेका छन् । उनका भनाइ अनुसार नेपाल भारत र चीनजस्तो विशाल देशको बीचमा रहेको मुलुक भएकोले एकातिर बलियो केन्द्रको र अर्कोतर्फ बहुजातिय, बहुक्षेत्रीय मुलुक भएकोले जातिय र क्षेत्रीय स्वायत्तताको आवश्यकता छ । उनले "प्रादेशिक स्वायत्तताले मात्र नेपालको १०० भन्दा बढी जात/जनजातिहरुलाई समेट्न सक्दैन । यसको आधारमा नेपालको लागि एकात्मक तथा संघात्मक राज्यको विशेषता मिश्रित अर्धसंघीय राज्य-प्रणाली अपनाउनु सबैभन्दा उपयुक्त हुने" राय दिएका छन् (मुल्यांकन, २०६१ माघ) ।

२.१४ प्रदेशहरुको विभाजन

आदिवासी जनजातिहरुको बाहुल्यताको आधारमा उनीहरुलाई नै त्यस क्षेत्रको स्वशासन दिनु पर्ने तथा मधेश र कर्णाली जस्ता क्षेत्रहरुको सन्दर्भमा क्षेत्र विभाजन गर्दा जातीय वा क्षेत्रीय (भाषिक) दुवैलाई आधार लिनु पर्ने तर्क अगाडी सारेको छ । यस अनुसार तराई क्षेत्रलाई भाषिक बाहुल्यताको आधारमा मध्य क्षेत्रमा मैथिलि र मध्य पश्चिममा भोजपुरी र साथमा केही अवधी र पूर्वमा कोचभाषी गरी तिन क्षेत्रमा भाषाको आधारमा स्वशासन दिनु पर्ने तर्क अगाडी सारेको छ । कर्णाली क्षेत्रलाई जातीय आधारमा तिन क्षेत्रमा विभाजन गर्ने सुझाव दिएका छन् । ति हुनः कर्णाली क्षेत्रको माथिल्लो हिमाली क्षेत्रमा खसहरु र मतवाली समुदायको वाक्लो उपस्थिति भएकोले त्यसलाई स्वायत्त जडान प्रदेश र तल्लो पहाडी क्षेत्रमा खस

जाति बाहुल्यता भएकोले त्यसलाई स्वायत्त खसान प्रदेशको रुपमा विभाजन गर्न सकिन्छ (समन्वय समिति, २०६०: ११)।

समन्वय समितिले माथि उल्लेख गरिएका विभाजनका आधारहरुमा 'स्वायत्त क्षेत्रहरु छुट्याउनु पहिले जातीय एवं भाषिक सर्भे' को आवश्यकतामा जोड दिएको छ (समन्वय समिति, २०६०: ११)।

के.वि. गुरुङले जातिय क्षेत्रीय स्वशासनको संरचनागत ढाँचा क्षेत्रीय, इलाका, कम्युन तथा विषेश कम्युन रहने उल्लेख गरेका छन् । यसतो स्वशासनमा जाति, जनजातिको जनसंख्या, उनीहरुको भूगोल र भाषाहरु क्षेत्र, इलाका, कम्युन र विशेष कम्यून विभाजन गर्ने आधारभूत पक्षहरु हुन । यिनीहरुको आधारमा के.वि. गुरुङले नेपालमा ११ वटा स्वशासित क्षेत्रहरु निम्नानुसार प्रस्तावित गरेका छन :

१. लिम्बूवान स्वशासित क्षेत्र: लिम्बू जाति र भूगोलको आधारमा छुट्याइएको यस क्षेत्रमा हालको ताप्लेजुङ, पाँचथर, तेह्रथुम र इलाम जिल्लाले ओगटेको क्षेत्र पर्दछ ।
२. खम्वुवान स्वशासित क्षेत्र: राई जाति र भूगोलको आधारमा प्रस्तावित यस क्षेत्रमा वर्तमान सोलुखुम्वु, ओखलढुङ्गा, संखुवासभा, भोजपुर, धनकुटा, खोटाङ र उदयपुर पर्दछ ।
३. ताम्बासालिङ स्वशासित क्षेत्र: तामाङ जाति र भूगोलको आधारमा प्रस्तावित यसमा वर्तमान नुवाकोट, धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रे, सिन्धुली, मकवानपुर र काठमाडौं उपत्यकाको पहाडी भू-भाग पर्दछ ।
४. नेवार स्वाशासित क्षेत्र: नेवार जाति र भूगोलको आधारमा विभाजित यस क्षेत्रमा हालको भक्तपुर, ललितपुर र काठमाडौं जिल्लाहरु पर्दछ ।
५. मैथिलि-थारु स्वशासित क्षेत्र : यस क्षेत्रको मुख्य आधार भाषा हो । यस क्षेत्रमा प्रमुख भाषाहरु मैथली, थारु, नेपाली, भोजपुरी, राजवंशी, वज्जिका र हिन्दी हुन् । यस क्षेत्रमा बारा पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, मोरङ, सुनसरी र झापा पर्दछ ।
६. तमु (गुरुङ) स्वशासित क्षेत्र : तमु जाति र भूगोलको आधारमा प्रस्तावित यस क्षेत्रले वर्तमान मनाङ, मुस्ताङ, गोर्खा, लम्जुङ र कास्की जिल्ला ओगटछ ।
७. मगरात स्वशासित क्षेत्र : मगर जाति र भूगोलको आधारमा प्रस्तावित यस क्षेत्रमा वर्तमान तनहुँ, स्याङजा, पाल्पा, पर्वत, म्याग्दी, बागलुङ, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा जिल्ला पर्दछ ।
८. पश्चिम खसान स्वशासन क्षेत्र : यो क्षेत्रको प्रमुख जाति खस क्षेत्री हो । यस क्षेत्र खस क्षेत्री र भूगोलको आधारमा प्रस्तावित क्षेत्र हो । यस क्षेत्रमा वर्तमान हुम्ला, मुगु, कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, डोल्पा, सल्यान र रुकुम पर्दछ । यस क्षेत्रमा बाँके, बर्दिया र दाङसंग जोडिएको सल्यानको केही भू-भाग भने यसमा पर्दैन ।
९. सुदुरपश्चिम खसान स्वशासित क्षेत्र : यस क्षेत्रमा दार्जुला, बझाङ, बाजुरा, आछाम, डोटी, डडेलधुरा र बैतडी जिल्लाहरु यस क्षेत्रमा पर्दछ ।
१०. थारुहट स्वशासित क्षेत्र : यस क्षेत्रको मुख्य आधार जाति हो । यस क्षेत्रमा वर्तमान कन्चनपुर, कैलाली, वर्दिया, बाँके र दाङ-देउखुरीको भू-क्षेत्रहरु पर्दछ ।
११. थारु-भोजपुरी स्वशासित क्षेत्र : यस क्षेत्रको प्रमुख आधार भाषा र क्षेत्र हो । हालको कपिलवस्तु, रुपन्देही, नवलपरासी र चितवन जिल्ला यस क्षेत्रभीत्र पर्दछ ।

राजेन्द्र श्रेष्ठले नेपालमा जातिय आधारमा राज्यको विभाजन हुन नसक्ने धारणा राखेका छन् । उनले "हाम्रो देशमा १०० भन्दा बढी जातजाति रहेको र तिनीहरु सबैको लागि अलग्ग अलग्ग जातिय राज्य सृजना गर्ने सम्भावना नरहेको स्पष्ट छ । लामो समयदेखि सबै जातिहरुले सुख दुःखमा साझा भावना बाँडदै आएको, हामी सबै साझा आर्थिक जीवनमा आवद्ध हुँदै आएको तथा वैदेशिक एकाधिकार र प्रभुत्वको विरुद्ध राष्ट्रिय हितका निम्ति साझा संघर्ष गर्दै आएको हुँदा अलग्ग जातिय राज्यको कुरा हाम्रो लागि आत्मघाती कुरा हो ।" भनेका छन् । उनका अनुसार जातिय क्षेत्रीय स्वायत्त व्यवस्था अपनाउनु उपयुक्त हुन्छ । यसका लागि उनले जनसंख्यालाई आधार मान्दै 'बढी जनसंख्या भएका जातिहरुले अञ्चल (प्रदेश) स्तरमा, मझौला जनसंख्या भएका जातिहरुले जिल्ला वा इलाका स्तरमा तथा अत्यन्तै कम जनसंख्या भएका जातिहरुले गाविस स्तरमा

स्वायत्तता हासिल गर्ने' भनाइ राखेका छन् (मूल्यांकन, २०६१, माघ) । यसबाट राजेन्द्र श्रेष्ठले वर्तमान प्रशासनिक प्रयोजनका लागि गरिएको भौगोलिक विभाजनलाई नै जातिहरुको जनसंख्याको आधारमा स्वायत्तता दिनु पर्ने मान्यता राखेको देखिन्छ ।

२.१५ केन्द्र र प्रदेशबीच अधिकार विभाजन

जातिय स्वशासन वा जातिय-क्षेत्रीय स्वायत्ततामा अधिकारको विभाजन प्रमुख विषयको रुपमा रहेको हुन्छ । विकेन्द्रीत अधिकारको प्रत्यक्ष सम्बन्ध स्वायत्ततासंग हुन्छ । समन्वय समितिले "(जातीय) संरचना भनेको नेपालको विशिष्टतामा केन्द्रीय सत्ता र प्रादेशिक सत्ता (स्वायत्तता) को मिश्रित रुप हो । ... (प्रदेशहरुले) आफ्नो क्षेत्रको विकास, निर्माण, शिक्षा, स्वास्थ्य, न्याय सम्पादन, श्रोतसाधनको परिचालन आदिको निर्णय र कार्यान्वयन पनि उनीहरु नै गर्दछन् । यस्तो व्यवस्थामा विदेश मामला, रक्षा र मुद्रा बाहेक अन्य सबै अधिकार स्वशासित क्षेत्र कै हातमा हुन्छ ।" भनेको छ (समन्वय समिति, २०६०: ११) ।

जातिय-क्षेत्रीय स्वायत्तताको वकालत गर्ने राजेन्द्र श्रेष्ठले जातिहरुको प्रदेश स्तर, मझौला स्तर र गाविस स्तरको स्वायत्ततामा उनीहरुको आ-आफ्नो थलोमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपले आफ्नो निम्ति आफैले नीति बनाउने र शासन गर्ने आधिकार रहन्छ भनेका छन् । उनका अनुसार यसतो व्यवस्थामा त्यहाँका स्वायत्त अंगहरुमा आदिवासीहरुलाई अग्राधिकार रहने उल्लेख गरेका छन् । उनले "सार्वभौम सत्ता, मुद्रा, परराष्ट्र, सेनाका साथै स्वायत्त अंगहरुसंग जोडिएका जङ्गल, खानी र नदीनालाबाहेक अरु सम्पूर्ण अधिकार तल (स्वायत्त अंगहरुलाई) दिइनु पर्ने" विचार राखेका छन् (मूल्यांकन, २०६१, माघ) ।

२.१६ केन्द्र र प्रदेशबीच आर्थिक सम्बन्ध

राजेन्द्र श्रेष्ठले "मुलुकको आर्थिक प्रणालीलाई पनि विकेन्द्रित गर्नु पर्दछ । जातिय क्षेत्रीय स्वायत्त शासन व्यवस्थामा आ-आफ्नो क्षेत्रको प्राकृतिक श्रोत, कृषि, खानी, भूमिसुधार, वनजस्ता कुराहरुमा उनीहरुकै अधिकार रहने व्यवस्था गर्न पर्दछ ।" भनेका छन् । उनका अनुसार स्वायत्त अंगहरुलाई उनीहरुको क्षेत्रमा राजस्व उठाउने र खर्च गर्ने अधिकार सार्थ व्यवस्थापिकामा आ-आफ्नो बजेट पारित गर्ने अधिकार दिइनु पर्दछ (मूल्यांकन, २०६१, माघ)

२.१७ प्रदेश र प्रदेश अन्तर्गतका निकायहरु

समन्वय समितिले "स्वशासनभित्र स्वशासनको नीति अन्तर्गत यस्तो (जातीय स्वाशासन) व्यवस्थामा प्रत्येक जाति, भाषाभाषि वा सम्प्रदाय आफ्नो बाहुल्य क्षेत्रमा आफै प्राधिकार हुन्छन् । त्यहाँ उसको आफ्नै स्तरको न्यायालय, सरकार र विधानसभा हुन्छ" भनेको छ (समन्वय समिति, २०६०: ११) ।

जातिय क्षेत्रीय स्वशासनका लागि ११ वटा मध्ये जाति र भूगोलको आधारमा ९ वटा क्षेत्रहरुको विभाजन र भाषा र जातिको आधारमा २ वटा क्षेत्रहरु विभाजन गरिएको छ । के.बी. गुरुङले यसरी जातिय क्षेत्रीय स्वशासित क्षेत्रहरु अन्तर्गत ६ वटा स्वशासित इलाकाहरुको प्रस्ताव गरेका छन् । स्वशासित इलाकामा भने उनले तिनवटा आधारहरु लिइ निम्नानुसार इलाकाहरु प्रस्तावित गरेका छन् :

१. शेर्पा स्वशासित इलाका : यो जाति र भूगोलका आधारमा विभाजन गरिएको छ । यस इलाकामा सोलुखुम्बु जिल्लाको १६ गाविस, दोलखा जिल्लाको ५ गाविस, रामेछापको ४ गाविस र संखुवासभाको १ गरी २६ गाविसहरुले ओगटेको भूभाग पर्दछ । यो इलाका खम्बुवान स्वशासित क्षेत्र भीत्र पर्दछ ।
२. भोजपुरी-बज्जिका स्वशासित इलाका : यो इलाका मैथिली -थारु स्वशासित क्षेत्रभीत्र पर्दछ । यस इलाका अन्तर्गत बारा, पर्सा, र रौतहट पर्दछ । यसको मुख्य आधार भाषा हो ।
३. मैथिल स्वशासित इलाका : यो इलाका मैथिली -थारु स्वशासित क्षेत्रभीत्र पर्दछ । यस इलाकामा सिराहा, सप्तरी, महोत्तरी, धनुषा, र सर्लाही पर्दछ । यसको पनि प्रमुख आधार भाषा हो ।
४. राजवंशी स्वशासित इलाका : यो इलाका पनि मैथिली -थारु स्वशासित क्षेत्रभीत्र पर्दछ । यस इलाकामा मोरङ र झापा जिल्लाहरु पर्दछ । यस इलाकाको प्रमुख आधार भनेको जाति र भूगोल हो ।

५. अवधी स्वशासित इलाका : यस इलाकामा कपिलवस्तुको भूखण्ड पर्दछ । यस क्षेत्रको प्रमुख भाषा अवधी हो । यो इलाका थारु-भोजपुरी स्वशासित क्षेत्रभीत्र पर्दछ ।
६. भोजपुरी स्वशासित इलाका : यस इलाकाले नवलपरासी र रुपन्देही जिल्लालाई ओटदछ । यस क्षेत्रको प्रमुख भाषा भोजपुरी हो । यो इलाका थारु-भोजपुरी स्वशासित क्षेत्रभीत्र पर्दछ । (गुरुङ, २०६१: ....)।

के.बी. गुरुङले प्रस्तावित स्वशासित क्षेत्र र इलाकाहरुको नाम, क्षेत्रहरु प्रमुख विशेपतको आधारमा छलफललाई सरल बनाउनलाई दिइएको मत जाहेर गरेका छन् । उनका अनुसार मुर्त र अन्तिम रुप दिनको लागि सम्बन्धित जाति, जनजाति तथा भाषिक समुदाय एवं त्यस क्षेत्रका जनताहरुको मूल्य, मान्यता, भावनाको कदर र वस्तुस्थितिको ठोस अध्ययन, अनुसन्धान तथा व्यापक छलफल गर्नु पर्ने राय व्यक्त गरेका छन् (गुरुङ, २०६१: ....)।

के.वि. गुरुङका अनुसार जातिय स्वशासनमा धेरै कम्यूनहरु हुनेछन् । एउटा जातिको एक ठाउँमा स्वशासित क्षेत्र अर्को ठाउँमा स्वशासित इलाका वा कम्यूनहरु हुन सक्दछन् । स्वशासित क्षेत्र अन्तर्गत जनजातिहरुको उपस्थिति रहेको भएमा उनीहरुलाई स्वशासित कम्यूनको व्यवस्था प्रस्तावित गरेका छन् । उनले अल्पसंख्यामा रहेका जनजाति, सामाजिक स्तर न्यून रहेका र खासस्थानमा बसोबास गर्ने जनजातिहरुलाई विशेष स्वशासित कम्यूनको व्यवस्था गरिनु पर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार इलामका लेप्चा जनजातिलाई लिम्बुवान स्वाशासित क्षेत्र अन्तर्गत, हायु जनजातिलाई सिन्धुली र रामेछापमा ताम्वासालिङ स्वशासित क्षेत्र अन्तर्गत, मेचे, कोचे र किसान जनजातिका लागि झापा जिल्लामा राजवंशी स्वशासित इलाका अन्तर्गत, बरामु जनजातिको गोरखामा र दुरा जनजातिको लम्जुङ र तनहुँमा तमु स्वशासित क्षेत्रभीत्र र व्यासी जनजातिको दार्चुलामा खसान स्वशासित क्षेत्रभीत्र विषेश स्वशासित कम्यूनको व्यवस्था गरिनु पर्दछ (गुरुङ, २०६१: ....)।

राजेन्द्र श्रेष्ठ अनुसार (अञ्चल) प्रदेश अन्तर्गत जिल्ला वा इलाका र गाविस स्तरका निकायहरुको जातिय क्षेत्रीय स्वायत्त शासनमा हुने कुरा उल्लेख गरेका छन् ।

२.१८ प्रतिनिधित्व

एकल जातिय राज्यमा उपयुक्त हुने 'पहिलो हुनेले जित्ने' व्यवस्था भएको निर्वाचन प्रणाली बहुसांस्कृतिक समाजमा अनुपयुक्त हुन्छ भन्ने जातिय स्वशासनको पक्षधरहरुको समान मत रहेको छ । तर, उनीहरुले प्रतिनिधित्व गरिनु पर्ने निकायहरु र निर्वाचन प्रणालीका सम्वन्धमा भने फरक फरक प्रक्रिया अवलम्वन गर्नु पर्ने अवधारणाहरु बहसका क्रममा उठाएका छन् ।

स्वाशासित प्रदेश वा स्वशासनभित्र स्वशासन प्राप्त क्षेत्रहरु प्रत्येकमा उनीहरुको स्तर अनुसारको न्यायलय, सरकार र विधानसभा हुन्छ । त्यस अनुरुप बाहुल्य आदिवासी जातिको त्यस क्षेत्रको प्रतिनिधित्वमा अग्राधिकार रहन्छ । जसअनुसार त्यस्तो जातिको प्रतिनिधित्व ५१ प्रतिशत र अन्य विविध जातजातिको ४९ प्रतिशतका हिसावले समानुपातिक प्रतिनिधित्व हुन्छ (समन्वय समिति, २०६०: १२) ।

नेपालको उत्पीडित जातजाति, भाषाभाषी, लिङ्ग वा क्षेत्रका जनताहरुलाई राज्यको नीति निर्माण तहमा पुऱ्याउनका लागि संसदको माथिल्लो सभालाई अधिकार सम्पन्न 'जातीय सभा' मा परिणत गर्नु पर्दछ । यस सभामा सबै जातजाति, भाषाभाषी, लिङ्ग वा क्षेत्रका जनताको प्रतिनिधित्व समानुपातिक प्रतिनिधित्वको आधारमा हुनु पर्दछ । यस्ता प्रतिनिधिहरु निर्वाचन प्रक्रियाबाट उनीहरुको जातीय प्रतिनिधित्व हुने गरी उनीहरु कै स्वायत्त क्षेत्रहरुको आधारमा हुनु पर्दछ ।

समन्वय समितिका अनुसार अल्पसंख्यक समुदाय र महिलाहरुलाई आरक्षण (संरक्षित स्थानको व्यवस्था) को प्रक्रियाबाट जातीय सभामा प्रतिनिधित्व गराइनु पर्ने र यसका लागि निश्चित प्रतिशतको व्यवस्था संविधानमा गर्नु पर्ने कुरामा जोड दिएको छ (समन्वय समिति, २०६०: १४) ।

नीति निर्माण तहको रुपमा जातीय सभालाई लिदैं समन्वय समितिले कार्यकारी अधिकारमा प्रतिनिधित्वका लागि पनि सुझाव दिएको छ । जस अनुसार जातीय सभा र प्रतिनिधि सभाको संयुक्त सदनले छानेको नेताको नेतृत्वमा सबै राष्ट्रिय स्वायत्त प्रदेशहरुबाट कम्तिमा एक एक जना र अन्य विभिन्न समुदायहरुबाट मिलाएर समानुपातिक प्रतिनिधित्को आधारमा केन्द्रीय सरकार बन्नु पर्दछ । यसको व्यवस्था, विभाग र सदस्य संख्या समेत संविधानमा नै तोकिनु पर्दछ (समन्वय समिति, २०६०: १५) ।

के.वी. गुरुङले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाहरुको ढाँचा सबै तह - राज्य, क्षेत्र, इलाका र कम्यूनमा दिएका छन् । जस अनुसार व्यवस्थापिकाको रुपमा राज्य स्तरमा जातिय सभा र र प्रतिनिधित्व, क्षेत्रमा स्वशासित क्षेत्रीय सभा, इलाका स्तरमा स्वशासित इलाका सभा र कम्यून स्तरमा स्वशासित जनकम्यून रहने छन् । राज्यको सर्वोच्च अङ्गको रुपमा जातिय सभा र जनप्रतिनिधि सभा मिलेर बनेको विधायिका परिषद् हुनेछ । जातिय सभाको गठन समानुपातिक निर्वाचन प्रणालीबाट हुन्छ । यसमा कम जनसंख्या भएको जातिको पनि कम्तिमा १/१जना प्रतिनिधि अनिवार्य हुनेछ । तर उनका अनुसार जनप्रतिनिधि सभामा राज्यको निर्वाचन क्षेत्र र जातिय समानुपातिक निर्वाचन क्षेत्रबाट निर्वाचित ५०/५० प्रतिशत, स्वशासित क्षेत्रका प्रमुखहरु पदेन र निश्चित संख्या मजदुरबाट निर्वाचित मजदुरहरु प्रतिनिधित्व हुन्छ । त्यसरी नै स्वशासित क्षेत्रीय सभामा समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित प्रतिनिधिहरु, इलाका सभाका प्रमुखहरु पदेन प्रतिनिधिहरु हुनेछन् । इलाका सभामा समानुपातिक प्रणालीद्वारा प्रतिनिधिहरु हुनेछन् । यी दुवैमा निश्चित संख्या मजदुरबाट निर्वाचित र अपांगहरुबाट निश्चित आरक्षित प्रतिनिधिहरुको सहभागिता रहने छ । स्वशासित जनकम्युनमा भने समानुपातिक निर्वाचन प्रणालीमा निर्वाचित जनप्रतिनिधिहरु हुन्छन् ( गुरुङ, .....) ।

उनले कार्यपालिकाको रुपमा राज्य, क्षेत्र, इलाका र कम्यूनमा क्रमशः मन्त्री परिषद्, क्षेत्रीय परिषद्, इलाका परिषद् र जनकम्यून परिषद्को प्रस्ताव गरेका छन् । यिनीहरुको गठनको हकमा भने निर्दिष्ट कानुनका आधारमा सम्वन्धीत सभामा निर्वाचित जनप्रतिनिधीहरु हुने राय उनको रहेको छ । यसमा उनले जातिय क्षेत्रीय स्वशासनको मान्यता अनुरुप सम्वन्धित निकायहरुमा कार्यकारी प्रमुख त्यही स्वशासनको प्रमुख जाति/जनजातिहरुबाट नै हुने प्राधिकार रहने उल्लेख गरेका छन् (गुरुङ, .....) ।

उनले न्यायपालिकामा सर्वोच्च न्यायलय, स्वशासित उच्च न्यायलय, सामान्य उच्च न्यायलाय, इलाका न्यायलय, इलाका सामान्य न्यायलय र न्याय समितिहरुको प्रस्ताव गरेका छन् । यी सबै तहका न्यायलयहरुमा ५० प्रतिशत न्याय सम्पादन कार्यसंग संलग्न विज्ञहरुबाट आवधिक निर्वाचनबाट निर्वाचित र ५० प्रतिशत न्यायीक क्षेत्रवाट पदोन्नतीका आधारमा निर्माण गर्ने प्रस्ताव गरेका छन् । तर न्याय समितिमा भने निर्वाचनबाट ७५ प्रतिशत र न्यायीक क्षेत्रबाट पदोन्नतीको आधारमा २५ प्रतिशत हुनु पर्ने उल्लेख गरेका छन् । जातिय स्वशासनको मान्यता अनुसार न्यायीक कार्यकारी प्रमुख सम्वन्धीत स्वशासित तहको प्रमुखजाति र जनजातिहरुबाट नै हुने प्राधिकार रहने कुरामा उनले जोड दिएका छन् (गुरुङ, .....) ।

राज्य संरचना (जातिय-क्षेत्रीय स्वायत्तता) का पक्षधर राजेन्द्र श्रेष्ठले पनि व्यवस्थापकीय ढाँचामा माथिल्लो सभा 'जातिय सभा' र तल्लो सभा 'जनप्रतिनिधि सभा' को प्रस्ताव गरेका छन् । यी सभामा प्रतिनिधित्वका लागि उनले समानुपातिक प्रतिनिधित्वको चुनाव प्रणाली अवलम्वन गर्नु पर्ने उनको राय छ । उनका अनुसार जातिय सभामा जातीय/क्षेत्रीय स्वायत्त प्रदेशहरुबाट तोकिएको संख्यामा आदिवासी जनजाति, दलित, महिला र पिछडिएको क्षेत्रका ख्यातिप्राप्त व्यक्तिहरुलाई समानुपातिक प्रतिनिधित्वको आधारमा निर्वाचित गरेर पठाउने छन् । जनप्रतिनिधि सभामा दलहरुले पाएको मतको आधारमा प्रतिनिधित्वको व्यवस्था हुनेछ । तर उनले यस किसिमको निर्वाचन प्रणालीले दलहरुभीत्र आन्तरिक प्रजातन्त्रको अभावमा लोकप्रिय व्यक्ति भन्दा नेता निकट व्यक्तिहरु निर्वाचित हुने संभावना व्यक्त गर्दै मिश्रित निर्वाचन पद्धति अपनाउन

...नुसार आधा संख्यामा 'पहिलो हुनेले जित्ने' निर्वाचन पद्धतिवाट र आधा संख्या ...चित गर्न सकिन्छ (मूल्यांकन, २०६१, माघ) ।

...को बहुमतको आधारमा प्रधानमन्त्री चयन गर्ने शासन प्रणाली असफल भएको ...द्वारा चुन्ने गरी देशको जनप्रतिनिधि सभा र जातिय सभाको संयुक्त बैठकको ...क्षेत्रीय स्वायत्त प्रदेशहरुवाट न्यनतम एकजना पर्ने गरी निश्चित मत प्राप्त ...निधित्व रहेको सहमतिय सरकार बनाउनु उपयुक्त हुने विचार व्यक्त गरेका छन्

...जनताले आ-आफ्नो मातृभाषा, देशमा प्रचलित भाषा तथा एउटा अन्तर्राष्ट्रिय ...व्यवस्था हुने पर्ने" उल्लेख गरेका छन् । उनले शिक्षा र सरकारी कामकाजमा ...भाषाको प्रयोग गर्ने अधिकार स्थापित गर्नु पर्नेमा जोड दिएका छन् (मूल्यांकन,

...स्कृति

...क्षेत्रीय स्वायत्तताका पक्षधरहरुको राज्य धर्म निरपेक्ष हुने पर्ने सवालमा समान

... एवं संस्कृतिहरुलाई आदर सम्मान गर्दै सबै धर्महरुप्रति समानताको नीति ...नागरिकको बैयक्तिक आस्था र स्वतन्त्रताको विषय हो । त्यसैले नेपाललाई धर्म ...र्दछ र राज्यको राष्ट्रिय गान, राष्ट्रिय चिन्ह वा प्रतिकहरु बहुलसांस्कृतिक ...र्दछ (समन्वय समिति, २०६०: १२) ।

...र्वको विदाको सन्दर्भमा पनि आफ्नो राय दिएका छन् । उनका अनुसार खास ...अन्य सबै समुदायहरुलाई आ-आफ्नो चाडपर्वहरुमा विदा लिन पाउने गरी ...नु पर्दछ । परम्परागत कानुन आदिवासीहरुको आफ्नै मौलिक कानुन हो र यो ...जीवनको अभिन्न अंगको रुपमा रहेको हुन्छ । यस सम्वन्धमा राजेन्द्र श्रेष्ठले ...ाउनुको साथै स्वायत्त अंगहरुले आ-आफ्नै परम्परागत कानूनलाई देशको मूल ...ामा ल्याउन पाउनु पर्ने" कुरामा जोड दिएका छन् (मूल्यांकन, २०६१, माघ) ।

...कृतिक श्रोत सम्वन्धी अधिकार

...संग अन्योन्याश्रित सम्वन्ध रहेको हुन्छ । यसमा उनीहरुको पहिचान र विकास ...क श्रोत सम्वन्धी अधिकारका सवाल आदिवासी जनजातिहरुको अत्यन्तै महत्व ...मा जातिय स्वशासन र जातिय क्षेत्रीय स्वायत्तताको पक्षका बहसकर्ताहरुको

...ा आदिवासीहरुको अग्राधिकार हुनु पर्ने कुरा गरेका छन् (मूल्यांकन, २०६१,

...सार विभिन्न स्तरका स्वायत्त अंगहरुमा अल्पसंख्यकहरुलाई समानुपातिक ...ो व्यवस्था गर्नु पर्दछ । यसका साथै, आफ्नो अलग्ग जातिय तथा क्षेत्रीय ...रिएर रहेका आदिवासी जनजाति, दलित तथा भाषिक समुदायहरुलाई आ-...नाइ प्रतिनिधित्वको विशेष व्यवस्था गरिनु पर्दछ (मूल्यांकन, २०६१, माघ) ।

समन्वय समितिले 'राज्यको सेवा सुविधामा विपन्न र पिछडिएको वर्ग, क्षेत्र वा समुदायलाई विशेष आरक्षणको व्यवस्था पनि संविधानले गर्नु पर्ने' मत राखेको छ (समन्वय समिति, २०६०:१४) ।

२.२३ आत्मनिर्णयको अधिकार

राजेन्द्र श्रेष्ठले 'जातिय स्वशासन र आत्मनिर्णयको नारा उदार पूँजीवादी नारा हो' भन्दै विश्वमा जातिय आत्मनिर्णय र स्वशासनको दुई रुपको उल्लेख गरेका छन् । उनका अनुसार पहिलो, जनमत संग्रहको माध्यमबाट स्वतन्त्रता हासिल गरी पृथक राष्ट्रको निर्माण गर्नु र दोश्रो, एउटै देशभीत्र स्वायत्तता प्राप्त गरी स्वशासन कायम गर्नु । यसमा उनी दोश्रो रुपको पक्षलाई उपयुक्त देख्दछन् (मूल्यांकन, २०६१, माघ) ।

समन्वय समितिले 'स्वशासनको व्यवस्था आफैमा एक अत्यन्त लोकतान्त्रिक अभ्यास हो तर यो उनीहरुले आफ्नो बारेमा आफै निर्णय लिन पाउने अधिकारको अभावमा पूर्ण नहुने' भनाइ राखेको छ । समितिका अनुसार स्वशासनलाई पूर्ण बनाउनका लागि राज्यले उनीहरुको आत्मनिर्णयको अधिकारलाई सिद्धान्ततः संबैधानिक रुपमा स्वीकार गर्नु पर्दछ (समन्वय समिति, २०६०: १४) ।

३. क्षेत्रीय स्वायत्तता

क्षेत्रीय स्वायत्तताको पक्षधरहरुले पनि एकात्मक राज्य व्यवस्थाको ठाउँमा क्षेत्रहरुको विभाजन गरी विकेन्द्रीत र क्षेत्रीय स्वशासनका कुराहरु उठाएका छन् ।

नेपालको सन्दर्भमा राज्य पुनर्संरचना विकेन्द्रीकरण र स्वशासनमा आधारित हुनु पर्दछ भन्ने मान्यता राख्नेमा शंकर पोखरेलका मत रहेको छ । उनका अनुसार एकात्मकतावादी राज्यको ठाउँमा बहुलवादी र एकिकृत, केन्द्रीकृत राज्यका ठाउँमा विकेन्द्रीत र क्षेत्रीय स्वशासनमा आधारित राज्यको विकास गर्ने कुरा नै नेपालको सन्दर्भमा उपयुक्त हुन्छ (पोखरेल, २०६१:५२) ।

नरहरि आचार्यले 'पद्धतिलाई लोकतान्त्रिक बनाउने प्रयत्न गर्दा गर्दै पनि राज्यको संरचना लोकतान्त्रिक गर्न नसकेको' स्वीकार्दै भनेका छन् - "अबको नयाँ राज्यको ढाँचामा नेपाललाई विकेन्द्रीत संरचनामा लानैपर्छ । र, त्यसलाई संघिय वा अर्धसंघिय वा प्रादेशिक संरचना जे भने पनि केन्द्रीय वर्चस्वको शासन र प्रणालीलाई अन्त्य गर्नै पर्ने अवस्था आएको छ ।" (मूल्यांकन, २०६०:चैत्र) ।

चैतन्य मिश्रले राज्यको पुनर्संरचना गर्दा विकेन्द्रीकरण प्रादेशिक आधारमा गरिनु पर्ने मत राखेका छन् । उनले 'विभिन्न जातिय समूहरुको अस्तित्व हनन' भएको वस्तुगत आधार भएता पनि यसलाई आधार मान्नु अनुपयुक्त हुने कुरा गरेका छन् । उनले भनेका छन् -"...जातिय आधारमा गरिने विकेन्द्रीकरण नौलो जनवादसंग, पूँजीवादी प्रजातन्त्रको पूर्णतासंग वा समाजवादसंग पनि संगतिलो छैन । शुद्ध जातिय आधारमा गरिने विकेन्द्रकरण वास्तवमा सामन्ती र अहंकारवादी विकेन्द्रीकरण मात्रै हुनसक्छ ।' (मूल्यांकन, २०६१, वैशाख) ।

३.१ प्रदेशहरुको विभाजन

शंकर पोखरेलले 'विकेन्द्रीकरण र स्वशासन' यी दुइ तत्वलाई सैद्धान्तिक आधारको रुपमा लिएका छन् । यी दुइलाई आधार लिदै उनले राज्यको पुनर्संरचनाका लागि क्षेत्रहरु विभाजन गर्नलाई जातीय संघनता, भौगोलिक अवस्थिति, सांस्कृतिक सम्मिलनको अवस्था, भाषाको प्रयोग, प्रशासनिक सुगमता, आर्थिक अन्तर निर्भरता आदि पक्षलाई ध्यानमा राख्नु पर्ने राय दिएका छन् (पोखरेल, २०६१:५२) । शंकर पोखरेलले क्षेत्रहरु विभाजनको आधारहरु प्रस्तावित गरेता पनि त्यसमा आधारित क्षेत्रहरुको प्रस्ताब गरेका छैनन् ।

नरहरि आचार्यका अनुसार केन्द्रीय शासनलाई विकेन्द्रीत गरेर प्रादेशिक संरचनामा र त्यस अनुसार स्थानीय स्वायत्त निकायहरुमा सरकारलाई फैलाउने विचार राखेका छन् (मूल्यांकन, २०६०:चैत्र) । तर उनले

प्रादेशिक तथा स्थानीय निकायहरुको विभाजनका आधार र त्यसमा आधारित भइ प्रदेशहरुको विभाजन प्रस्तावित गरेका छैनन् ।

शंकर पोखरेल, नरहरि आचार्यले जस्तै चैतन्य मिश्रले पनि प्रदेश विभाजनका आधारहरु दिएका छैनन् । तीन जनामा शंकर पोखरेलले 'जातिय संघनता, सांस्कृतिक सम्मिलनको अवस्था र भाषाको प्रयोग' समेत लाई प्रदेश विभाजनमा ध्यान दिनु पर्ने पक्षहरु भनेर उल्लेख गरेका छन् भने चैतन्य मिश्रले 'शुद्ध जातिय आधारमा गरिने प्रदेश विभाजन' अनुपयुक्त हुने विचार व्यक्त गरेका छन् । उनको प्रादेशिक स्वायत्तताको प्रदेश विभाजन शुद्ध भौगोलिक आधारमा मात्र गरिनु पर्ने मनसाय रहेको देखिन्छ । तर यसलाई आधार मानि उनले प्रदेश विभाजन भने प्रस्तावित गरेका छैनन् ।

३.२ केन्द्र र प्रदेशबीच अधिकार विभाजन

शंकर पोखरेलले केन्द्रीकृत राज्यलाई विकेन्द्रीत गर्ने भनेता पनि केन्द्रीय सत्ता र क्षेत्रहरुको अधिकार विभाजनका विषयमा आफ्नो राय दिएका छैनन् । शंकर पोखरेलको भैं नरहरि आचार्यले पनि विकेन्द्रीकरणको कुरा गर्नु भएको छ तर कति अधिकार केन्द्रलाई रहने कति प्रदेशमा जाने भन्ने कुरालाई उल्लेख गरेका छैनन्।

चैतन्य मिश्रले पनि विकेन्द्रकरणलाई प्रमुखता दिएका छन् । उनका अनुसार शक्ति, अधिकार र दायित्वको विकेन्द्रकरणलाई महत्वपूर्ण स्थान दिइनु पर्दछ । उनले "क्षेत्रीय, जिल्ला र स्थानीय तहको निर्वाचित जनप्रतिनिधिहरुको सभालाई तीनै ठाउँमा सकेसम्म बढी कार्यभार दिइनु पर्ने" राय व्यक्त गरेका छन् ( मूल्यांकन, २०६१, वैशाख) ।

चैतन्य मिश्रले प्रादेशिक विकेन्द्रीकरणको पक्षमा वकालत गर्दै संघीय प्रणालीलाई 'शब्दको भगडा' मानेका छन् । उनको विचारमा व्यापक र अधिकतम स्वायत्तता भयो भने प्रादेशिक स्वायत्तता संघीयताको बराबार हुन्छ । यसतो स्वायत्ततामा परराष्ट्र नीति, वित्त तथा मौद्रिक नीति, रक्षा नीति जस्ता क्षेत्रमा बाहेक केन्द्रले हस्तक्षेप गर्न नपाउने भनेर उल्लेख गरेका छन् । उनका अनुसार क्षेत्रीय, जिल्ला र गाउँतहमा उनीहरुको निर्वाचित निकायको मातहतमा जनजीविका, सामाजिक कल्याण, शिक्षा, स्वास्थ्य, स्थानीय वाटोघाटो, भाषा र संस्कृतिका अधिकारहरु रहन्छ (मूल्यांकन, २०६१, वैशाख) ।

३.३ केन्द्र र प्रदेशबीच आर्थिक सम्वन्ध

प्रादेशिक स्वायत्ततामा आर्थिक हिसावले प्रदेशहरुको स्वायत्तताको स्तर मापन गर्दछ । केन्द्रमुखि आर्थिक ढाँचाले प्रदेशको स्वायत्ततालाई पंगु बनाउने मतहरु रहेको छ । यस सम्वन्धमा प्रादेशिक स्वायत्तताको पक्षमा वहस गर्ने शंकर पोखरेल र नरहरि आचार्य दुवैले केही बताएका छैनन् । तर यस सम्वन्धमा चैतन्य मिश्रले विस्तृत रुपले धारणा दिएका छन् । उनले विकेन्द्रकरणबाट खास गरेर प्रदेशलाई र केही हदसम्म जिल्ला तहलाई मात्र बलियो वनाउने कुरालाई इंकित गर्दै अब गाउँ र वार्डसम्म शक्ति र अधिकार विकेन्द्रीत गर्नु पर्नेमा जोड दिएका छन् । उनले "...अवको राज्य संरचनामा गाउँ र वार्डलाई त्यहाँको साधान-श्रोत संचालन गर्ने, स्कूल संचालन गर्ने, जमीनमाथिको प्रशासन चलाउने, सुरक्षा गर्ने, सूचना बटुल्ने र विश्लेषण गर्ने, कर्मचारी भर्ना गर्ने, विकास कार्य गर्ने आदि अधिकार विकेन्द्रीत गरिनुपर्छ ।" भनेका छन् । उनले श्रोत-साधन गाउँ वार्ड तहमा परिचालन गरी जम्मा भएको रकम जिल्ला, प्रदेश र केन्द्रलाई पठाउनु पर्ने धारणा राखेका छन् । कुनै श्रोत-साधन प्रर्याप्त नभएको क्षेत्रको हकमा भने केन्द्रवाट श्रोत विकसित गर्ने तुल्याउन स्थिति निर्माण गरिनु पर्छ र उनका अनुसार यो क्षणिक अवधिका लागि मात्र हुनेछ (मूल्यांकन, २०६१, वैशाख)।

चैतन्य मिश्रले प्रदेश, जिल्ला र गाउँ नगर तहलाई कर र बजेट तर्जुमा गर्ने अधिकारको पनि उल्लेख गरेका छन् । उनका अनुसार प्रादेशिक तह, जिल्ला तह र गाउँ नगर तहमा सबैको स्थानिय निर्वाचित संसद हुन्छ । उनले "ती स्थानीय संसदहरुलाई कर लगाउने हक हुन्छ । आफ्नो बजेट र योजना आफै तर्जुमा गर्ने

हक हुन्छ, अनि आफ्नो स्थानीय श्रोत साधनको निश्चित हिस्सामाथिको हक पनि रहने" भनाइ आगाडी सारेका छन् (मूल्यांकन, २०६१, वैशाख)।

३.४ प्रदेश र प्रदेश अन्तर्गतका निकायहरु

शंकर पोखरेलका अनुसार नेपाललाई केन्द्र, क्षेत्र र स्थानीय निकाय गरी तीन तहमा विभक्त गरिनु पर्दछ (पोखरेल, २०६१:५२)।

चैतन्य मिश्रले प्रदेश अन्तर्गत जिल्ला र गाउँ नगर चार तहमा विभक्त गरिनु पर्ने राय दिएका छन्। उनले "...अधिकांश नागरिकको कर्मथलो मूलतः आफ्नो समुदाय र गाउँ हो। यी तहहरुलाई बलियो बनाउन राजनैतिक कार्यको संघनताको आवश्यकता पर्दछ।" भनेका छन् (मूल्यांकन, २०६१, वैशाख)।

३.५ प्रतिनिधित्व

शंकर पोखरेलले "वर्तमान राष्ट्रिय सभाको स्वरुपलाई परिवर्तन गरी जातिय सभा (ज्यगकभ या लबतष्यलवष्तिभक) को रुपमा विकास गरिनु उपयुक्त देखिन्छ।" भनेका छन् (पोखरेल, २०६१:५२)। निर्वाचन पद्धतिको सन्दर्भमा भने उनले 'प्रत्यक्ष निर्वाचन र समानुपातिक निर्वाचन प्रणालीको संयोजित स्वरुप उपयुक्त हुने' राय दिएका छन् (पोखरेल, २०६१:५३) । उनका अनुसार यसबाट हाल निर्वाचनमा देखिएका व्यक्तिवादी प्रवृतिलाई निरुत्साहित गर्नुका साथै सबै समुदायको समान प्रतिनिधित्वको विकास समेत गर्न सकिने छ।

प्रतिनिधित्वको सवालमा नरहरि आचार्यको मत भिन्न किसिमको रहेको छ। उनले प्रतिनिधित्वको सन्दर्भमा भनेका छन् - "जतिसुकै मात्रामा प्रतिनिधित्वपूर्ण बनाउन खोज्दा पनि केन्द्रीय सत्तामा सबै किसिमको प्रतिनिधित्व सम्भव नहुन सक्छ।" उनका अनुसार यसतो अवस्थामा प्रादेशिक र स्थानीय निकायहरुमा सरकार रहने व्यवस्था हुने भएकोले यसता संरचनाले सबैको शासनमा सहभागितापूर्ण र प्रतिनिधित्वपूर्ण बनाउने परिस्थिति सिर्जना हुनसक्छ, (मूल्यांकन, २०६०:चैत्र)।

प्रतिनिधित्वको सवालमा चैतन्य मिश्रको मत नरहरि आचार्यको भन्दा अत्यन्तै भिन्न रहेको छ। चैतन्य मिश्रले "राज्यसत्ता र व्यवस्थामा जातिय, लैङ्गिक, वर्गीय तथा ट्रेडयुनियनजस्ता पेशागत संघसंस्थाको प्रतिनिधित्व पनि हुनु पर्छ" भन्ने मान्यता राख्नु हुन्छ (मूल्यांकन, २०६१, वैशाख)। यसका लागि उनले 'अहिले भइरहेको चलनलाई परिवर्तन गरेर दलीय आधारमा प्रदेशहरुको आनुपातिक प्रतिनिधित्व हुनेगरी तल्लो सदनको व्यवस्था गरिनु पर्ने' राय दिएका छन्। उनले माथिल्लो सभालाई शंकर पोखरेलले झैं जातिय सभामा परिवर्तन नगरि 'माथिल्लो सदनमा जातिय, लैङ्गिक, वर्गीय, भाषिक, पेशागतआदि क्षेत्रहरुबाट पनि प्रतिनिधित्व हुनु पर्ने' कुरामा विचार व्यक्त गरेका छन् (मूल्यांकन, २०६१, वैशाख)।

चैतन्य मिश्रले प्रदेश, जिल्ला र गाउँ तहहरुमा निर्वाचित संसदको रुपमा क्रमशः प्रादेशिक प्रतिनिधि सभा, जिल्ला प्रतिनिधि सभा र गाउँ जनप्रतिनिधि सभाको अवधारणा प्रस्तुत गरेका छन्। उनको विचारमा सबै राजनीतिक तहहरुमा आनुपातिक प्रतिनिधित्वको प्रणाली हुनु पर्दछ। चैतन्य मिश्रका अनुसार भाषागत, धर्मगत, संस्कृतिगत लगायत वर्गीय, पेशागत, लैङ्गिक विविधतालाई राज्य प्रणालीमा सहभागि गराउनका लागि आनुपातिक प्रतिनिधित्व प्रणाली उपयुक्त हुन्छ (मूल्यांकन, २०६१, वैशाख)।

३.६ भाषा

शंकर पोखरेलले नेपालमा बोलिने भाषालाई 'राष्ट्र भाषा र राष्ट्रिय भाषा' भनेर वर्गीकरण गर्नका कारण अस्पष्ट रहेको र प्रजातान्त्रिक अभ्यासका १२ वर्षमा राष्ट्रिय भाषाको सामाजिक र राष्ट्रिय हैसियत समेत स्पष्ट हुन नसकेको उल्लेख गरेका छन्। उनले "प्रत्येक जाति र समुदायका मानिसहरुलाई आफ्नो मातृभाषाको अकुण्ठीत प्रयोग र विकासको अधिकार रहन्छ। राज्यले आफ्नो मुलुकका नागरिकहरुको भाषाको संरक्षण र विकासका लागि निश्चित दायित्वहरु वहन गर्नु पर्दछ। राज्यले वहन गर्ने यस प्रकारको

दायित्वहरुमा समान व्यवहार समेत हुनु पर्दछ । जहाँसम्म सम्पर्क भाषाको रुपमा कुन कुन भाषाको प्रयोग गर्ने भन्ने कुरा सम्बन्धित तहका जनताको आवश्यकतमा भर पर्ने कुरा हो ।" भनेका छन् (पोखरेल, २०६१:५५) । उनका अनुसार नेपालमा सम्पर्क भाषाको रुपमा तिनभाषा नीतिलाई उपयुक्त मानेका छन् । तर कहाँ कुन भाषालाई माध्यम भाषा बनाउने कुरा सम्वन्धित ठाउँका जनताको प्रजातान्त्रिक छनौटबाट नै निश्चित गरिनु पर्दछ (पोखरेल, २०६१:५५) ।
चैतन्य मिश्रले " सिद्धान्तमा सबै भाषालाई बराबर हैसियत दिने कार्य गरिनु पर्दछ । तर व्यवहारमा जुन जुन भाषा जहाँ जहाँ बढी चलनचल्तीमा छ, त्यहाँ त्यहाँ २ ३ बटा भाषालाई सरकारी कामकाजमा प्रयोग गर्नुपर्ने हुन्छ ।" भनेका छन् (मूल्यांकन, २०६१, वैशाख) ।

### ३.७ धर्म तथा संस्कृति

शंकर पोखरेलले "राज्यको स्वरुप र चरित्रका सन्दर्भमा नेपाल राज्यलाई धर्म निरपेक्ष राज्य बनाउने कुरा पनि त्यतिकै महत्वका विषय हो ।" भनेका छन् (पोखरेल, २०६१:५२) । संस्कृतिको संरक्षणको सन्दर्भमा उनले नेपाल वहुजातिय, वहुभाषिक र बहुसांस्कृतिक मुलुक भएको उल्लेख गर्दै "कुनै जाति र सम्प्रदायको धर्म, संस्कृति र परम्पराको संरक्षण तथा विकासको सवाल मुलत: सम्बन्धित समुदायको अग्राधिकारको सवाल हो । तर राज्यले कुनै जाति र सम्प्रदायको चाडपर्व र संस्कृति विशेषलाई राष्ट्रिय पर्वका रुपमा स्वीकार्ने र अन्य जाति र समुदायको त्यस्तै अवसरलाई उपेक्षा गर्ने कुरालाई अन्त्य गरिनु पर्दछ । राज्यको तर्फबाट सबै प्रति समान व्यवहार हुने कुरालाई सुनिश्चितता प्रदान गरिनु पर्दछ ।" भनेका छन् (पोखरेल, २०६१:५६) ।

चैतन्य मिश्रले अब निर्माण हुने संविधान पूर्णतय धर्मनिरपेक्ष हुनु पर्नेमा जोड दिएका छन् । उनले "धर्ममा राज्यले दखल दिनु हुँदैन । धर्म व्यक्तिगत आस्था वा इच्छाको क्षेत्र हुनु पर्छ, राज्यको होइन । धर्म व्यक्तिको निजी मामिला हुनुपर्छ र राज्य पूर्णतया धर्मनिरपेक्ष हुनुपर्छ ।" भन्ने कुरामा जोड दिएका छन् ( मूल्यांकन, २०६१, वैशाख) ।

नरहरि आचार्य राजनैतिक रुपमा संरचनागत हिसावले सबैको सहभागिता र प्रतिनिधित्व हुने परिस्थितिका कारणले विभिन्न भाषा, जात, धर्म र संस्कृति, उपासना आदिमा पनि उनीहरुलाई स्वतन्त्र ढंगले निर्णय गर्ने अधिकार प्राप्त हुने मान्यता राख्छन् (मूल्यांकन, २०६० चैत्र) ।

### ३.८ भूमि तथा प्राकृतिक श्रोत सम्वन्धी अधिकार

आदिवासी जनजातिका लागि भूमि तथा प्राकृतिक श्रोत सम्वन्धी अधिकार महत्वपूर्ण अधिकार हो । यस सम्वन्धमा शंकर पोखरेलले कुनै राय दिएका छैनन् । तर उनले भूमि सम्वन्धी जनताको अधिकारको कुरा उठाएका छन् । उनका अनुसार भूमिमाथि प्रत्येक नागरिकलाई आफ्नो मुलुकमा बस्ने, जीवन निर्वाहका लागि श्रम गर्ने र आफ्नो संस्कार र संस्कृति अनुरुप प्रकृतिको उपभोग गर्ने अधिकार छ । राज्यले उसको त्यस अधिकारलाई रक्षा गर्नु पर्दछ (पोखरेल, २०६१:५५) ।

चैतन्य मिश्रले भूमिको सम्वन्धको बारेमा भूमिसुधार र उत्पादकत्वमा वृद्धि गर्ने कुरा अगाडी सारेका छन् । उनले 'जसको जोत उसको पोत' नारालाई उचित मान्दै कृषि सम्वन्धी श्रोतको विभाजन श्रमिकको पक्षमा हुनु पर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार फाल्तु अवस्थामा राखिएको जग्गा, बाँझो राखिएको जमिनलाई र खेर गएको जमिन किसानहरुलाई वितरण गरिनु पर्दछ । उनले आदिवासी जनजातिको सन्दर्भमा भूमिमाथिको उनीहरुको अधिकारको बारेमा कुनै धारणा प्रस्तुत गरेका छैनन् (मूल्यांकन, २०६१, वैशाख) ।

### ३.९ विषेश उपाय

यस विषयमा पनि शंकर पोखरेल र नरहरि आचार्य दुवैले कुनै अवधारणा प्रस्तुत गरेका छैनन् । चैतन्य मिश्रले भने महिलाहरुलाई राजनैतिक क्षेत्रमा र दलितहरुलाई शिक्षा र रोजगारको क्षेत्रमा आरक्षणको आवश्यकता भएको बताएका छन् । उनका अनुसार महिलाहरुलाई राजनैतिक क्षेत्रमा राजनैतिक पार्टीहरुले

२५ प्रतिशतसम्म उठाउनु पर्ने प्रावधान राख्नु पर्ने र यो व्यवस्था महिला र पुरुष बराबर नभएसम्म राख्नु पर्ने हुन्छ । यसका साथै, आरक्षित महिलाहरुको गुणस्तरमा पनि बढाउनु पर्ने मा जोड दिएका छन् । उनले आदिवासी जनजातिहरुको पक्षमा आरक्षण वा विशेष उपायको बारेमा केही नभनि 'आर्थिक हैसियतका आधारमा आरक्षणको पद्धति निर्माण गर्न सकिने' राय व्यक्त गरेका छन् (मूल्यांकन, २०६१, वैशाख) ।

३.१० अल्पसंख्यकहरुको अधिकार

यस सवालमा पनि शंकर पोखरेलको धारणा छैन ।

३.११ आत्मनिर्णयको अधिकार

यस विषयमा शंकर पोखरेलले आफ्नो विचार राखेका छैनन् ।

४. राज्य पुनर्संरचना र बहशहरु

राज्य पुनर्संरचना संविधानसंग सम्बन्धीत विषय हो । नेपालको वर्तमान संविधानमा भएको व्यवस्थाको परिवर्तन विना राज्य पुनर्संरचना हुनै सक्दैन । यसका लागि तिनवटा तरिकाहरु राजनैतिक र बौद्धिक समुदायहरुबीच चर्चा परिचर्चा हुदैं आएको छ । पहिलो, संविधान संशोधन गरेर, दोश्रो संविधानको पुर्नलेखन गरेर र तेश्रो नयाँ संविधानको निर्माण गरेर । तर यी तिनवटा मध्ये पहिलो र दोश्रो बाटाहरु पनि समयसंगसंगै असान्दर्भिक हुदैं गए र हाल आएर तेश्रोमा छलफल केन्द्रीत भएको छ । यसमा पनि अब प्रक्रियागत विषयमा मात्र छलफल केन्द्रीत हुन पुगेको छ ।

गोविन्द न्यौपानेले संविधान सभाको निर्वाचन गर्ने र त्यसले नेपाली जनतालाई आफ्नो संविधान आफ्नै निर्वाचित प्रतिनिधिहरुलाई बनाउन दिने जनतामा अधिकार हुनु पर्ने राय विचार व्यक्त गरेका छन् । उनले 'जातीय संघात्मक व्यवस्थाको रचना त्यस्तो प्रयत्नको कार्यसूचीमा रहनु स्वाभाविक हुन्छ' भनेका छन् (न्यौपाने, २०००:१५९) ।

संविधान निर्माणका लागि संविधान सभाको निर्वाचन आफैमा उच्चतम प्रजातान्त्रिक अभ्यास हो । यसतो निर्वाचनमा पूर्व तयारीका लागि समन्वय समितिले '...माओबादीसहित राजनैतिक दलहरु, नागरिक समाज (गैरसरकारी संघसंस्था)का प्रतिनिधिहरु, विभिन्न जनवर्गीय संघसंगठनहरुका प्रतिनिधिहरु, आदिवासी जनजाति, दलित, महिला एवं उपेक्षित क्षेत्र वा सम्प्रदायका सामाजिक संघसंस्थाहरुका प्रतिनिधिहरुको 'सर्वपक्षीय राजनैतिक भेला' को आयोजना गर्नु पर्दछ । त्यसले 'अन्तरिम सरकार'को निर्माण गरी संविधान सभाको निर्वाचनका लागि आवश्यक आधारभूत म्याण्डेटहरु तय गर्नु पर्दछ र सो भेलालाई नै 'विधान सभा' को रुपमा 'संविधान सभा' को निर्वाचन एवं 'नयाँ संविधान' निर्माण भई सो प्रारम्भ नभएसम्मका लागि आवश्यक सबै निर्णय एवं नीतिनिर्माण गर्ने अधिकार दिइनुपर्दछ" भनि जोड दिएको छ (समन्वय समिति, २०६०: १९,२०)।

कृष्ण भट्टचनले संविधान सभा नै समस्या समाधानको एक मात्र उपायका रुपमा लिएका छन् । उनका अनुसार संविधान सभाको प्रतिनिधिहरु छनौट गर्दा मनोनयन र जथाभावि छान्ने प्रक्रियालाई हटाउनु पर्दछ । संविधान सभाको प्रक्रियाको बारेमा उनेले त्भ्मच क्थकतभ को प्रस्तावित गरेका छन् । यस प्रणाली अनुसार एउटा त्भ्मच जात, जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रीय समूहहरुको प्रतिनिधित्व हुन् भने अर्कोमा नागरिक समाज र राजनैतिक दलहरुको प्रतिनिधित्व हुनु पर्दछ । संविधान सभाका सदस्यहरुले देशका विभिन्न भागमा कार्यक्रम गरेर जनतासंग प्रत्यक्ष अन्तरक्रिया गर्नु पर्दछ । संविधान सभाको दुई तिहाई बहुमतले संविधानको मस्यौदा स्वीकृति जनाउनु पर्दछ र त्यसलाई जनमत संग्रहका माध्यमबाट नेपाली जनताले अनुमोदन गर्नु पर्दछ (द्यजबततबअजबल, द्ण्णघ) ।

कृष्ण भट्टचनले समावेशी प्रजातन्त्रका लागि प्रभावकारी प्रक्रियाका रुपमा जनमत संग्रह र एगदष्भि एचयउयकष्तष्यल लाई अपनाउनु पर्ने प्रस्ताव गरेका छन् । उनका अनुसार यसका लागि तिन तहमा- संघीय तहमा संघीय तहको सरोकार राख्ने प्रस्तावहरुको लागि, प्रादेशिक तहमा जाति र प्रदेशहरुसंग सरोकार राख्ने प्रस्तावका लागि र स्थानीय तहमा स्थानीय सवालहरुमा जनमत संग्रह गर्नु पर्ने हुन्छ (द्यजबततबअजबल, द्दण्ण्घ) ।

कृष्ण भट्टचनले एगदष्भि एचयउयकष्तष्यलका लागि भने तिन वटा क्षेत्रहरु अगाडी सारेका छन् । जस अनुसार संवैधानिक सवालहरु, कानुनी (िभनष्कबितष्खभ) सवाल र विकासका सवालहरु पर्दछन् । संवैधानिक सवालका लागि प्रत्येक १०/१० वर्षमा, कानुनी सवालमा प्रत्येक ५/५ वर्षमा र विकासका सवालमा प्रत्येक ५ वर्षमा जनमत संग्रह गर्नु पर्ने धारणा व्यक्त गरेका छन् (द्यजबततबअजबल, द्दण्ण्घ) ।

भवानी वरालले राज्य पुनर्संरचनाका लागि संविधान सभालाई साधनका रुपमा लिएका छन् । संविधान सभामा जान जान अघि भावि राज्य संरचना निर्माणका लागि जनसहभागिताको उच्च मूल्यांकन गर्दै तदनुरुपको अन्तरिम विधान वा व्यवस्था गरिनु पर्छ । यसतो व्यवस्था नभई एकात्मक राज्य प्रणालीले गरको विधान अन्तर्गतको निर्वाचन प्रणाली, प्रशासनिक व्यवस्था र निर्वाचन क्षेत्रको आधारबाट संविधान सभाको निर्वाचन गरे अपेक्षा गरिए अनुरुपको परिणाम नआउने तर्क भवानी वरालको रहेको छ (वराल, २०६१:१५१) ।

अन्य वहसकर्ताहरुले झैं शंकर पोखरेलले पनि संविधान निर्माण सार्वभौम जनतालाई दिनु उपयुक्त हुने र यसका लागि संविधान सभा नै उपयुक्त हुने कुरा अभिव्यक्त गरेका छन् । यसका प्रक्रियामा भने उनले "...संवैधानिक प्रकृयाको निरन्तरता र संविधानसभालाई समानान्तर रुपमा अघि बढाउने, राजकीइ सत्तको प्रयोग गर्ने अधिकार सहितको संविधान सभाको चुनाव, संविधानसभाको अधिकार सहितको संसदको चुनाव वा अन्तरिम सरकार र संविधानसभाको चुनाव आदि विकल्पहरु अघि आउन सक्छन् । ...तर कुनै वहानामा राज्यको वर्तमान स्वरुपलाई वाध्यताको रुपमा थोपर्ने र राज्यको पुनर्संरचना लगायतका अहं प्रश्नको समाधानका लागि हुने कुनै पनि प्रकृयामा जनताको भूमिकालाई परोक्ष बनाउने कुरा उपयुक्त हुन सक्दैन" भनेका छन् (पोखरेल, २०६१:५९) ।

नरहरि अचार्य र शंकर पोखरेल दुवैले राज्य पुनर्संरचनाको सवाललाई संविधान सभाले मात्र संवोधन गर्ने भन्ने विचारहरु राखेका छन् । नरहरि अचार्यका अनुसार मूल रुपमा संविधान निर्माण संविधान सभाको माध्यमबाट मात्र हुन सक्ने र यसमा प्रक्रियागत प्रश्नहरु मात्र बाँकि रहेको भनाइ रहेको छ । प्रक्रियाका सम्वन्धमा उनले जनताका प्रतिनिधिहरुमार्फत नयाँ संविधान लेख्नका नीम्ति संविधानसभा मार्फत जनताका प्रतिनिधिहरु एक ठाउँमा जम्मा हुने र वालिग नेपालीहरुले आफ्ना प्रतिनिधिमार्फत संविधान निर्माण गर्ने प्रक्रियामा प्रवेश गर्ने उपाय मात्र रहेको देखेका छन् (मूल्यांकन, २०६०) ।

चैतन्य मिश्रले राज्य पुनर्संरचनालाई निश्चित गर्ने दुई वटा बाटाहरु देखेका छन् । उनको विचारमा पहिलो बाटो संविधान सभा र दोश्रो बाटो संवैधानिक परिषद्को हो । दुवै बाटाहरु संविधान सभा वा संवैधानिक परिषद् दुइ वटै पनि अख्तियार गर्न सकिने मान्यता उनको रहेको छ । संवैधानिक परिषद्ले 'संविधानको अन्तरवस्तु के के हुनुपर्छ भन्ने प्रश्नको हल खोज्ने र संविधानसभाबाट चुनिएर आएका वा प्रतिनिधिसभाको सभाषदहरु सामु राखेर नयाँ संविधान निर्माण गर्न सकिने' चैतन्य मिश्रको मत रहेको छ । उनले संविधान परिषद्को निर्माण पार्टीहरुको गोलमेच सम्मेलनले तय गर्ने प्रक्रिया समेत उल्लेख गरेका छन् (मूल्यांकन, २०६१, वैशाख) ।

कृष्ण खनालले संविधान सभाको निर्वाचनलाई सर्वोत्तम प्रक्रियाको मानेका छन् । उनको विचारमा संविधान सभा मार्फत 'नेपालका सबै जातजाति, भाषाभाषिहरुले एकसाथ एकैचोटी सामूहिक आत्मनिर्णयको अधिकारको अभ्यास गर्न सक्ने' कुरामा जोड दिएका छन् (खनाल, २०६१:३७) ।

## परिच्छेद ३

### ३. अन्तरराष्ट्रिय धारण र अनुभवहरु

नेपाल अधिराज्यको संविधान-२०४७ को एक दशक भन्दा बढिको कार्यान्वयन पछि यस संविधानले नेपाल र नेपालीको आकाक्षाहरु पूरा गर्न नसकेको र नेपालको राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक मुद्दाहरुलाई सन्तोषपूर्ण रुपमा समाधानको मार्ग पहिल्याउन नयाँ संविधान बनाउनु पर्ने र राज्यको पुनरसंरचना गर्नु पर्ने आवाज विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बौद्धिक एवं राजनैतिक व्यक्तिहरुबाट उठिरहेको सन्दर्भमा अन्तर्राष्ट्रिय धारणा र अनुभवहरु बारे चासो बढ्नु र शिक्षाहरु सिकेर प्रयोगमा ल्याउनु पर्ने आवश्यकता देखिएको छ । नेपालको राज्य पुनरसंरचना र नयाँ संविधान निर्माण गर्ने सन्दर्भमा केही महत्वपूर्ण विदेशी संविधानहरु र नयाँ संविधान निर्माणको प्रकृयाबारे अध्ययन गरी यहा संक्षिप्त प्रस्तुत गरिएको छ ।

नेपालमा हाल उठिरहेका सांस्कृतिक, भाषिक, जातीय, धार्मिक, सामाजिक सवालहरुको साथै संघात्मक सरकार, जातीय स्वाशासन, गणतन्त्र र राजतन्त्र जस्ता विषयहरुलाई ध्यानमा राखी अन्तर्राष्ट्रिय संविधानहरुको अध्ययन गर्ने सिलसिलमा स्वीट्जरल्याण्ड, बेल्जियम, स्पेन, साउथ अफ्रिका, अफगानिस्तान, क्यानाडाका संविधानहरु बढि महत्वपूर्ण र सन्देशमूलक देखिएको छ भने केन्या र ग्वाटेमालाका नया संविधान निर्माणका प्रकृयाहरु शिक्षामूलक देखिन्छ । त्यसपछि सोलोमन आइलैण्डको संविधानमा विविध भाषाको प्रावधान र ग्रीनलैण्ड जस्ता अन्य केही स्वशाषित क्षेत्रहरुको बारे जान्नु लाभदायक देखिन्छ ।
यी संविधानहरुको अध्ययन अलावा सन् २००४ को यूएनडिपीको 'ह्यूमन डेभलोपमेण्ट रिपोर्ट' ले गरेको वर्तमान विश्वमा सांस्कृतिक विविधता र स्वतन्त्रताको व्याख्या पनि अति सान्दर्भिक देखिन्छ ।

### ३.१ मानव विकास सूचकांक प्रतिवेदन (ह्यूमन डेभलोपमेण्ट रिपोर्ट) २००४

यस प्रतिवेदनले भन्छ- समाजमा समावेशीकरणको लागि बढिरहेको मागलाई पूरा गर्न र उनीहरुको जाति धर्म र भाषालाई सम्मान गर्न प्रजातन्त्र र आर्थिक वृद्धि मात्र पर्याप्त छैन । बहुसांस्कृतिक नीतिको पनि अवाश्यकता पर्छ र भिन्नतालाई पहिचान गर्न विविधता र सांस्कृतिक स्वतन्त्रताको प्रवर्धन गर्न आवश्यक छ ता कि सबै जनताले आफ्नो भाषा बोल्न धर्म अभ्यास गर्न र आफ्नो संस्कृति निर्माण गर्ने कार्यत्रमा सहभागी हुन र आफ्नो पहिचान आफैले निर्धारण गर्न सम्भव हुन्छ । वहुसांस्कृतिक समाजको सम्मान गर्ने र सांस्कृतिक स्वतन्त्रताको प्रवर्द्धन गर्ने कार्य कुनै राज्यको नीतिगत र कानूनी प्रकृयामा मात्र सीमित भएर पुग्दैन । संविधान र न्याय प्रणालीमा नै आदिवासी जनजाति र अल्पसंख्यकहरुको संरक्षण र ग्यारेण्टीले मात्र बृहत स्वतन्त्रताको महत्वपूर्ण जग बसाल्न सकिन्छ । राजानैतिक संस्कृतिमै परिवर्तन नआइकन र नागरिकहरुले आफ्नो मात्र होइन अरुको पनि आकांक्षा र आवश्यकताको गम्भीरतापूर्वक कदर गरेर विचार, वेदना र कार्यमा समावेश हुन सक्दैन भने यथार्थमा स्वस्थ समाज र राजनीतिको निर्माण हुन सक्दैन ।

यस प्रतिवेदनको ओभरभ्यू च्याप्टरमा सांस्कृतिक स्वतन्त्रता मानव विकासको महत्वपूर्ण अंश हो भन्ने कुरा दर्शाउन विश्वका अनेक सांस्कृतिक समस्याहरुलाई औंल्याइएको छ । शुरुमै लेख्छ– इराकको नया संविधानले शिवाइट र कुर्दहरुको उचित प्रतिनिधित्वको माग कसरी सन्तोष पार्न सक्दछ ? अफगानिस्तानको नयाँ संविधानले कतिवटा भाषाहरुलाई राज्यको अधिकारिक भाषाको रुपमा पहिचान गर्नेछ ? बोलिभियाका आदिवासीहरुको बढ्दो विद्रोहलाई शान्त पार्न त्यहाको राष्ट्रपतिले राजिनामा गर्ला ? श्रीलंकामा तमिल-

शिंहल द्वन्द्वको समाधान गर्न चालिएको शान्तिवार्ता निर्णयमा पुग्न सक्ला ? यी सबै तातो मुद्दाहरु सांस्कृतिक विविधतालाई राज्यले समन्वय गर्न नसक्नुका कारण उब्जेका छन् । जाति, धर्म, भाषा र मूल्यहरुलाई सामाजिक सामञ्जस्यतामा भांजो हाल्ने तत्वको रुपमा बुझिने विषयहरु अब २१ औं शताब्दीको राजनीतिको धरातलमा तिरस्कार गर्न नसकिने भएका छन् ।

राजनैतिक नेता एवं सिद्धान्तकारहरुले जाति, धर्म, भाष, वर्ण जस्ता सांस्कृतिक अस्तित्वहरुलाई स्पष्ट रुपमा पहिचान गर्न अनकनाउथे र सांस्कृतिक पहिचानलाई निर्ममता पूर्वक तथा कानुनी जालझेल गरी राज्यले दवाउथ्यो । धार्मिक कारवाही र जातीय निर्मूलनको हिंसात्मक कार्यहरुद्वारा आदिवासी अल्पसंख्यक, दलित र अन्य भाषिलाई वहिस्कार गरिन्थ्यो । तर वर्तमान युगमा पहिचानको राजनीतिको उदय भएको छ । विभिन्न सन्दर्भ र विभिन्न तरिकाले व्यापक रुपमा ल्याटिन अमेरिकामा आदिवासी जनसमूह देखि दक्षिण एशियाका धार्मिक अल्पसंख्यक सुमदाय सम्म र यूरोपको अफ्रिका र बाल्कन राज्यका जातीय अल्पसंख्यक देखि पश्चिमी यूरोपका आप्रवाशीहरु सम्म जनताहरु जाति, धर्म, भाषा र वर्णका मुद्दाहरुमा नया ढंगले परिचालित भैरहेका छन् । आफ्नो पहिचानलाई मान्यता दिन, समाजमा उनीहरुलाई सम्मानित स्थान दिन माग गरिरहेका छन् । सामजिक, आर्थिक र राजनैतिक अवसरहरुबाट विभेद र सीमान्तमा पारिएबाट दुःख भोगिरहेका तिनीहरुले सामाजिक न्यायको माग गरिरहेका छन् ।

आज यी आन्दोलनहरु किन भैरहेछन् ? यी एकलकाटे घटनाहरु होइनन् । मानविय स्वतन्त्रता र प्रजातन्त्रको अग्रगमनका नयाँ मोर्चाहरु हुन्, सांस्कृतिक स्वतन्त्रताको लागि संघर्ष र सामाजिक परिवर्तनका ऐतिहासिक प्रकृयाहरु हुन् । यी आन्दोलनहरुले प्रजातन्त्रको पूर्ण विकास र परिमार्जन तर्फ धकेलिरहेका छन । यी मागहरुको सामना गर्ने कार्य राज्यको लागि अति जरुरी चुनौति हुन् । पहिचानलको राजनीतिलाई राम्रो निकास दिन सक्ने राज्य व्यवस्था मिलाउन सकेमा समाजमा सांस्कृतिक विविधताको स्वस्थ विकास भई जनताको जीवनमा सम्पन्नता र सन्तोष दिलाउन सकिन्छ र राज्यको समृद्धिमा वृद्धि गर्न सकिन्छ । यी सांस्कृतिक पहिचानको संघर्षहरुलाई उचित ढंगले व्यवस्थापन गर्न नसकेमा राज्यभित्र द्वन्द्व सृजना भई अस्थिरतामा फस्न सक्दछ र राज्य संचालनमा अवरोधहरु आउन थाल्दछन् । राज्य भित्रका नागरिकहरुमा 'हामीहरु' र 'उनीहरु' जस्ता विखण्डित मानसिकता विकास भएमा अविश्वास र घृणा पैदा भई शान्ति, विकास र मानविय स्वतन्त्रतामा खलल पर्न जानेछ । जातीय हिंसाले गर्दा कोसोभो र सर्वियामा सयौं घर र मस्जिदहरु नस्ट भए, स्पेनमा आतंकवादीको बम विस्फोटनबाट २०० रेल यात्रीहरु मरे, भारतको गुजरात र अन्य स्थानमा मुसलमान र हिन्दुको द्वन्द्वमा हजारौंले ज्यान गुमाए, यी उदाहरणहरु केही समय अगाडिका घटनाहरु हुन् ।

एउटा कुरा के स्पष्ट छ भने कुनै पनि राज्यमा एउटा जाति, एउटा धर्म, एउटा भाषा, एउटा वर्णका जनताहरुले मात्र बसोबास गरेको देखिदैन । अधिकांश देशहरु वहुसांस्कृतिक राज्यहरु हुन् । विश्वका २०० देशहरुमा ५००भन्दा वढि जाति तथा समुदायहरु पाइन्छ । झण्डै १४५ देशमा कम्तीमा पनि एउटा अल्पसंख्यक जाति वा धार्मिक समुदाय पाइन्छ जसको जनसंख्याले कम्तीमा १०% ओगट्छ । कुनै न कुनै प्रकारले हरेक देश एउटा बहुसांस्कृतिक समाजको रुपमा विद्यमान छ । सांस्कृतिक विविधता अब आउँदा दिनहरुमा बढ्ने नै छ । त्यसकारण राज्यहरुले अनेकतामा राष्ट्रिय एकता निर्माण गर्ने उपायहरु अवलम्बन गर्नै पर्ने छ । साथै आजको विश्वमा आर्थिक रुपले एकअर्कामा अन्तरनिर्भरता बढ्दैन । मानवताको साझा बन्धनलाई एकताको आधार बनाई विविधताको सम्मान गर्न नसकेमा विश्व स्वस्थरुपमा अगाडि बढ्न सक्दैन।

३.२ केहि भ्रमहरु

यस प्रतिवेदनले कुनै पनि राज्यमा जनताको जातीय पहिचानबारे रहेका भ्रमहरु पनि चिर्ने कोशिस गरेको छ । ती भ्रमहरुको आधारमा राज्यले कयौं जातीय पहिचान माथि दमन गरिएको छ । एउटै भाषा, एउटै भेष, एउटै राष्ट्र, एउटै देश जस्ता नरम कमजोर जाति, भाषा, धर्म, संस्कृतिमाथि दमन गरिएको छ ।

भ्रम नं. १ :

जनताको जातीय विविधता र राष्ट्रिय एकता अर्काका विरोधी तत्व हुन् । २० सौं शताब्दीमा 'राष्ट्र निर्माण' को नारा धेरै प्रभावकारी रहे र एकल पहिचानको आधार एकनासे सांस्कृतिक राज्यहरु खडा गर्ने प्रयास भए । तर एउटा बलियो संस्कृतिक समुदायले निर्बल समुदायलाई दमन गर्ने र बलियो समुदायको संस्कृतिलाई अंगिकार गर्नु पर्ने स्थितीहरु सृजना गरे । यसबाट राज्य भित्र तनाव र द्वन्द्व पनि विद्यमान रहे । राष्ट्रिय एकता र सांस्कृतिक विविधता दुईटैलाई समावेश गरेर लान सकिन्छ भन्ने प्रयास बेल्जियम र स्पेनमा प्रयोग गरेर हेरियो र सफल पनि भएको देखियो । बेल्जियमका जनताले आफुलाई वालोन वा फ्लेमिशको साथसाथै बेल्जियमको पहिचानलाई सहंर्ष स्वीकारे भने स्पेनमा पनि स्पेनिशहरुले आफुलाई क्यातालान वा बास्कको रुपमा पनि पहिचान गराए । यी देशहरुले आफ्नो पहिचानको कदरको साथै राष्ट्रिय अनुस्ठान प्रति पनि आफ्नो विश्वास विकास गर्न ऐतिहासिक प्रयासहरु गरेका छन् ।

भ्रम नं. २

जातीय समूहहरु आफ्नो मूल्य मान्यताको संरक्षण गर्न एक अर्का प्रति हिंस्रक द्वन्द्वमा उत्रिन्छन् र शान्ति र विविधता एक अर्काका विरोधी तत्व हुन् । समुदायहरु बिचको हिंसात्मक द्वन्द्वको कारण जातीय विविधता नभई आर्थिक असमानता अथवा राजनैतिक शक्तिमा असमान वितरणले गर्दा हो । फिजिमा आदिवासी फिजियनले भारतीय बहुमतको सरकार माथि 'कू' गरे किन कि फिजियनका पुर्ख्यौली जमीन भारतीयहरुको कब्जमा जाने डर थियो । श्रीलंकामा सिंहली बुहमतले राजनैतिक शक्ति प्राप्त गरे र तमील अल्पसंख्यकहरुमा चिन्ता बढ्यो । बुरुण्डी र रुवाण्डामा तुत्सी र हुतुहरुले एक अर्कालाई आर्थिक अवसर र राजनैतिक सहभागिताबाट बन्चित गर्दै रहे । वास्तवमा यी द्वन्द्वहरुमा सांस्कृतिक पहिचानको भूमिका थिएन, तर नेताहरुले एक सांस्कृतिक पहिचानका नीतिहरु लादन खोजे र सांस्कृतिक द्वन्द्वको परिचालन भए । दक्षिणी अफ्रिकामा असमानताको पराकाष्ठका कारण सन् १९७६ मा सोवेतो विद्रोह भएको थियो । राजनैतिक र आर्थिक अवसरमा असमानताले नै जातीय द्वन्द्व जन्माउ छ । शान्ति र विविधता एक अर्काका विरोधी तत्व होइनन् । पहिचानको राजनीतिलाई उचित ढंगले व्यवस्थापन गर्न सकेमा हिंसात्मक द्वन्द्व हुन पाउदैन ।

भ्रम नं. ३

सांस्कृतिक स्वतन्त्रता परम्पराहरुको पक्षमा उभिने हुँदा प्रजातन्त्र, मानव अधिकार र विकासमा अवरोध पुग्दछ । यो पनि गलत धारणा हो । सांस्कृतिक स्वतन्त्रताले व्यक्तिको विकल्पहरुलाई व्यापक बनाइदिन्छ, परम्पराको अन्ध बन्देज होइन । संस्कृति भनेको मूल्य र अभ्यासहरुको अपरिवर्तनीय मापदण्ड होइन । सांस्कृतिक स्वतन्त्रताले बदलिदो यथार्थता र विचारको आदान प्रदानको प्रकृयाले पुनरसंरचना, ग्राहयता र पुनर्परिभाषामा मद्दत पुऱ्याउँछ । साँस्कृतिक स्वतन्त्रता भनेका जनताको आफ्नो पहिचान आफैले कायम गर्न पाउने क्षमता र अवसर हो । बहुसंस्कृतिविद भनेको परम्पारको अन्धबन्देज होइन, अर्कोको संस्कृति पनि सम्मान र सहिष्णुता हो । उदाहरणको लागि फिनल्याण्डमा सामि समुदायलाई लिन सकिन्छ । प्रजातान्त्रिक संसदमा पनि सामिहरुलाई स्वायत्तता छ । सांस्कृतिक बहुलतालाई अँगाल्दा जनताको सक्रिय सहभागिता र मानवअधिकारको सम्मानको ख्याल गरिन्छ ।

भ्रम नं. ४

जातीय विविधता भएको देशहरु विकास गर्न सक्दैन । होइन, सांस्कृतिक विविधता र विकासको बिचमा सम्बन्ध छैन । मलेशिया, जहाँ ६२% जनता मलाया र अन्य आदिवासी ३०% चिनिया र ८% भारतीय छन् । सन् १९७०-९० मा विश्वको १० औं द्रुत गतिमा विकास गरेको देश ठहरे । यो प्रगतिको कारण सकारात्मक कार्यको परिणति थियो । त्यस्तै मौरिसस पनि विश्वको मानव विकास सूचिमा ६४ सौं स्थानमा

आए, जुन अफ्रिकाको सब सहारा क्षेत्रको सबै भन्दा उच्च सूचक हो, त्यहा अफ्रिकी भारतीय, चिनिया र यूरोपेलि उत्पत्तिका समुदायहरु छन् । ५०% हिन्दु, ३०% ईशाइ र १७% मुसलमान ।

भ्रम नं. ५

कुनै संस्कृतिले प्रजातन्त्र र विकासलाई अंगिकार गर्न सक्दैन त्यसकारण बुहसांस्कृतिक समाज सम्भव छैन । फेरि पनि आर्थिक प्रगति र प्रजातन्त्रको बाधकको रुपमा कुनै पनि संस्कृतिको ऐतिहासिक प्रमाण छैन । संस्कृतिले समुदायको प्रगति गर्ने क्षमता निर्धारण गर्छ भन्ने म्याक्स वेबरको सिद्धान्त गलत सावित भएका छन् । वेबरको सिद्धान्त अनुसार पूजिवादी अर्थतन्त्रले प्रगति गर्नुको कारण प्रोटेस्टैण्ट संस्कृति हो भन्ने थियो, तर यो सिद्धान्त प्रतिपादन भएकै वेला फ्रान्स र इटाली जस्तो क्याथोलिक देशहरुले बेलायत र जर्मन जस्ता प्रोटेस्टैण्ट देशहरुले भन्दा द्रुत प्रगति हासिल गरे जब कि कन्फ्यूशियन/बौद्ध मूल्यले प्रगति गर्दैन भन्ने धारणा थियो । साथै यो पक्ष पनि सहि हो कि संस्कृति र समाजहरु परिवर्तनशील छन्, सबै समाजहरुमम मूल्य र मान्यताहरुमा परिवर्तन भैरहन्छन् । चिलेका क्याथोलिक देखि बंगलादेशका मुसलमान देखि थाईलैण्डका बौद्धहरु सबैमा सामाजिक व्यवहारमा परिवर्तनहरु भैरहेका छन् । यी परिवर्तनहरुले राजनीतिमा पनि प्रभाव पार्दछ । त्यसकारण कुनै पनि संस्कृति उच्च वा कमसल भन्ने छैन । सबै संस्कृतिले प्रजातन्त्र र विकासलाई अंगिकार गर्न सक्छ ।

### ३.३ वहुसांस्कृतिक नीतिहरु

सांस्कृतिक स्वतन्त्रता त्यसै उपलब्ध हुदैन । यसलाई जीवित र जागृत पार्न देशभित्र प्रयासहरु हुनु पर्छ । कसैले प्रजातान्त्रिक राज्य व्यवस्थाले व्यक्तिहरुलाई नागरिक र राजनैतिक स्वतन्त्रता दिए पछि पुग्छ भन्ने कुरा अगाडि सार्दछ र भन्छ राज्यले बोल्न, संगठन गर्न र आफ्नो धर्म मान्न स्वतन्त्रता दिए पछि पुग्दछ। उनीहरु भन्दछन्  सांस्कृतिक बहिस्करण आर्थिक र राजनैतिक वाहिस्करणको उत्पादन हो, आर्थिक र राजनैतिक स्वतन्त्रताले सांस्कृतिक समस्या समाधान गर्दछ । तर यसो भएको छैन । धेरै धनी र प्रजातान्त्रिक देशमा पनि सबै नागरिकलाई समानता छ भनेता पनि अल्पसंख्यकहरुले समस्या भोगिरहेका छन् । अल्पसंख्यकले राजनीतिमा उचित प्रतिनिधित्व पाएको हुदैन । साथै तिनीहरुले राज्यबाट पाउने सेवाहरु पाउन गाह्रो महशुस गरिरहेका छन् । सांस्कृतिक स्वतन्त्रतालाई व्यापक बनाउन बहुसंस्कृतिक नीतिहरु राज्यले अंगालेको र अभ्यासमा उतरिको हुनु पर्दछ । यस्को लागि राज्यको संविधान, ऐन कानुन र अनुस्थानहरुमा सांस्कृतिक विविधतालाई मान्यता दिएको हुनु पर्दछ । कुनै पनि देश भित्र अल्पसंख्यक वा राज्यले सीमान्तकरण गरिएका समुदायहरु उपेक्षित नहुनु र वहुसंख्यक वा बलियो समुदायले थिचोमिचो गर्न नपाउने नीतिहरु प्रतिपादन गर्नु पर्दछ ।

सांस्कृतिक स्वतन्त्रता प्रतिपादन गर्न यस प्रतिवेदनले विशेषतया पाँचवटा केन्द्रीय नीतिगत क्षेत्रहरुमा विशेष ध्यान दिएको छ- राजनैतिक सहभागिता, धर्म, न्यायमा पहुँच, भाषा र सामाजिक आर्थिक अवसरहरुमा पहुँच ।

#### ३.३.१ उचीत राजनैतिक सहभागिताको निश्चितताका लागि नीतिहरु :

विश्वका कयौं ऐतिहासिक रुपमा सीमान्तकरण गरिएका समूहहरु साच्चै राजनैतिक शक्तिबाट बहिस्कृत छन् र तिनीहरु राज्यबाट अलग्गिएको महशुस गर्दछन् । यो बहिस्करणको कारण प्रजातन्त्रको कमी वा राजनैतिक अधिकार प्राप्त नहुनाले हुन सक्दछ । यस्तो परिस्थितिमा राज्यमा प्रजातान्त्रिकरण नै प्रमुख आवश्यकता हुनु पर्दछ । प्रजातन्त्रमा समान राजनैतिक अधिकार सबै नागरिकहरुलाई भएतापनि उनीहरु प्रतिनिधित्व उचित अनुपातमा भएको नहुनु सक्दछ र बहुसंख्याहरुबाट शोषन र दमनको नीतिप्रति विद्रो गर्न पर्ने हुन्छ । त्यसकारण प्रजातन्त्रमा बुहसांस्कृतिक अवधारणाको आवश्यकता पर्दछ ।

सांस्कृतिक विविधता भएको राज्यमा वहुसांसकृतिक प्रजातन्त्रका विविध ढाँचाहरु विकास भइरहेका छन् । जसमा सांस्कृतिक रुपमा निम्न समूहहरु बिचमा शक्ति बाँडफाँड गर्ने प्रभावशाली तरिकाहरु अपनाइन्छ । यी शक्ति बाँडफाँडका तरिकाहरुले सांस्कृतिक रुपले भिन्न र अल्पसंख्यकहरुलाई हिस्रात्मक विद्रोह गर्न अवाश्यक पर्दैन र साचै बुहसंख्यकले थिचोमिचो गर्ने संरचनात्मक सम्भावना पनि न्यून हुन्छ ।

न्यूजिलैण्डमा मावोरीहरुको न्यून प्रतिनिधित्वको ठूलो समस्यालाई निर्वाचन सुधारवाट समाधान गरेको उदाहरण छ । त्यहाँ समानुपातिक प्रतिनिधित्व लागु गरेको थियो । जित्नेले सबै लाने ९ध्ष्लभच तवपभक र्बा) को निर्वाचन प्रणालीको ठाउँमा समानुपातिक प्रतिनिधित्वको नीति लागु भए पछि सन् १९९३ मा ३% ले मात्र जितेको निर्वाचनमा सन् २००२ मा १६% ले राजनैतिक स्थान प्राप्त गरेको थियो जुन उनीहरुको जनसंख्याको अनुपात सँग मेल खायो । भारतमा परम्परागत चुनावको अलावा आरक्षित स्थान र कोटाको प्रणाली लागु गरेर अनुसूचित जात र जनजातिहरुको स्थान सुरक्षित गरेर उनीहरुको आवजलाई सजनीतिको विभिन्न तहमा पुऱ्याइएको छ । त्यस्तै कोशियामा अल्पसंख्यक जातिहरुलाई पनि प्रतिनिधित्व गराइएको छ ।

संघात्मक राज्य व्यवस्था पनि शक्ति बाँड फाँड गर्ने एउटा महत्वपूर्ण तरिका हो । यो तरिकाले सुहाउने ढंगले राज्यलाई इकाईहरुमा बाडेर संघात्मक एकतामा प्रतिनिधित्व सुरक्षित गरिन्छ । यस्ले प्रजातन्त्रको साथै जातीय विविधताको उचित ढंगले समन्वय गर्दछ । उदाहरणको लागि मलेशियामा सबाह र सरावाकहरुलाई मलेशियामा विशेष स्थान दिइएको छ भने स्पेनमा बास्क र १४ अन्य स्वाशासित समुदायहरुलाई व्यवस्था गरिएको छ । स्पेनमा ती समुदायहरुलाई शिक्षा, भाषा र संस्कृतिमा स्वाशासन प्राप्त छ । क्यानाडामा इन्यूइट जस्ता आदिवासी समुदायले पनि आफ्नो भूभागमा श्चायत्त शासन प्राप्त गरिका छन् । यस्ता विविध राजनैतिक प्रावधानबाट विभिन्न जाति र संस्कृतिका समुहरुलाई हिंसात्मक विद्रोह गर्नबाट रोकेको छ ।

३.३.२ धार्मिक स्वतन्त्रताको निश्चितताका लागि नीतिहरु :

अल्पसंख्यक धार्मिक समुहरुले विभिन्न प्रकारको वहिस्कार धार्मिक स्वतन्त्रतामा चरम दमन र भेदभाव समस्याहरु ती देशहरुमा बढी पाइन्छ जस्तो राज्य धर्म निरपेक्ष नभई कुनै एउटा धर्मलाई राज्य धर्मको रुपमा घोषणा गरेको हुन्छ । हुन त धर्म निरपेक्ष राज्यहरुमा पनि धार्मिक दमन र पक्षपातका प्रवृत्तिहरु विद्यमान छन्। तर धर्म निरपेक्ष राज्यहरुमा पनि धार्मिक दमन र पक्षपतका प्रवृत्तिहरु विद्यमान छन् । तर धर्म निरपेक्ष राज्यमा धर्मको कारणले कुनै अल्पसंख्यक समुदायले पक्षपात बेहोर्नु पर्दैन । भारत एउटा धर्म निरपेक्ष राज्य हो र त्यहाँ वर्ष भरिमा राज्यले ५ दिनु विदाहरु दिएको छ भने ४ मुस्लीम, २ इशाई, १ बौद्ध, १ जैन र १ शीख विदा घोषणा गरेर धार्मिक विविधताको मान्यता दिइको छ । फ्रान्समा ११ सरकारी विदाहरुमा ५ गैर धार्मिक विदाहरु छन् भने छ धार्मिक विदाहरु सबै धर्मालम्वीले मनाउन पाउँदछन्, जहाँ अधिकांश ईशाइ छन् भने ७% जनसंख्या मुस्लीम र १% मात्र यहुदीहरु छन् । यस्तै अनेक धार्मिक भिन्नताहरुलाई राज्यले संवेदनापूर्वक समाधानका उपायहरु निकाल्न सकिन्छ । केही धार्मिक मूल्य र मान्यताहरु भने कोशिस गर्दा पनि समन्वय गर्न नसकिएका उदाहरण पनि छन् । जस्तो फ्रान्सका धर्म निरपेक्षता, प्रजातन्त्र र लैंगिक समानताको लागि राजकीय शिक्षण संस्थामा मुस्लीम महिला विद्यार्थीले पनि टाउकोमा कपडा बाँड्न नपाउने नियमबारे समस्या उठीरहेको छ । नाइजेरियामा महिलाहरुले परपुरुषसँग सम्वन्ध गासेमा अदालतमा शरिया कानुन लगाउनेबारे विवाद भैरहेको छ ।

धार्मिक विषयमा राज्यले व्यवस्था गर्नु पर्ने कार्य हो मानव अधिकार र मानव स्वतन्त्रतालाई व्यापक गर्न र मानव विकास र्ग प्रजातान्त्रिक र धर्मनिरपेक्षताको सुनिश्चितता । यसले धार्मिक समानता र स्वतन्त्रताको अनुभूति दिलाई धार्मिक कलह कम पार्दछ ।

३.३.३ कानुनी बहुलताका नीतिहरु

धेरै जसो वहुसाँस्कृतिक समाजमा आदिवासी जनता वा अन्य सांस्कृतिक समुहहरुले आफ्ना परम्परागत कानुनी प्रणालीलाई राज्यले मान्यता दिलाउन दबाब दिएका पाइन्छन् । उदाहरणको लागि सदियौं देखि ग्वाटेमालामा माया जाति लाई दमन गर्नेमा राज्इको कानुनी प्रणालीले भूमिका खेलेका थिए । ती आदिवासी समुदायहरुको राज्यको कानुनी शासन प्रति आफ्नो विश्वास गुमाए किनभने राज्यले उनीहरुलाई न्याय दिएन किन भने राज्यको कानुनी प्रावधानहरुमा उनीहरुको समान र मान्यता प्रतिविम्बित थिएन । ग्वाटेमालाका आदिवासीहरुले ठूलो संघर्ष गर्नु पऱ्यो । ग्वाटेमालामा जस्तै भारत र दक्षिण अफ्रिकाका पनि विविध समुदायहरुको कानुनी मापदण्ड र संस्थाहरुको भूमिका लाई ध्यानमा राखी कानुनी बहुलता अपनाइएका छन् । हुन त राज्य भित्र सबै जनतालाई एउटै कानुनी मापदण्ड खोज्ने प्रयास हुन्छ तर कानुनी बहुलता मुद्दामा विशेष व्यवस्था गर्नु हो । साथै बुझ्नु पर्ने कुरा परम्परा र मानव स्वतन्त्रता कहिले काहि परस्पर विरोधी पनि हुन्छन्, तर संस्कृति भनेको स्थायी बस्तु नभई समय परिस्थिती अनुसार परिवर्तन हुन्छ । तर प्रजातन्त्र र बहुलताले राज्य र समुदायका बिचमा खिचातानी कम गराउँछ ।

### ३.३.४ बहु भाषीक नीतिहरु

वहुसांस्कृतिक राज्यहरुमा भाषाको सवाल सबै भन्दा बढी उठाउने मुद्दा हो । केही देशहरुमा जनताको भाषाहरुलाई दबाउने कोशिस गरिन्छ । राज्यले एउटा भाषालाई सरकारी कामकाजको भाषा, शिक्षा, कानुनी व्यापार र सार्वजनिक भाषाको रुपमा मान्यता दिन्छ र अन्य भाषा भाषीका जनतालाई राजनैतिक, सामाजिक, आर्थिक, सांस्कृतिक रुपमा पक्षपा तगरी पछाडि पार्ने कार्य हुन जान्छ । मलावीको संविधानले सबै सांसदहरुले अंग्रेजीमा बोल्ने र पढ्ने गर्नु पर्ने बनाएको छ । दक्षिण अफ्रिकाको अदालतमा अंग्रेजी र अफ्रिकान भाषा चलाउँछ, त्यहा ९ वटा अरु भाषहरु लाई मानयता दिएको छ । एउटा भाषालाई मान्यता दिनु भनेको एउटा भाषाको प्रयोग गर्नु मात्र नभई यस्ले त्यो भाषा बाल्ने समुदायलाई विशेष स्थान र तिनीहरुको संस्कृति र समाजलाई माथिल्लो दर्जा प्राप्त हुन्छ र अनय भाषाहरुलाई तल्लो स्थान र तिनीहरुको संस्कृति र समाजको दर्जा पनि तल्लो नै बन्दछ ।

कुनै राज्यका नागरिहरुले आफु समावेश भएको समान दर्जाको सदस्य भएको अनुभूति गर्नको लागि राज्यको तिनीहरुको भाषालाई समान मान्यता दिनु पर्दछ । सरकारी भाषाको रुपमा सबै भाषालाई मान्यता दिदा राष्ट्रिय पहिचान दिएको हुन्छ । कुनै राज्यमा अन्य भाषालाई मान्यता नदिनु र बहुभाषिक नीति नपनाउँन नागरिक र राजनैतिक स्वतन्त्रता भएपनि जनताहरुमा राष्ट्रियताको भावना पैदा हुँदैन ।

धेरै देशहरुमा विविधता र एकताको दुई उद्देश्यहरु पूरा गर्न बहुभाषिक नीतिहरु अपनाएका हुन्छन् । दुई र त्रिभाषिक नीतिले भाषीक समस्या धेरै हद्सम्म समाधान हुन्छ । तान्जानियामा स्कूल र सरकारी कामकाजमा अंग्रेजीको साथै किश्वाहिली भाषालाई प्रयोगमा ल्याइएको छ । भारतमा तिन भाषा नीति लागू छ हिन्दी, अंग्रेजीको साथै प्रान्तको भाषा (बंगाली, आन्ध्रा आदि)

### ३.३.५ सामीजक आर्थिक नीतिहरु

धेरै जस्तो बहुजातिय समाजहरुमा कमजोर समूहरु आम्दानी, शिक्षा र स्वास्थ्यको क्षेत्रमा असमानता र अन्यायको शिकार भएका हुन्छन् । दक्षिण अफ्रिकाका काला जाति र ग्वाटेमाला तथा क्यानाडमा आदिवासी जनताहरु यस्ता समस्याका ज्वलन्त उदाहरणहरु हुन् । यी बहिस्करणको पछाडि लामो उपनिवेश र लडाईका इतिहास लुकेको छ । भारतमा वर्ण व्यवस्थाले पनि यस्ता समस्या उब्जाएका छन् ।

विभिन्न जात, जाति, भाष, भाषिहरुमा सामाजिक आर्थिक असमानतालाई सम्बोधन गर्न आर्थिक सामाजिक नीतिहरुको महत्वपूर्ण भूमिका हुन्छ । ऐतिहासिक रुपमा र सामीजक बनौटको कारणले सामीजक र आर्थिक रुपले अन्यायमा परेका र असमानताको शिकार भएका समुदायहरुको लागि सकारात्मक विभेदका

बहुसांस्कृतिक नीतिहरु लागू गर्नु पर्दछ । उदाहरणको लागि आदिवासी समूदायहरुका विद्यार्थीहरुलाई राज्यले शिक्षामा सहुलियत दिएर मात्र पुग्दैन यदि शिक्षाको माध्यम राज्यको भाषामा हुन्छ भने । यस्तो परिस्थीतिमा दुई भाषाको नीति अपनाउनु पर्दछ । भारत, मलेशिया, दक्षिण अफ्रिका र अमेरिकाका अनुभवहरुले के देखाएको छ भने सकारात्मक विभेदले विभिन्न समुदायहरुमा विद्यमान असमानता हटाउन मद्दत गर्दछ । मलेशियामा चिनिया र मलाया जनसंख्या विचको औसत आम्दानीको अनुपात सकारात्मक विभेदको कारणले घटेको छ । सन् १९७० मा २.३ थियो भने सन् १९९० मा १.७ मा झरेको छ । अमेरिकामा काला वकिलहरुको संख्या १.२% बाटा ५.१% मा बढेको छ र त्यस्तै काला डाक्टरहरुको संख्या २% बाटा ५.६% मा वढेको छ । भारतमा सरकारी नोकरी उच्च शिक्षा र न्याय क्षेत्रमा अनुसूचित जात र जातिलाई आरक्षण दिँदा यी समुदायका जनताको गरिबीमा कमीआई मध्यम वर्गमा समावेश हुन सकेकाछन् ।

### ३.४ वहुसांस्कृतिक प्रजातन्त्रको निर्माण

जाति, धर्म र भाषाको विविध भएका राज्यहरुलाई कसरी बढी समावेशी बनाउन सकिन्छ ? प्रजातन्त्र समानुपातिक विकास र राज्यको समतामूलक चरित्र अपरिहार्य हुन्छ । साथै बहुसांस्कृतिक नितिहरूले सांस्कृतिक विविधतालाई स्पष्टरुपमा मान्यता दिनुपर्ने हुन्छ । तर यस्ता नीतिहरूलाई सत्तामा रहेका प्रभावशाली समुदायले नकार्न खोज्दछ ता कि शक्ति उनीहरूको हातबाट बाहिर नजाओस । यस्ता नीतिहरू अप्रजातान्त्रिक र असमान भनेर बहस गर्दछन् । तर यो प्रतिवेदनले बहुसांस्कृतिक नीतिहरू राम्रो मात्र होइन सम्भव र आवश्यक पनि छ । बहुसांस्कृतिक प्रजातन्त्रको धारणामा व्यक्तिहरूको बहुपहिचानहरू हुन सक्छ र ती पहिचानहरू परिपूरक पनि हुन्छन् । संस्कृति भनेको बहुसांस्कृतिक प्रजातान्त्रिक माहौलमा निरन्तर परिवर्तन र विकास हुन्छन् र सांस्कृतिक विविधतालाई मान्यता दिएर समतामूलक परिणामहरू प्राप्त गर्न सकिन्छ ।

प्रजातन्त्रको सुदृधिकरण सक्षम राज्यको निमार्ण र समतामूलक सामाजिक आर्थिक अवसरहरू अगाडि बढाउन बहुसांस्कृतिक प्रजातन्त्रले सकारत्मक भूमिका खेल्दछ । यसको लागि राज्यले सांस्कृतिक बहुलतालाई सम्विधान, कानून र त्यसका संस्थाहरूमा मान्यता दिनु पर्ने छ । यस्तो मान्यता दिँदा ख्याल गर्नु पर्ने कुराहरू भनेको अल्पसंख्यक वा ऐतिहासिक कारणले पछाडि पारिएका बहुसंख्यकलाई बहुसंख्यक वा बलियो समुदायले थिचोमिचो गर्न सक्ने प्रावधानहरू नहोस र कमजोर वर्गलाई सकारत्मक विभेदको प्रावधान रहोस ।

#### ३.४.१ राजनैतिक प्रयास

बहुसांस्कृतिक प्रजातन्त्रका धेरै ढाँचाहरू विकास भैसकेका छन् । ती ढाँचाहरूले सांस्कृतिक रुपमा भिन्न समूहहरू बिच शक्तिको बाँडफाँड गर्ने प्रभावकारी तरिकाहरू प्रदान गर्दछ ।ती तरिकाहरू बहुसंख्यकहरूको बहुमत र शक्तिशाली समूहको पक्षपात र दमनबाट अन्य सांस्कृतिक समुदायको हकअधिकारलाई सुर्‌क्षित गर्दछ र समाजमा हिंसात्मक विद्रोहहरू भड्किनबाट रोक्दछ ।

बहुसांस्कृतिक प्रजातन्त्रका दुई तरिकाहरू महत्वपूर्ण देखिन्छ जसले भिन्न सांस्कृतिक अल्पसंख्यक र भिन्न समूहहरूलाई शक्ति बाँडफाँड गर्दछ । पहिलो तरिका संघात्मकता र यसका विविध रुपहरू मार्फत क्षेत्रगत ढंगले शक्ति बाँडफाँड गरिन्छ । संघात्म र व्यवस्थापन अन्तरगत राज्यभित्र क्षेत्रीय इकाईहरु खडा गरी अल्पसंख्यक वा विविध सांस्कृतिक समूहहरुलाई ठोस स्वायत्तता प्रदान गर्दछ । जहाँ विविध सांस्कृतिक समुदायहरु एउटा निश्चित क्षेत्र भित्र बसोबास गरेका हुन्छन् त्यहाँ यो तरिका सम्भव छ । ऐतिहासिक परम्पराको रुपमा स्वाशासन अभ्यास भैरहेका छन् र केन्द्रीय एकात्मक शासन व्यवस्था प्रति सन्तोष व्यक्त गर्दैनन् ।

दोस्रो तरिकामा देश भर छरिएका सांस्कृतिक रुपले विविध समुहरुको सहभागिता सुनिश्चित गर्न संयन्त्रहरु मार्फत विशेष व्यवस्था गरी शक्तिबाडफाँड गरिन्छ । कुनै निश्चित भूभागमा सघन रुपले बसोबास नभएका र स्वायत्तता वा स्वशासन माग नगर्ने समुदायहरुले पनि राजनैतिक सहभागिता दावि गर्नेहरुलाई यो व्यवस्था उपयुक्त हुन्छ । ऋयलकयर्ष्बितष्यलक सहभागिता समानुपातिक प्रतिनिधित्वको सिद्धान्तमा आधारित हुन्छ ता कि राज्इको सिद्धान्तमा बनौटमा जाति वा सांस्कृतिक समुदायको जनसंख्याको समानुपातिक

प्रतिनिधित्व होस । समानुपात प्राप्त गर्न विशेष प्रकार या नीति र प्रकृयाहरु आवश्यक पर्दछ । समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीले समाज रहेका जाति र सांस्कृतिक समुदायको अनुपातको प्रतिविम्ब दिन्छ । अथवा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा आरक्षण र कोटाको प्रणालीद्वारा पनि समानुपातिक प्रतिनिधित्वको न्यायपूर्ण व्यवस्था गर्न सकिन्छ ।

संघात्मक व्यवस्था - संघात्मक व्यवस्थामा केन्द्र सन्तुलन संविधनमै स्पष्ट पारेको हुन्छ । प्रान्तहरुले स्वशासन र संविधानले व्याख्या गरेका विषयहरुमा आफ्नो शक्ति अभ्यास गर्नुको साथै केन्द्रीय सरकारको नीतिहरु निर्माण गर्नमा समेत भूमिका खेल्दछ । ब्राजिल जस्तो देशमा प्रान्तहरुको शक्ति केन्द्रको भन्दा बढी छ भने आर्जेटिन जस्तो देशमा केन्द्रको शक्ति प्रान्तको भन्दा बढी छ । संघात्मक व्यवस्था भित्र अष्ट्रेलियामा जस्तै सबै प्रान्तहरुको अधिकार र स्वरुप समान हुन सक्छ भने विभिन्न प्रान्तहरुको अधिकार र स्वरुप फरक पनि हुन सक्दछ । राजनैतिक, प्रशासनिक र आर्थिक संरचनामा एक प्रान्तबाट अर्को प्रान्त फरक हुन सक्दछ । उदाहरणको लागि मलेशियामा सन् १९६३ मा समेटिन आएको बोर्नियोको सबाह र सरावाक प्रान्त सरकारको अधिकार र बनावट अन्य प्रान्तहरुको भन्दा फरक छ । त्यस्तै बेल्जियमलाई तिन प्रान्तहरुमा (वालोन, फ्लेमिश र ब्रशेल्स राजधानी क्षेत्र) बाँडिएको छ जसमा वालोन र फ्लेमिश भाषाको आधारमा बनेको छ भने बशेन्स होइन । स्वीश महासंघमा भाषा र संस्कृतिको विविध पहिचानको आधारमा क्यान्टोनहरु छुट्याइएका छन् । स्पेनमा बास्क क्यातालोनिध, गालिसिया र १४ अन्य इकाईहरुलाई स्वायत्त समुदायको रुपमा स्तर दिइएको छ। यी समुदायहरुलाई व्यापक र विविध प्रकारको स्वायत्तता दिइएको छ । जसमा संस्कृति, शिक्षा, भाषा र अर्थतन्त्र मुख्य कुराहरु हुन आउँछ । तीन ऐतिहासिक क्षेत्रहरुलाई स्पष्ट रुपमा स्वायत्तता र स्वाशासन दिइएको छ । बास्क समुदाय र नभारालाई कर उठाउने र खर्च गर्ने अन्य स्वायत्त समुदायलाई भन्दा बढी अधिकार दिइएको छ । स्पेनको यस्तो संघात्मक व्यवस्थाले बास्क, गालिसिया र क्यातालान अथवा स्पेनको पहिचान दिनुको साथै बहुपहिचानको व्यवस्थाले राज्य भित्र भेदभाव र वहिस्करणको समस्या न्यून भएको छ । क्यानाडामा पनि क्वेबेक प्रान्तलाई दिएको अधिकार र प्रान्तिय स्वरुप अरु भन्दा फरक भएकोले क्यानाडाबाट छुट्टिएर छुट्टै राज्य बनाउने अभियानमा रोक आएको छ । क्वेबेकमा फ्रेन्च बोल्ने र भिन्न संस्कृतिको समुदायको बुहमत छ ।

संघात्मक राजनैतिक व्यवस्थाको सफलता यसको निर्माण र प्रजातान्त्रिक प्रकृया प्रतिको राजनैतिक इच्छा शक्तिमा भर पर्दछ । नाइजेरियाको संघात्मक राज्य संरचनामा धेरै चुनौतिहरु भएका छन् । ३५० जातीय समूहहरु भएको १२.१ करोड जनसंख्या भएका नाइजेरिया मुख्यतया तीन समुदायमा विभाजित छन्- हौसाफलानी, मुस्लीम उत्तरमा, योसबा इशाई र मुस्लीम दक्षिण पश्चिममा र इग्बो इशाई दक्षिण पूर्वमा । अफ्रिका महादेशको सबै भन्दा ठूलो राज्य नाइजेरिया सैनिक कू र असफल नागरिक सरकारहरुको श्रृखंलाले राजनैतिक इतिहास भरिएको छ । उपनिवेशबाट स्वतन्त्र भएको ४४ वर्ष भित्र २८ वर्ष त सैनिक शासन रहे । १६ वर्ष लामो अबाचाको अभिनायक बादी शासन पछि चलिरहेको नागरिक शासन प्रजातन्त्र सुद्धृणीकरण गर्ने राम्रो प्रकृया हुन सक्दछ । सन् १९९९ को संविधानले अभिव्यक्त गरेका दुईवटा सरोकारहरुमा अत्यधिक शक्तिशाली केन्द्र र संकुचित प्रान्तहरुको साथै अस्वस्थ संरक्षणवाद र यी दुई तहबिचको सिंचातानी हुन् । यी सरोकारहरुमा सुधार ल्याउन केही कदमहरु चालिएका छन्, जुन यस प्रकार छन् -

- उपनिवेशकालबाट चर्चेर आइरहेको तीन संघात्मक प्रान्तहरुको ठाउँमा विवकेन्द्रित ३६ प्रान्तहरु र ६६५ स्थानीय सरकारहरुले प्रतिस्थापन गर्ने । यसरी ३ वटा ३६ प्रान्तहरुमा संघात्मक इकाई विभाजन गर्दा धेरै लचकता पूर्वक जातीय सवालहरुलाई समावेश गर्न सकिन्छ । यसरी संघात्मक संरचनाको विस्तार गर्दा ३५० भन्दा बढी संख्यामा रहेका जातीय अल्पसंख्यक समुदायहरुको द्वन्द्वलाई स्थानिय स्तरमै व्यवस्थापन गर्न मद्दत पुग्दछ ।

- निर्वाचन प्रणालीमा सुधार ल्याउने जसले गर्दा व्यापक राष्ट्रिय तथा बहुमतको समर्थन प्राप्त सरकार गठन गर्न सकियोस । सन् १९७९-८३ को दोस्रो गणतन्त्रात्मक निर्वाचनमा राष्ट्रपतिको उमेदवारले दुई तिहाई राज्यहरुमा २५% भोट बटुल्न सके विजय घोषणा गर्न सम्भव थियो । सन् १९९९ को

MARTIN CHAUTARI LIBRARY
11649

संविधानले गरेको प्रावधान अनुसार एउटा दलले स्थानिय सरकारको चुनावमा ३६ प्रान्तहरु मध्ये २५ मा खसेको मतको कम्तीमा ५% प्राप्त गरेको हुनु पर्दछ । यस प्रावधानले गर्दा पार्टीलाई वहुजातिय स्वरुप दिन अनिवार्य भएको देखिन्छ ।

- सरकारी सेवा तथा शिक्षा सकारात्मक विभेद कार्यनीतिहरु संस्थागत गर्ने । यसको लागि ६ वटा भौगोलिक अञ्चलहरुवाट पालैपालो राष्ट्रपति चुन्ने, ३६ प्रान्तहरुबाट कम्तीमा पनि १ जना केन्द्रीय मन्त्री समावेस गर्ने, यी उपायहरुबाट केन्द्रीकरण र कुनै एक पक्ष मात्र नियन्त्रण र दमन हुन नदिई आर्थिक वितरणको लागि कार्यगत ढाँचा तयार भएको छ ।

यी कदमहरु अपनाउँदा नाईजेरिकाको प्रजातन्त्रले क्षत्रिय, जातीय, धार्मिक र स्थानिय पहिचान र समुदाय परिचालनमा उथल पुथल भएको छ । असमान संघात्मक प्रणाली (Asymmetric Federalism) समयमा नै लागु गरेको खण्डमा हिंसात्मक विखण्डनवादी घटनाहरु घट्न पाउँदैन । धेरै राज्यहरुमा स्वशासनले राष्ट्रिय एकता र अखण्डतामा आँच आउने कुराहरु उठाएता पनि भौगोलिक स्वशासन कुनै वाधा पूर्वक सफल भएका छन् । भौगोलिक स्वशासन ९त्भचचष्तयचर्ष्वा बगतयलक्थ० ले समुहरुको प्रतिनिधित्व र सहभागितामा वृद्धिभई राजनैतिक हिंसा र विखण्डनको आन्दोलनमा रोक आएको छ । उदाहरणको लागि सन् १९९९ मा क्यानाडामा दशकौंको हिंसात्मक द्वन्द्व प्रति त्यहाँका आदिवासीहरुले नुनावुट स्वाशाशित इलाका खडा गरी केन्द्रीय सरकारसँग सम्झदारीमा आउन सकेका छन् । त्यस्तै पानामामा - ब्रि ब्रि, बुग्ले, इमबेरा, कुना, नासो, ङगोबे र वौनान जातिका आदिवासी समुहहरुले स्थानीय समितिले शासन चलाउने खालको अर्धस्वशासित क्षेत्रहरु स्थापना गरेका छन् ।

नागरिक तथा राजनैतिक अधिघकार सम्बन्धी अन्तराष्ट्रिय घोषणाको धारा १ ले विश्वको समझदारी अभिव्यक्त गरेको छ - 'सबै जातिहरुलाई आत्मनिर्णयको अधिकार प्राप्त छ । तयस अधिकारको आधारमा तिनीहरुले स्वतन्त्रतापूर्वक आफ्नो राजनैतिक हैसियतको निर्णय गर्न सक्दछ र साथै आफ्नो आर्थिक, सामीजक र राजनैतिक विकास स्वतन्त्रता पूर्वक गर्न पाउँदछ' मेक्सिको र फिलिपीनले आदिवासी जनताको आत्मनिर्णयको अधिकारलाई आफ्नो संविधानमा भंगिकार गरेको छ ।

जनजातिहरुको राजनैतिक हैसियत स्थापना गर्ने सवालमा अन्तर्राष्ट्रिय श्रम संघठनको सम्मेलन १६९ धेरै महत्वपूर्ण कानुनी संरचना हो । सन् २००३ सालमा १७ वटा देशले सही गरिसकेकाछन् । आर्जेन्टिना, बोलिभिया, ब्राजिल, कोलम्बिया, कोस्टारिका, डेनमार्क, डोमिनिक, इस्वाडोर, फीजि, ग्वाटेमाला, हाण्डुरस्, मेक्सिको, नेदरल्याण्डस्, नर्वे, पारागुये, पेरु र भेनेजुयेला ।

अर्को महत्वपुर्ण अन्तर्राष्ट्रिय बहसमा रहेको विषय हो - संयुक्त राष्ट्र संघको आदिवासी मुद्दामा स्थायी मञ्चले उठाएका सांस्कृतिक पहिचानको सवाल । राज्यबाट पक्षपातमा पारिष्का आदिवासी समुदायहरुको संख्या अधिक भएका देशहरुमा यसवारे राजनैतिक विकासहरु भएका छन् । यी अग्रसरता र विकासहरुलाई अब राज्यले वेवास्ता गर्न सक्दैनन् ।

### ३.४.२ समानुपातिक प्रतिनिधित्वपूर्ण निर्वाचन व्यवस्था

सहमति (Consociation) पूर्ण शक्ति बाँडफाँडको लागि ४ प्रकारले समानुपातिकको सिद्धान्त लागु गर्न सकिन्छ । कार्यकारी शक्ति बाँडफाँड गरेर, निर्वाचन प्रणालीमा समानुपातिक प्रतिनिधित्व लागु गरेर, सांसकृतिक स्वायत्तता ९ब्गतयलक्थ० को व्यवस्था गरेर र आपसी भीटोको रुपमा संरक्षण प्रदान गरेर । यी सिद्धान्तहरु लागु गरेर समाजको एक समूहले अर्को समूहलाई आफ्नो दृष्टिकोण लाद्नबाट जोगाउन सकिन्छ । राज्यका संख्याहरुमा समाजको विविध सांस्कृतिक बनौटलाई प्रभावकारी ढंगले प्रतिविम्बित गर्न सकिन्छ । हुन त सहमतीय चाँजोपाँजोलाई अप्रजातान्त्रिक भन्ने गलत आरोप पनि लाग्ने गरेको छ । किन कि यसले बलियो

समुदायको दमनलाई फाल्दैन । यसले कार्यकारिणी र व्यववस्थापन क्षेत्रमा समुदायहरुको प्रतिनिधित्वमात्र आवश्यक ठान्छद ।

बेलिज, गायाना, सुरीनाम, टिनीडाड र टोबागोमा धेरै पहिले देखि केही सफलता साथ विविध रंग र जातीय समुहहरु बिच शक्ति बाँडफाँडको प्रावधानहरु लागु भएको छ । ती प्रावधानहरुमा हरेक समुदायको स्वशासन जस्ता स्वायत्तता संयुक्त सरकार जस्तो एकताका अंगहरु समावेश भएका छन् । कार्यकारिणी, व्यवस्थापन र न्यायका अनुस्थानहरुमा समुदायहरु बिच शक्तिको बाँडफाँड भएको छ ।

होश राख्नुपर्ने कुरा हो - उत्तरी आयरलैण्डमा जस्तै तोकिएको संख्यामा अल्पसंख्यकको स्थान सुरक्षित गर्नु सन् १९२०-१९७२ को विचमा अलस्टर युनियनिष्ट पार्टीले क्याथेलिक नेशनलिस्ट पार्टीहरुलाई दमन र धोखा दिएर नेशनलिस अल्पसंख्यकलाई वेवास्ता गरी शासन चलाई रहे । फलस्वरुप लामो समय सम्म हिंसा र द्वन्द्व भड्किरहयो । सन् १९९८ को गुड फ्राइडे सम्झौता पछि यो प्रवृत्ति दोहरिएन । यहि सम्झौताले गर्दा उत्तरी आयलैण्ड साधारण सभामा अन्तरसमुदायको आधारमा निर्णयहरु हुन थाले । यस्ता दुईटै दलको समानान्तर सहमति आवश्यक पर्दछ अथवा बहुमतले ६०% र अल्पमतले ४०% को अनुपातमा लागु हुन्छ । दुईटै पक्षको सहमति र लेनदेन बिना महत्वपूर्ण निर्णय हुन सक्दैन ।

बेल्जियमको सभा र संसद - भाषिक समूहमा विभाजन गरिन्छ । एउटा डच भाषी र अर्को फ्रेन्च भाषी । केही मूलमुद्दाहरुमा प्रत्येक समूहको बहुमतबाट निर्णय हुनु पर्दछ र दुवैको संयुक्त मतले दुई तिहाई नाघ्नु पर्ने छ । बहुमतिय प्रजातन्त्रमा यसरी समुहकृत मतदान हुँदैन र बहुमतले शासन गर्दछ जबकि सहमतिमा प्रजातन्त्रमा सबै समूहहरुको बहुमतको आधार शक्तिबाँडफाँड भई शासन अगाडि बढ्दछ ।

समानुपातिक प्रतिनिधित्व, सहमतिय शासन व्यवस्थाको अर्को तरिकाले जनसंख्याको अनपातमा समुदायको स्पष्ट राजनैतिक प्रतिनिधित्वको आधारमा नीति स्पष्ट राजनैतिक प्रतिनिधित्वको आधारमा नीति निर्णय बन्दछ । यो खासतया जातीय विविधता भएको ठाउँमा उपयुक्त देखिएको छ । यस व्यवस्थामा राजनैतिक दलहरुलाई विभिन्न जातीय समुहरुबाट प्रतिनिधित्व गराउने वाध्यता सृजना हुन्छ । समानुपातिक प्रतिनिधित्वले दिगो प्रजातन्त्र कायम गर्न बढी प्रभावशाली देखिएको छ र बहुमतिय शासनका कमजोरीहरुबाट मुक्त भई अल्पसंख्यकहरुको आवाज निर्वाचनमा देखिन्छ ।

प्रतिनिधित्वको सुनिश्चितताको लागि प्रयोगमा आएका अन्य तरिकाहरुमा सांस्कृतिक अल्पसंख्यक अन्य तरिकाहरुमा सांस्कृतिक अल्पसंख्यक समूहहरुलाई स्थानहरु आरक्षण दिनु पनि एक हो । जस्तो न्यूजिल्याण्डमा माओरी भारतमा अनुसूचित जाति र जात, शियामा हंगेरियन, इटालियन, जर्मन र अन्यलाई आरक्षणका स्थानहरु उपलब्ध छन् । यस्तो व्यवस्थामा स्थान र कोटाको लागि पनि असन्तोष र द्वन्द्व हुनसक्छ। लेबनानको संसद ६:५ स्थानको मुस्लीम कोटा प्रति ईशाइ र मुस्लीम बिच खटपट भैरहन्छ किन कि सो कोटा सन् १९३२ जनगणनाको आधारमा तय गरिएका थिए यही कारणले त्यहाँ जनयुद्ध समेत भयो । जनसंख्याको अनुपातमा परिवर्तन आए पछि कोटा प्रणाली भन्दा समनुपातिक प्रतिनिधित्वको चुनाव प्रणाली केहीहद सम्म राम्रा देखिएको छ ।

न्यूजिलैण्डमा बहुमतिय शासन प्रणालीबाट समानुपातिक प्रतिनिधित्वका प्रणाली लागु गर्दा धेरै सकारात्मक प्रभावहरु देखा परेका छन् । सन् १९९३ मा आदिवासी माओरीको प्रतिनिधित्व जनसंख्याको अनुपातमा ज्यादै थोरै भएको मुद्दालाई समाधान गर्न निर्वाचन प्रणालीमा ठूलो सुधार गऱ्यो । बहुमतिय शासन प्रणालीबाट समानुपाति प्रतिनिधित्वको प्रणालीमा गयो । सन् १८६७ को उपनिषेशिप कानुनले सरकारको ९९ स्थानमा ४ स्थान मात्र माओरीलाई दिन्थ्यो । यो माओरीको १५% जनसंख्याको अनुपातमा ज्यादै थोरै थियो । न्यूजिलैण्ड माओरीहरुलाई निर्वाचनमा भागलिने दुई विकल्पहरु प्रदान गरे । उसले माओरीहरुको सामुहिक भोटको रुपमा अथा समान्य भोटको रुपमा मतदान गर्न पाउथ्यो । माओरीको सामुहिक भोटमा नाउँ लेखाउनेको संस्थाको आधारमा माओरीको स्थानको संख्या तोकिन्थ्यो । यस प्रणालीमा माओरीको राजनैतिक

प्रतिनिधित्व सन् १९९३ को ३%बाट सन् २००२ मा १६% पुग्यो । पश्चिम यूरोपका २८ देशहरु मध्ये २१ देशमा एक प्रकारको समानुपातिक प्रतिनिधित्वको प्रणाली छ ।

वहुमतिय निर्वाचन प्रणालीमा केही असंगतिहरु छन् । उदाहरणको लागि बेलायतमा सन् २००१ को चुनावमा लेबोर पार्टीले ४१% मत प्राप्त गरे तर संसदमा ६१% स्थान प्राप्त गरी बहुमतको सरकार गठन गरे। त्यही चुनावमा लिवरत डेमोक्राट पार्टीले १९.४% मत पाएर पनि ७.५% मात्र स्थान प्राप्त गरे । जबकि समानुपातिक प्रतिनिधित्व प्रणालीको निर्वाचनमा २०% मत संख्याले २% स्थान नै पाउँदछ ।

### ३.४.३ धर्म र धार्मिक अभ्यास

विश्वमा धेरै देशहरुमा अल्पसंख्यक समुदायको धर्मले धेरै दमन र पक्षपात सहुन परेको छ । गैर धर्म निरपेक्षा राज्यहरुमा खुलस्त रुपमा धार्मिक पक्षपात गरिएको पाइन्छ । ती राज्यहरुमा राज्यको धर्मलाई विशेष स्थान र अधिकारहरु दिइन्छ । धर्म मानिसहरुको पहिचानको एउटा महत्वपूर्ण पक्ष भएको हुँदा धार्मिक अल्पसंख्यकको समस्या धेरै सम्वेदनशील भई द्वन्द्व निम्त्याउने भएको छ । ती द्वन्द्वहरु धेरै ठाउँमा हिंसात्मक भएको पाइएको छ । हुन त यी धार्मिक द्वन्द्वहरु धर्मनिरपेक्ष राज्यहरुमा पनि भउको पाइएको छ । यस्ता द्वन्द्वहरु न्यून गर्नमा राज्यका सस्थाहरुले धर्मको आधारमा सबैलाई समान स्थान दिनुपर्नेछ । धर्म निरपेक्षको सिद्धान्तले यस्ता लक्ष्यहरु प्राप्त गर्नमा सफलता पाएको देखिएको छ । धर्मनिरपेक्षताका पनि विभिन्न खाकाहरु छन् ।

गैरधर्मनिरपेक्ष राज्यका कुनै विशेष धर्मलाई राज्यले मान्यता दिन्छ । इरान इस्लामिक गणतन्त्र हो जहाँ आयातोताहहरुले दैवी कानूनको आधारमा राज्य संचालन गर्दछ । बंगलादेश लिबिया र मलेशियामा इस्लाम धर्मलाई राज्यले अनेक सुविधाबाट र स्था नदिन सक्दछ । नेपालको हिन्दु अधिराज्य धारणा अन्तरगत हिन्द धर्मलाई विशेष स्थान र सुबिधाहरु प्राप्त छ । आर्जेन्टिना बोलिभिया र कोस्टारिकामा क्याथोलिसिज्मको विशेष स्थान छ भने भूटान, बर्मा र थाईलैण्डमा बुद्धधर्मको विशेष स्थान छ । कतै राज्यले कुनै धर्म र चर्च सँग सम्बन्ध स्थापित गरे पनि अन्य धर्महरुलाई पनि समान आदर र मान्यता दिएका पनि छन् । यस्ता राज्यमा सरकारले सबै नागरिकले धार्मिक कर तिर्नु परेता पनि त्यो करको रकम आफ्नो धार्मिक संस्थालाई बुझाउन सकिन्छ । स्वेडेन र बेलायतमा जनतालाई आफ्नो स्वेच्छाले चाहेको धार्मिक संस्थामा धार्मिक कर तिर्न स्वतन्त्र छ । डेनमार्क, थाइलैण्ड र नर्वेमा पनि यो प्रणाली विद्यमान छ ।

चीन, पूर्व सोभियत संघ र पूर्वी यूरोपका सम्यवादी राज्यहरु धर्म निरेपक्ष हुनुको साथै धर्म विरोधी पनि हुन् । राज्यले धर्मको वारेमा कुनै चासो नलिनुको साथै धार्मिक गतिविधिमा नियन्त्रण समेत गर्दछ ।

कुनै राज्यहरु धर्मको सवालमा निस्पक्ष र उदास हुन्छन् । यी राज्यहरुमा धार्मिक संस्थाहरुलाई शासन प्रणालीबाट टाढा राखिन्छ र साथै राज्यले तिनीहरुको कृयाकलाप वास्ता पनि गर्दैन । यस्ता राज्यहरुको उदाहरणमा फ्रन्स र अमेरिकाको भर्जिनिया राज्य पर्द छ । कुनै राज्यहरुमा धर्मनिरपेक्षता अपनाउनु सथै सबै धर्महरुलाई समान आदर र दूरी कायम गर्दछ । धर्मनिरपेक्ष यस कारणले कि राज्यले कुनै चर्च वा मठ मन्दिर स्थापना गर्दैन र कुनै एउटा धर्मको प्रवर्द्धन गर्दैन, तर सबै धर्म मान्नेहरु तथा नमान्नेहरुलाई समान आदर दिंदछ । 'सैद्धान्तिक दूरी' को आधारमा राज्यले मानव अधिकारको विषय दखल पनि गर्न सक्दछ । सैद्धान्तिक दुरुको अभ्यास भारतको संविधानमा छ, त्यसैले भारत सरकारको लागि सबै धर्म बराबर भएर पनि त्यहाँका धार्मिक समुदायको परम्पारगत कानून र अल्पसंख्यक समुदायका रित र अभ्यासहरु मान्नमा सगाउ पुऱ्याउछन् । धार्मिक स्वतन्त्रता र सांस्कृतिक एकता कायम गर्न 'अछूत' र मन्दिर प्रवेश जस्ता परम्पराहरुलाई कानुनलृ वन्देज पनि लगाएको छ ।

राज्यले धर्मको आधारमा पक्षपात नगर्ने हो भने धार्मिक स्वतन्त्रता र व्यक्तिगत चयनका तीन आयामहरुलाई अपनाउनु पर्ने हुन्छ ।

- कुनै धार्मिक समूहको सम्प्रदाय वा व्यक्तिले धर्मको मूल विश्वासको व्याख्याको चुनौति दिन आलोचना गर्न र सुधार गर्न अधिकार पाउनु पर्छ । सबै धर्ममा थुप्रै व्याख्या र अभ्यासहरु पाइन्छन्

- कुनै एउटा मात्र व्याख्या र अभ्यासलाई मात्र राज्यले मान्यता दिने कार्य गर्नु हुन्न । सबै धर्मका गुरु पुरोहितहरुको स्थान समान हुनु पर्छ र विशेष स्थान वा राजनैतिक पक्षपात गर्न पाइन्न ।
- राज्यले सबै धर्महरुलाई अन्तर सम्बाद गर्न र सीमा भित्र रही आलोचना गर्ने स्थान दिनु पर्छ । एउटा धर्मका अनुयायीले जिम्मेदारीपूर्वक अन्य धर्मको विश्वास र अभ्यासमा आलोचना गर्न पाउनु पर्दछ ।
- व्यक्तिहरुलाई आफु जन्मेको धर्मको आलोचना गर्नु पाउने स्वतन्त्रताको साथै त्यस धर्मलाई त्यागेर अर्को धर्म अपनाउन वा कुनै धर्म नअपनाउन पनि सक्दछ ।

यी नै धर्म निरपेक्षता र धार्मिक स्वतन्त्रताका मूलभूत सिद्धान्तहरु हुन् ।

### ३.४.४ परम्पारगत कानुन र न्यायिक बहुलता

राज्यको मूल कानुनले केही धार्मिक र जातीय अल्पसंख्यक र आदिवासीहरुको परम्परागत मूल्य मान्यताहरुलाई समेट्न सकेका हुँदैनन् । केही देशहरुमा न्यायाधीस र कानूनी कर्मचारीहरुले मूल कानूनलाई धर्म र जातीय विषयमा सम्वेदनशील नभएको पाइएका छन् । धेरै देशहरुमा न्याय प्रशासनमा आदिवासी वा धार्मिक अल्पसंख्यकको प्रतिनिधित्व न्यून भएको हुन्छ । यसबाट न्याय क्षेत्रमा पक्षपात र वहिस्कारको परिस्थिती सृजना भई यी जनताको पहुँच नपुगेको हुन्छ । न्याय प्रणालीमा पहुँच भन्दा बाहिर हुनुमा भौगोलिक दुरी, खर्चिलो, भाषा र अन्य सांसकृतिक अवरोधले गर्दा न्याय सेवाबाट अल्पसंख्यकहरु वंचित भएका हुन्छन् ।

न्यायिक बहुलताले यसको बहिस्करणको समस्याको समाधान गर्न सक्दछ । न्यायिक बहुलताले परम्परागत कानुनको रक्षार्थ मूलकानूनको स्वतन्त्रताको व्यापकताको सिद्धान्तलाई परित्याग गर्नु पर्ने हुन्छ । जस्तो कि केही परम्परागत कानुनले महिलाको समानतालाई मान्यता दिदैन । ती कानुनले महिलालाई सम्पत्तिको अधिकार, अंश पाउने, परिवार न्याय जस्ता विषयमा समानता दिदैन । तर एउटा कुरा के हो भने न्यायिक बुहलता भन्दैमा मूल कानूनलाई पुरै लत्याएर परम्परागत मूल्य मान्यतालाई पूर्ण रुपमा कानुनी प्रावधानमा समावेश गर्नु पर्छ भन्ने होइन । मानव अधिकार उल्लंघन हुने खालका मान्यताहरुलाई परम्परागत कानुनको नाउँमा मान्नु पर्ने भन्ने छैन ।

मानव विकासको हिसाबले सबै न्याय प्रणालीमा मनव अधिकार लैंगिक समानता जस्ता मुद्दाहरुमा अन्तराष्ट्रिय मापदण्ड अपनाउनु पर्नेछ । न्यायीक बहुलता प्राय सबै समाजमा विद्यमान हुन्छन् । स्थानिय परम्परागहरु ऐतिहासिक रुपमा स्वीकार्य हुँदै औपचारिक कानुनमा व्यवस्था गरिएको हुन्छ । न्यायिक बहुलता नहुँदा र देशको कानुन कुनै एउटा धर्म वा बलियो सास्कृतिक समूहको मान्यता निर्माण गर्दा खेरी अन्य धर्म वा कमजोर समूहको परम्परागत अधिकारहरु बन्चित हुन्छन् । उदाहरणको लागि नेपालको कानून हिन्दू मान्यता र न्याय शास्त्रमा आधारित हुँदा गाई मार्ने सवालमा गाईको मासु खाने समुदायलाई अन्याय हुन गएको छ । किन भने हिन्दू मान्यतामा गाई मार्नु पाप हो । तर मुस्लीम र गैर हिन्दुहरुमा गाईको मासु र अन्य मासुमा केही फरक छैन ।

भारतमा न्यायिक बहुलता र न्यायिक अन्तर्राष्ट्रिय मापदण्डको विषयमा धेरै बहस नभएका होइनन् । हिन्दु र मुस्लीम बिचको व्यक्तिगत ऐन ९एभचकयलर्वा बिध० र समानात्र संवैधानिक एकनासको मुलुकी एने ९गलपयचक अख्वर्ष अयमभ० को बिचमा बहस विद्यमान छ । भारत एउटा बहुसांस्कृतिक धर्म निरपेक्ष राज्य हो । व्यक्तिगत ऐनले फरक धार्मिक समुदायको लागि फरक मापदण्ड लागु गर्दछ । विवाह, सम्बन्ध विच्छेद, संरक्षक व्यवस्था, धर्म पुत्रापुत्री पाल्ने, अंशको हकका विषयमा । सांस्कृतिक बहुलवाद र न्यायिक वहुलतालाई राज्यको मूल कानुन र अन्तर्राष्ट्रिय न्यायिक मापदण्डको बिचमा सामञ्जस्थता कायम गर्नु चुनौतिपूर्ण कार्य हो ।

अफ्रिकामा यूरोपिय उपनिवेशवादीहरुले अदालत र नगर कानुन थालेका थिए तर तिनीहरुले त्यहाँको परम्परागत कानुलाई मान्यता दिएर न्याय र नैतिकताको सामञ्जस्यता स्थापित गरेका थिए । पश्चिमी शैलीका अदालत विदेशी मेजिस्ट्रेटले संचालन गर्दथे र अफ्रिकी र गैर अफ्रिकीमा अपराध र नागरिक मुद्दाहरुमा लागु गर्दछ । यी सामान्य अदालतमा यूरोपिय कानुन र अभ्यास लागु गर्दथे । आदिवासी अदालतमा जसलाई जनताको अदालत पनि भनिन्थे त्यहाँ परम्परागतथ थकाली वा स्थानीय ठालुहरुले मुद्दा छिन्दथे । यी अदालतमा अफ्रिकीहरुलाई मात्र परम्परागत कानुन अनुसार कारवाही चलाउँथे । उपनिवेशको अन्त पछि इथियोपिया र टयूनिशियामा परम्परागत कानुनको छुट्टै अदालतलाई हटाएर मूल कानुन मै ती पक्षहरु समावेश गरिएका छन् ।

अस्ट्रेलिया, क्यानडा, दक्षिण अफ्रिका र ग्वाटेमाला जस्तो देशहरुमा न्यायिक बहुलता अपनाइएको छ । अस्ट्रेलियामा अवओरिजिनल र टोरेस स्ट्रेट आइजलैण्डलाई परम्परागत कानूनको मान्यता दिएर आदिवासी समुदायलाई न्याय प्रणालीमा सहभागिता, आदिवासी अदालत, आदिवासी शासन र वृहद क्षेत्रिय स्वायत्तताको बृद्धि गरेको छ । क्यानाडामा अपराधका मुद्दाहरुमा आदिवासीहरुलाई उनीहरुकै समुदायका न्यायधिश र वकिलको व्यवस्था गरेर कानुनी बहुलताको अभ्यास गरेको पाइएको छ । ग्वाटेमालामा सन् १९९६ को शान्ति सम्झौताले मायाहरुको कानूनलाई मान्यता दिएको छ ।

ग्वाटेमालामा स्पनिशहरुले कब्जागरे पछि ५०० वर्ष सम्म त्यहाँका आदिवासीहरु माथि हिंसात्मक दमन र बहिस्करण लादे । सन् १९६० देखि १९९६ सम्म ती समुदायले हतियार समेत उठाएर विद्रोह गर्नु पर्‍यो । आधा जनसंस्था ओगटेका आदिवासीले राज्यबाट हत्या र मानवअधिकार उल्लंघनका वारदातहरु सहनुपर्‍यो । आदिवासीहरुमा ग्वाटेमालाको राज्यले दिएको न्याय व्यवस्था प्रति पूर्ण अविश्वास अभिव्यक्त हुन गयो । कानुनी राज्य पूर्ण रुपमा असफल भए । सन् १९९६ मा सम्झौता भई परम्परागत मायान कानुनले अधिकारिक मान्यता पाए ।

दक्षिणी अफ्रिकामा परम्परागत कानुनलाई प्रयोग गर्ने सम्वन्धमा अनेक अभ्यासहरु भैरहेका छन् । त्यही पनि कानुनी राज्य र परम्परागत कानुनको बिचमा कसरी समन्वय स्थापित गर्ने भन्नेमा चुनौति पाइएको छ । आधा भन्दा बढी दक्षिण अफ्रिकीहरु जो ग्रामीण क्षेत्रमा बस्दछन् । परम्परागत कानुनमा मात्र अभ्यस्त छ । सहरी इलाकामा पनि यस्ता अदालतहरु विद्यमान छन् - जहाँ चोरी, सम्पत्ति सम्वन्धी मुद्दा र धरायसी झगडा सम्बन्ध विच्छेद र अंश वण्डाका मुद्दाहरु छिन्छन् । यस्ता अदालतहरु आर्थिक रुपले कम खर्चिलो र त्यहाँ स्थानीय भाषा प्रयोग हुने हुँदा जनताले आफुलाई न्याय प्रणालीमा समावेश भएको अनुभव गर्न सक्दछन् ।

### ३.४.५ बहुभाषिक उपायोग

बहुभाषिक राज्यमा कुनै एउटा वा थोरै मात्र भाषाहरुलाई मान्यता दिँदा अन्य भाषा भाषीका समुहहरु प्रति राज्यले दमन गरेको ठहर्छ । गैर राज्य भाषाका समुदायहरुको स्वतन्त्रतामा वाधा पुग्दछ र असन्तोषको वातावरण पन्पिन थाल्दछ । राज्यले समुहरुलाई बाहिस्कार गर्ने औजारहरुमा भाषाको मान्यता र उपयोगले ठूलो भूमिका खेल्दछ । राजनीति, शिक्षा, न्यायमा पहुँच र अन्य धेरै नागरिक जीवनका पक्षमा राज्यले भाषालाई मान्यता दिनु र नदिनुमा धेरै असर पर्दछ । भाषाको मान्यता र प्रयोजन कै आधारमा समुदाय समुदाय बिचमा आर्थिक र सामाजिक असमानताहरु पैदा हुन जाँदछ । भाषा राज्यमा राजनैतिक विभाजनका मुद्दा बन्न सक्दछ । सन् १९५६ मा श्रीलंकामा अंग्रेजी भाषाको ठाउँमा सिंहल भाषालाई मात्र वहुसंख्यको भाषा भनेर सरकारी भाषा बनाइयो । अल्पसंख्यक तामिलहरुले विरोध गरे र सिंहलको साथै तमिललाई पनि सरकारी भाषाको मान्यता दिन चाहयो ।

जातियता र धर्मको सवालमा राज्य निस्पक्ष वस्न सक्छ, तर भाषाको सवालमा यो सम्भव छैन । जनतालाई साझा भाषाको आवश्यकता पर्दछ, जसले समुदायहरु विचमा आपसी संचार र समझदारी कायम

होस् । राज्य भित्र बोलिएका सबै भाषामा सरकारी काम काज संचालन गर्न सम्भव छैन । तर प्राय जसो पूरी यूरोप र विकासशील देशहरु बहुभाषिक छन् । त्यहाँ बहुसाँस्कृतिक नीतिहरु अपनाउन आवश्यक हुन्छ ।

बहुसाँस्कृतिक समाजहरुमा बहुभाषिक नीतिले विभिन्न भाषिक समुदायलाई मानयता दिन सक्दछ । बहुभाषिक नीति अपनाउँदा एक दुई वा बढी भाषाहरुमा शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने हुन्छ भने नागरिक जीवन अगाडि बढाउन साझा भाषाले पनि प्रावधान राख्नु पनि हुन्छ । भाषिक द्वन्द्व सुल्झाउन अल्पसंख्यकको भाषाको उपयोग गर्ने केही क्षेत्रहरु तोक्नुको साथै अन्य भाषा सिक्ने राम्रो अवसर पनि दिनु पर्नेछ । गैर सरकारी भाषीलाई सरकारी भाषा सिक्नलाई प्रोत्साहन र सुविधाहरु दिनु पर्ने हुन्छ । तर व्यवहारमा सरकारी भाषामा दखल नभएका गैर भाषीलाई राजनीति, शिक्षा, सरकारी सेवाबाट वन्चित गरिएको हुन्छ ।

भाषिक अधिकारको लागि कुनै विश्व मापदण्ड नभएता पनि नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौतामा मानव अधिकारकै अंगको रुपमा भाषालाई बहुभाषिक राज्यमा स्थान दिइएको छ । विशेषतथा अभिव्यक्ति स्वतन्त्रता र समानताको अधिकार भित्र भाषिक अधिकार पर्दछ किनभने अभिव्यक्ति स्वतन्त्रता र भाषिक स्वतन्त्रता गासिएको विषय हो । सन् १९९४ सम्म टर्कीको अल्पसंख्यक कुर्दलाई सार्वजनिक काममा आफ्नो भाषा उपयोग गर्नबाट बन्देज लगाएको थियो । तर सन् २००२ मा टर्किस संसदले कुर्द अल्पसंख्याकले निजि संस्थामा कुर्द भाषा सिकाउन पाउने कानुन पास गऱ्यो र वातमानमा सनु २००४ कुर्द भाषा सिक्ने केन्द्र स्थापना भयो । यदि राज्यले बुहभाषिक नीति अपनाउछ र अरु भाषा पनि सिक्ने प्रयास गरेमा राज्य भित्र जनजातिलाई अवसरहरुको व्यापकता सृजना हुन सक्छ । पप्रवा न्यू गिनीमा बहुभाषिक शिक्षा लागु गरेको उदाहरण मनन योग्य छ । पपुवा न्यूगिनी भाषिक र सांस्कृतिक हिसाबले सबै भन्दा विविधता भएको देश हो जहाँ १०० भाषाहरु बोलिन्छ । सय वर्षको उपनिवेशले तोक पिसिन नामको_साझा भाषा सृजना गऱ्यो, जुन भाषा निर्माणमा जर्मन, अंग्रेजी, स्पानिश, मलाया र पपुवाव न्यूगिनिका आफ्नै भाषाहरु समिश्रण भएको छ र आधा जनसंख्याले बोल्दछ । सन् १९९३ मा आदिवासी समुदायको आवश्यकतालाई ध्यानमा राखी शिक्षामा व्यापक सुधार गऱ्यो र मातृ भाषामा प्राथमिक शिक्षा दिन शुरु गऱ्यो । त्यहाँ मातृ भाषा बाहेक अंग्रेजीलाई मध्यम भाषा बनाइयो । सन् २००१ सम्ममा ३६०० प्राथमिक विद्यालयहरुमा ३६९ आदिवासी भाषाहरुमा पढाइ हुन थाले । जनसंख्याको एक तिहाईले मातृ भाषामा शिक्षा पाए । स्पष्ट संकेत पनि आउन थालेका छन् कि मातृ भाषामा प्राथमिक शिक्षा दिँदा बच्चाहरुमा अंग्रेजी सजिलै छिट्टै सिक्नुको साथै शैक्षिक संस्थामा अधिक वृद्धि भएको छ । स्कुलमा बच्चाहरुको भर्नामा वृद्धि हुनुको साथै फेल हुनेको संख्यामा कमी आए । विशेषतया बालिकाहरुमा अत्यधिक प्रगति देखिए । सन् १९९२ मा ४% विद्यार्थी मात्र ६ कक्षाबाट ७ कक्षामा उत्तिर्ण भएका थिए पनि त्यो अनुपात ७०% पुग्यो । निम्न माध्यमिक कक्षामा भर्नाको संख्या डब्बल भयो र उच्च शिक्षामा चौबर भए । शिक्षकहरुको धारणा अनुसार विद्यार्थीहरुमा आत्मविश्वास र जिज्ञासामा अधिक वृद्धि भएको पाइयो । यस प्रकारको भाषिक नीति र कार्यक्रमहरु लागु गर्नमा अस्ट्रेलियाको सहयोग कथनयोग्य छ ।

युनेस्कोले बुहभाषिक देशहरु त्रिभाषिक सुत्र लागु गर्न सिफारिस गरेको छ । तीन भाषामा एउटा अन्तर्राष्ट्रिय भाषा अर्को अरुको (साझा भाषा) र तेश्रो आफ्नो मातृ भाषा । यी तिन भाषाहरुको उपायोगको क्षेत्र पनि तोक्न सकिन्छ । जस्तो कि स्कुल, अदालत, सरकारी अड्डा, सार्वजनिक स्थल आदि ।

शिक्षण संस्थामा मातृभाषाको प्रयोगका अन्य सफल उदाहरणहरुमा फिलिपिन, क्यानाडा, बोलिभिया, ब्राजिल, ग्वाटेमाला, मेक्सिको, पारागुये, र पेरु पर्दछन् । अफ्रिकामा पनि एक भाषा नीति भन्दा दुई (वा तीन) भाषिक नीतिले विद्यार्थीहरुमा राम्रो प्रगती देखिएकोछ । मालि, नाइजर, नाइजेरिया, जाम्बिया र बुर्किना फासोमा मातृ भाषा र अन्य भाषामा शिक्षा दिँदा शिक्षामा प्रथति गर्नुको साथै राज्य भित्र सम्प्रदायिक सहिष्णुता वृद्धि भएको देखिएको छ । भारतमा बहुभाषिक शिक्षामा धेरै अनुभवहरु समेटिएकाछन् । ४ दशक सम्म तीन भाषा सुत्रलागु गरियो, जस्तो कि बंगालमा बंगाली, हिनदी र अंग्रेजी सिकाए । प्रान्तहरुमा भाषिक

सिमानाहरु तोकिएका छन् र पहिलो भाषा प्रान्तिय, दोश्रो भाषा छिमेकि प्रान्तको भाषा र तेश्रो भाषा अंग्रजी सिकाइन्छ ।

हुन त वहुभाषिक शिक्षा महंगो भनेर टिप्पणी गरिन्छ तर ग्वाटेमालामा गरेको अध्ययनमा आदिवासी जनतालाई मातृ भाषा र साझा भाषामा शिक्षा दिदाँ बार्षिक ५० लाख डलर बचत हुन आएको पाइयो । यो बचत १ लाख विद्यार्थीलाई शिक्षा दिंदाको हिसाब हो ।

अफ्रिकामा ८५% अफ्रिकीले १५ वटा मूल भाषाहरु बोल्दछन् । ती १५ वटा भाषाहरुलाई साझा भाषाको रुपमा विकास गर्ने प्रयास हुन थालेका छन् । ती १५ भाषाहरुलाई शिक्षा र सरकारी कामकाजमा प्रयोग गर्ने तरखर हुन थालेका छन् ।

बहुभाषिक समाजहरुमा बहुभाषिक नीतिले मात्र पूर्ण प्रजातान्त्रिक सहभागिता सुनिश्चित गर्न सकिन्छ । होइन भने राज्यका बहुसंख्यक जनता राज्यको मुलधारबाट बहिस्कृत हुन सक्छन् । जसको भाषा राज्यको भाषा भन्दा फरक छ । राज्यले एउटा भाषा नीति अपनाउँदा गैर भाषी समुदाय सरकारी संघ संस्थाका कामकारवाहीमा पछि पर्दछन् ।

न्यायिक संस्थाहरुमा पनि भाषिक नीतिले गर्दा गैर भाषिक समुदायलाई न्याय पुग्न सक्दैन । दक्षिण अफ्रिकाले सन् १९९४ देखि सरकारी काम काजमा ११ भाषाहरुलाई मान्यता दिएका छन् जसमा ९ वटा आदिवासीहरु छन् भने एउटा अंग्रेजी र अर्को अफ्रिकान हो । तान्जनानियामा किस्वाहिली अदालतको भाषा हो। संसदमा अंग्रजीमा प्रारम्भिक बिलहरु पेश हुन्छ तर किस्वाहिलीमा बहस हुन्छ र पछि अंग्रेजिमा अभिलेख गरिन्छ । सन् १९८७ मा न्यूजिलैण्ड जनसंख्याको १४% माआरी आदिवासीहरुले माओरीलाई पनि सरकारी भाषा घोषाणा गरे । त्यहाँ अदालतले माओरीहरुलाई माओरी भाषामा बहस चलाउने सुविधा प्रदान गर्दछ ।

नयाँ भाषिक नीति अपलनाउँदा राज्यले विशेष भाषिक बोर्ड गठन गर्नु पर्दछ । क्विबेक, क्यातालोनिया र बाल्टिक प्रान्तमा यस्ता बोर्डहरु गठन गरेर भाषिक विश्लेषण गरेर नीतिहरु निर्माण गरेकाछन्, जुन नीतिहरु अनुसार सरकारी जागिर, सरकारी कामकाज, न्यायिक क्षेत्रमा कामहरु अगाडि बढाइन्छ । नत्र भाषिक पक्षपातले गर्दा राज्य र गैर भाषिक समुदाय र समुदाय समुदाय बिचमा द्वन्द्व बढ्न सकछ । कुनै राज्यहरुमा क्षेत्रिय स्वशासन र भाषिक स्वशासनमा लेनदेन पनि भएको छ । माकेडोनियामा अल्बनिययनले आफ्नो भाषालाई देशभरी सरकारी मान्यता पाएकाले क्षेत्रिय स्वायत्तता त्यागेका थिए । सन् १९५६ मा मलेशियामा चिनियाहरुले नागरिकताको ासहुलियतमा मलाया भाषाको अधिपत्य स्वीकारेका थिए । सन् १९९१ मा लातभिया रुसबाट स्वतन्त्र भए पछि लातभियन भाषा राज्या भाषा भयो तर रुसी भाषीलाई तालभिया भाषा सिक्न धेरै सुविधाहरु दिए । रुसी भाषामा शिक्षा पनि कायमै छ ।

सन् २००४ जनवरीमा लोपाजिर्गाले लागु गरिएको अफगानिस्तानको नयाँ सम्बिधानले बहुल भाषाको मान्यताको सवालमा इतिहासमा कहिल्यै नपाएको अधिकार दिएको दावि राष्ट्रपति हमिद कार्जइले गरेका छन् । अफगानिस्तानमा पस्तो र दारि दुई प्रमुख सरकारी भाषाहरु छन्, जुन सदियौं देखि बोलिन्छन् । ती भाषाहरु राज्यको संचार र सरकारी काम काजमा व्यापक प्रयोग गरिन्छ । ती दुई भाषाको अलावा लोया जिर्गाले देश भित्र बोलिने सबै अल्पसंख्यक भाषाहरुलाई पनि सरकारी मान्यता दिएको छ । आज बलुच, नूरिस्तानी, पामिरी, पशाई, टुर्कमेन र उज्वेकका भाषाहरुलाई क्षेत्रिय स्तरमा सरकारी मान्यता र अधिकार दिइएका छन् । यसरी भाषाहरुलाई मान्यता दिएर ती समुदायलाई राष्ट्रिय मूलधारमा समावेश गरिएको छ । आजको २१ औं शताब्दीमा भाषामा पनि साझापनको खोजि भइरहेको छ । अन्य भाषा सिक्नु अनुपादक हुँदैन। लोया जिर्गाका प्रतिनिधिहरुले अफगानिस्तानी जनताको विविधताले राष्ट्रिय एकता बढाउन आत्मविश्वास बढाउँछ । यी कुराहरु यूएनडिपीको मानव विकास सूचकांक प्रतिवेदन २००४ लाई दिनु भएको विशेष मन्तव्य हो ।

## परिच्छेद-४

# राज्यसत्ता स्वरुपमा समावेशीकरण

सदियौंदेखि नेपाल राज्यको स्वरुप सामाजिक यथार्थता र ऐतिहासिक आवश्यकता अनुसार निर्माण हुन सकेको छैन । राज्यलाई मुलुकको सीमाभित्र रहेका सम्पूर्ण नागरिकहरुको साझा भावानाको अभिव्यक्तिको प्रतिकको अर्थमा स्थापित गराइनु पर्दछ भन्ने मान्यता नेपालमा कहिल्यै पनि व्यवहारमा अंगिकार गरिएन । राज्यलाई एक थरि शक्तिशाली र प्रभावशाली वर्ग/समुदायकको एकलौटी विर्ता हो र भइरहनु पर्दछ भन्ने सामान्ती तथा साम्प्रदायीक मान्यता अद्यावधि कायम रहदै आएको छ । साथै सोही अनुरुप राज्यका सम्पूर्ण नीति र व्यवहार ब्याप्त छ । राज्यको यस प्रकारको चरित्रले नेपालमा शदियौंदेखि सत्तासिन वर्ग/समुदाय र अन्य शासित वर्ग/समुदायका बीचमा ऐतिहासिक कालदेखि चर्को अन्तरविरोध देखापर्दै रहे । यद्यपि यस किसिमका अन्तरविरोधहरुले कालक्रममा विस्फोटको रुप लिए भने कतिपय समयमा दमित अवस्थामा सुस्ताए । नेपालको सामाजिक राजनीतिक इतिहासको क्रममा समय समयमा देखा परेका अनेक प्रकारका सामाजिक विद्रोह र संघर्ष यीनै अन्तरविरोधका प्रकट रुपहरु थिए । विडम्वना यो रह्यो कि यस किसिमका जन विद्रोह वा संघर्षका माध्यमबाट अभिव्यक्त गरिएका जनभावनाहरुलाई राज्यका तर्फबाट कहिल्यै पनि सही रुपमा बुझ्ने चेष्टा गरिएन । त्यसलाई अवैध र अवाञ्छित मामिलाको रुपमा सदैव दवाउने तथा वेवास्ता गरिने गर्दै आए । राज्यलाई एकल वर्ग र समुदायको आधिपत्यको रुपमा स्थापित गराइराख्ने सत्तासिनहरुको रणनीतिक पुरातनपन्थी धार र त्यसलाई रुपान्तरण गरेर देसको वहुलतायुक्त सामाजिक यथार्थ अनुरुप राज्यलाई सबैको समावेशीमा प्रजातान्त्रिक मूल्य मान्यता अनुसार दिशावोध गराउने अग्रगमनकारी धार बीचको द्वन्द नै आजको नेपालको राजनीतिक यथार्थ हुन पुगेको छ । वर्तमान अवस्थामा यी दुई धारवीचको द्वन्दको सही र न्यायीक समाधान नै नेपालको राजनीतिक वृतको आधारभूत दायीत्व हुन आएको छ ।

यसै सन्दर्भमा नेपालभित्र लामो समयदेखि चलन थालेको वहश र त्यसविच प्रस्तावित विभिन्न विचारहरुको समष्टिगत निचोडले पनि मुलुकको वहुलतायुक्त सामाजिक यथार्थ तथा त्यसलाई राज्यको मूल प्रवाहमा सही रुपमा समावेश र समाहित गरिनु पर्दछ भन्ने कुरामा जोड दिन्छ । सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक तथा भौगिलक विविधता यथार्थ हुन, यसमा विवादको गुञ्जायस रहेन । केवल सहमतिको आवश्यकता खोजिनु पर्ने भनेको यी यावत पक्षहरुलाई राज्यले न्यायोचित, प्रजातान्त्रिक तथा समातामूलक आदर्शका आधारमा समाहित र समावेश गर्न सक्ने अवसर र उपाय के के हुन सक्ला ? अहिले हामीसंग आफ्नै राष्ट्र भित्रका भिन्न भिन्न राजनीतिक आस्था र खेमाका अग्रजहरुबाट प्रस्तावित पद्धति र प्रयोगहरु पनि छन् । त्यसै गरी व्यवहारवाट खारिसकेका थुप्रै अन्तरराष्ट्रिय अनुभवहरु पनि यस सन्दर्भमा उपस्थित छन् । सार रुपमा नेपालको सामाजिक विविधता अनुरुप राज्यको स्वरुपमा ल्याइनु पर्ने रुपान्तरणका सम्वन्धमा अब एक किसिमको राष्ट्रिय सहमतिको अवस्था तयार हुँदै गइरहेको छ।

सिद्धान्त र मान्यता के हो भने, वहुल साँस्कृतिक समाजमा सामाजिक सदभाव, सहयोग र समन्वयको माध्यमबाट राष्ट्रिय एकताको स्थापना तब मात्र संभव हुन्छ जब त्यहाँ समानता र आपसि सम्मानको स्थिति विद्यमान हुन्छ । साथै यसको लागि आवश्यक कानूनी संरक्षणको व्यवस्था पनि त्यतिकै आवश्यक हुनु पर्दछ । हाल अहिले मुलुकमा व्यापक रुपमा चलिरहेको वहस पनि मुलुकको सामाजिक-साँस्कृतिक वहुलता माझ सदभाव र एकताको वातावरणलाई सृजना गरेर राष्ट्रियतालाई बलियो पार्ने र त्यसैको माध्यमबाट स्थायी तथा सार्थक शान्ति स्थापना गर्नु हो । तर, समाजको एउटा सानो अंश वा

समुदाय मात्र पनि मूल प्रवाहमा समावेश गर्न नसकी वहिष्करणमा पर्दै गरेसम्म यस किसिमको सुखद अवस्थाको परिकल्पना सार्थक हुन्न । तसर्थ, यहाँ जनसांख्यिक हिसाबले ठूलो/सानो, साँस्कृतिक सामाजिक अर्थमा बलियो/कमजोर, आर्थिक दृष्टिकोणले सम्पन्न/विपन्नको कुनै अर्थ रहन्न । मुलुकभित्रको नागरिक र नागरिक समुदायको नाताले सबैको हैसियत समान छ । यहाँ भेदभावको कुनै स्थान रहनु हुन्न - समतावादी दृष्टिकोणले यही मान्यता राख्दछ ।

४.१ समावेशीकरणका पद्धति

राज्यको दृष्टिकोणबाट नागरिकहरु प्रति समतावादी व्यवहार भन्नुको अर्थ हो-उनीहरुलाई राज्य संचालनको सबै प्रक्रिया र तहमा सबै प्रकारबाट सहभागी हुन समान अवसर उपलब्ध गराइनु हो । कुनै पनि अर्थ, तर्क र निहुँमा उनिहरु राज्य प्रक्रियामा सहभागी हुनबाट वञ्चित हुनु पर्ने निषेधात्मक अवस्थाको उपस्थित नहुनु हो । सामान्यतया अहिलेसम्म हाम्रो राज्य प्रणालीको प्रवृति के रहंदै आएको छ भने राज्य संचालन प्रक्रियामा सहभागी वा समावेश हुनका लागि नागरिकले आफ्नो भिन्न अस्तित्व(आस्थागत, जातिय, साँस्कृतिक, भाषिक, धार्मिक, साँस्कृतिक आधार)लाई शासक समुदायभित्र वाध्यतापूर्वक सम्मिलन गर्नै पर्ने हुन्छ । यथार्थमा यो समावेशीकरण भन्दा समर्पणवादी प्रणाली हो । नेपालमा आजसम्म यही पद्धति कायम रहंदै आए । तसर्थ, समावेशीकरणको पहिलो आधार भन्नु नै सम्मिलनको विपरित सबै समुदाय/वर्गको स्वतन्त्र अस्तित्व र पहिचान हो भन्ने कुराको आत्म-स्विकृति हो । राज्यभित्र सबैले आ-आफ्नो भिन्न आस्था, धर्म, संस्कृति, परम्परा, रिति रिवाज, भाषा, रहन सहनको पहिचानलाई कायमनै राख्दै सहभागी हुन पाउने कानूनी प्रत्याभूति हो ।

स्पष्टत: एउटा समुदायको स्वपहिचान कुरा गर्दा उसको वासस्थान - आदिभूमि, भाषा, धर्म, सस्कृति, आस्था, रिति, परम्परा, संस्कार, रहन सहन तथा भेषभूशा आदि समग्र पक्ष समेटिएको हुन्छ । समावेशीकरणको कुरा गर्दा यीनै विविध पहिचानको आधारमा उनीहरुलाई राज्य प्रक्रियामा कसरी र-कुन तहमा समाहित गराउने भन्ने नै मूलभूत कुरा हो ।

प्रथमत:, प्रत्येक समुदाय कुनै न कुनै क्षेत्र, भूमिसंग आवद्ध रहेकै हुन्छ, उनीहरुको आ-आफ्नो आदिभूमि हुन्छ, यद्यपि वर्तमान अवस्थामा त्यसको स्वरुप र स्थितिमा परिवर्तन भइसकेको होलान । तर, एउटा समुदायको स्वपहिचानको अस्तित्वलाई सिद्धान्तत: स्विकार गरिसकेपछि स्वभाविक रुपमा उनको आदिभूमिको स्वतन्त्र पहिचानलाई पनि मान्यता दिएको हुन्छ । तर, जबसम्म समुदायलाई उनको स्वभूमिमा स्वछनौटको आधारमा स्वराज संचालनको अनुमति प्राप्त गर्दैन तबसम्म स्वपहिचानको अस्तित्वले मान्यता प्राप्त गरेको सावित हुनसक्दैन । त्यसैले, यस सन्दर्भमा जातिय स्वशासन न्यूनतम अनिवार्य शर्त हुन आँउछ ।

तदनुरुप एउटा समुदाय अरू भन्दा तात्विक अर्थमा भिन्न र मौलिक रहेको सावित गराउने विशिष्टता उनीहरुबीच सम्प्रेषणका लागि प्रयोग हुने भाषा नै रहेको हुन्छ । समुदायको स्वतन्त्र अस्तित्वले पाएको मान्यता र तीनको राज्य प्रवाहमा समावेश हुन पुगेको कुराको व्यवहारिक दृष्टान्त भनेको तीनका भाषा प्रयोगको क्षेत्रका सम्वन्धमा गरिने कानूनी सुनिश्चिता पनि हो । यसै गरी संस्कार, संस्कृति, परम्परा र धार्मिक आस्था अनुसरणका लागि व्यवस्था गरिएको कानूनी प्रत्याभूतिलाई पनि यसै क्रममा हेर्न सकिन्छ ।

प्रजातन्त्रको मूलभूत मान्यता नै "जनताका तर्फबाट जनताले जनताका लागि" राज्य प्रणाली संचालन हुनु हो । कसैले कसैकोलागि शासन गर्ने वा कोही कसैको माथी शासक बन्ने सिद्धान्तलाई प्रजातान्त्रिक आदर्शले स्विकार्दैन । प्रजातान्त्रिक प्रणालीका आधारभूत कुरा भनेकै जनताले आफ्नो लागि आफैले शासनभार संचालन गर्न पाउनु र शासन संचालन प्रक्रियामा विना भेदभाव सबै तहका, सबै क्षेत्रका, सबै प्रकारका नागरिकहरुले समान रुपमा सहभागी हुनु पाउनु हो । वहुल साँस्कृतिक मुलुकमा यस प्रजातान्त्रिक मान्यतालाई व्यवहारमा कार्यान्वयन गरिंदा स्वभाविक रुपमा नागरिकहरुका आ-आफ्ना मौलिक साँस्कृतिक, भाषिक, धार्मिक र क्षेत्रगत पहिचान सहित शासनसत्ताको स्वरुपवारे निरुपण गर्ने स्वतन्त्र अधिकार हो भन्ने कुरालाई स्पष्ट गर्दछ । प्रजातान्त्रिक आदर्शले प्रत्येक व्यक्ति वा समुदायलाई स्वेच्छा, स्वचाहानामा स्वशासनका विषयमा आत्मनिर्णय गर्ने अधिकार सुनिश्चित गर्ने भएकोले एउटा वहुल साँस्कृतिक समाजमा यस किसिमको अधिकारलाई अझ विस्तृतिकरण गर्दै व्यक्ति वा समुदायलाई आ-आफ्नो विशिष्ट साँस्कृतिक

पहिचानलाई जगेर्ना गर्न पाउने अधिकार स्वरुप सोही अनुरुप प्रणाली, प्रदेश, प्रतिनिधिका सम्वन्धमा स्वतन्त्र निर्णय गर्न पाउने व्यवस्था हुनु आवश्यक ठान्छ ।

४.२ स्वायत्त शासन

४.२.१ स्वायत्त शासन प्रदेश

प्रजातन्त्रको आधारभूत मान्यता अनुसार शक्तिको विकेन्द्रीकरण र राज्य संचालनमा जनताको प्रत्यक्ष संलग्नता भन्ने कुरालाई व्यवहारमा उतार्न संसारमा अनेकन पद्धतिहरु प्रचलनमा छन् । तर, नेपालको भूवनौट, सामाजिक संरचना र ऐतिहासिक पृष्ठभूमिका आधारमा जातिय/क्षेत्रीय स्वायत्त शासन कायम गरिनु वढि उपयुक्त ठहरिन्छ । कालक्रममा धैरै राजनीतिक उतार चढाव आइसकेको भएता पनि नेपालको आफ्नै सामाजिक विशिष्टता कारण कतिपय भाषिक, सांस्कृतिक र जातिय समुदायहरु अझै पनि आ-आफ्नो आदिभूमिमा र त्यसको आसपासमा वाहुल्यता कायम गरेर बसिरहेका छन् । अर्को तिर आधुनिक नेपालको नक्सा कोरिनु भन्दा अगाव पनि नेपालमा क्षेत्रीय र स्थानीय शासन सत्ताहरु कायम थिए । जसका मूलभूत आधार जाति, संस्कृति, भाषा आदि थिए । यद्यपि, परिवर्तित स्थितिमा जातिय/क्षेत्रीय स्वायत्त क्षेत्रहरुको सीमाङ्कनका लागि अझ बढी वैज्ञानिक र युक्तिसंगत आधारहरुको खोजि गरिनु पर्ने हुन्छ ।

जातिय/क्षेत्रीय स्वशासनको आवश्यकता प्रत्येक समुदाय, वर्ग र क्षेत्रवाट राज्य संचालन प्रक्रियामा प्रत्यक्ष र सक्रिय सहभागी बन्न सकोस् र जनतामा बढी भन्दा अधिकार प्रत्यायोजन होस् भन्नाले हो । सिद्धान्त यस किसिमको स्वशानका लागि जव कुनै भौगोलिक क्षेत्रको सीमा किटान गरेर स्वायत्तता प्रदान गरिन्छ त्यस अन्तर्गत समानुपातिक आधारमा विधायकहरुको छनौट गरी आफ्नै स्वतन्त्र व्यवस्थापिकाको गठन गर्ने अधिकार सुरक्षित राख्दछ । र सोही व्यवस्थापिकाद्वारा उक्त स्वायत्त क्षेत्रसंग सम्वन्धित यावत विकास्, निर्माणदेखि राजनीतिसम्मका वारेमा नीति निर्माण गर्ने, योजना तर्जुमा गर्ने, आर्थिक व्यवस्थापनको भूमिका निभाउने दायीत्व निर्वाह गर्दछ । केन्द्र र क्षेत्रको आपसी सम्वन्धलागि निर्देशन र नियन्त्रणको जिम्मेवारी पनि निभाउँछ ।

आफ्नो क्षेत्रका लागि प्रशासनिक कार्यभार संभाल्ने कार्यपालिका गठनको काम सोही व्यवस्थापिकाले गर्दछ । तर, समावेशीकरणको लक्ष यथाशक्य हासिल गर्न सकोस भन्ने उद्देश्यले कार्यपालिकाको गठनका लागि सहमतिय प्रक्रियालाई महत्व दिइन्छ ।

४.२.२ उप-स्वायत्त शासन

एउटै स्वायत्त क्षेत्रभित्र पनि विविध कारण विशेषले आफ्नो छुट्टै स्वपहिचान सहितका जाति, भाषिक वा साँस्कृतिक समुदायको वाहुल्यता रहेको हुन सक्छ । यस्तोमा प्रादेशिक हिसावले एउटै स्वायत्त सीमाभित्रको इलाका भए पनि त्यसता समुदायको भाषिक, धार्मिक, साँस्कृतिक र अन्य मामिलाका सम्वन्ध स्वतन्त्र रुपमा नीति निर्माण गरेर तीनको सम्वर्द्धन र संरक्षणका लागि काम गर्न अझ सहज होस भन्नाका लागि एउटा स्वायत्त क्षेत्रभित्र एक भन्दा उप-स्वायत्त क्षेत्रहरु निर्माण गर्न आवश्यक हुन सक्छ । सम्वन्धित समुदायको जनसंख्याको आधारमा यस किसिमका उप-स्वायत्त क्षेत्रका तह निरधारण गरिन सक्छ । यो प्रक्रिया ससाना ग्रामिण इलाका र वडा तहसम्म हुन सक्छ । साथै अधिकार प्रत्यायोजनको हकमा पनि स्वायत्त क्षेत्रको आकारका आधारमा संकुचन वा विस्तृत हुने नभइ समान अधिकार सम्पन्न हुन्छ ।

४.२.३ अल्पसंख्यक अधिकार

संख्या विशेषको कारणबाट अत्यन्त सानो, कुनै स्थानमा वाहुल्यता नभएको वा अन्य जाति समुदायको स्वायत्त क्षेत्रमा सानो संख्याको रुपमा रहेका समुदायको अधिकारको संरक्षण र उनीहरुलाई पनि मूल प्रवाहमा समावेश गर्न सकोस भन्ने कुरामा विशेष हेक्का राखिनु पर्छ । जनसंख्याको सानो ठूलो आकारका कारण कुनै पनि अधिकार उपभोगबाट वञ्चित भइ बस्नु पर्ने अवस्था श्रृजना हुनु हुन्न ।

प्रजातान्त्रिक मूल्य र आदर्श अनुसार अधिकारको उपभोगको कुरामा कुनै किसिमको भेदभावको स्थिति रहनु हुन्न । तर, सामान्यतया अन्य खालको व्यवस्थामा वहुमतीय शासनलाई मूल आधार वनाउँदा यस्ता अल्पसंख्यकहरुको कहिल्यै पनि कुनै पनि स्तरमा प्रतिनिधित्व हुन नसक्ने र उनीहरुका आवाजको सुनुवाइ हुने संभावना रहन्न । जसले गर्दा यस्ता अल्पसंख्यक समुदायहरु सदैव वहिष्करणमा परिरहने खतरा रहन्छ । तसर्थ समावेशीय प्रजातन्त्रको विशेषता स्वरुप जनसांख्यिक दृष्टिकोणबाट जतिसुकै सानो स्वरुपको भए पनि अल्पसंख्यक अधिकारको विशेष व्यवस्था अन्तर्गत यीनिहरुका लागि आरक्षणको नीति अपनाइन्छ । जसबाट यीनिहरुको प्रतिनिधित्व र सहभागिताको अधिकार सदैव सुरक्षित रहन्छ । वहिष्करणको अवस्था कहिल्यै पनि श्रृजना हुने छैन ।

४.३ समावेशीकरण र स्वायत्त शासन

समावेशीकरणको चाहनामा वर्तमान राज्य स्वरुपको रूपान्तरण गरिंदा नेपाल जस्तो वहुल साँस्कृतिक, वहुल जातिय, वहुल भाषिक, वहुल धार्मिक र वहुल क्षेत्रगत मुलुकमा नागरिकहरुका पहिचानको सम्मान स्वरूप आ-आफ्नो स्वतन्त्र पहिचानलाई वोध गराइने स्वतन्त्र प्रशासनिक इकाईहरु किटान गरिनु अनिवार्य हुन आउछ ।

नेपालको सन्दर्भमा यस किसिमका स्वायत्त, स्वतन्त्र प्रशासनिक इकाईहरुको अस्तित्व निर्माण गरिंदा संभवत् निम्न कुराहरुलाई मूलभूत आधारको रुपमा लिन सकिन्छ :

क) समुदायको भूमिसंग कायमरहेको ऐतिहासिक सम्वन्धको आधार
ख) समुदायको कुनै क्षेत्रमा रहेको जनसंख्याको वाहुल्यताको आधार
ग) स्वतन्त्र धार्मिक पहिचानको संरक्षणको आवश्यकता स्वरुप
घ) भाषिक समुदायको विशिष्टताको आधार
ङ) क्षेत्रगत विशिष्ट पहिचानको आधार

स्वभाविक रुपमा यी भिन्न आधारहरुमा स्वायत्त प्रशासनिक इकाईहरुको अस्तित्व निर्माण गरिंदा तीनका भौगोलिक र जनसांख्यिक आकारहरु पनि भिन्न हुन सक्छ । तसर्थ, यस्ता स्वतन्त्र, स्वायत्त इकाईहरुको प्रशासनिक हैषियतमा पनि समानता नहोला । यसका लागि निम्न तहका स्वायत्त इकाईहरुको व्यवस्था गरिनु आवश्यक हुन आउँछ :

क) प्रादेशिक/अंचल स्वायत्त क्षेत्र
ख) जिल्ला स्वायत्त क्षेत्र
ग) इलाका स्वायत्त क्षेत्र
घ) विशेष स्वायत्त इलाका

नेपालको वर्तमान आवश्यकता अनुसार प्रादेशिक/अंचल/जिल्ला स्वायत्तताको रुपमा ९ देखि १५ वटा सम्म स्वायत्त क्षेत्रहरु निर्माण गर्दा व्यवहारिक ठहरिनेछ ।

तर, वर्तमान अवस्थामा आन्तरिक अप्रवासन तथा अन्य समुदायको अतिक्रमणका कारण निश्चित प्रदेश, अंचल, जिल्ला एकल समुदायको मात्र वसोवास स्थलको रहिरहेको नहुन सक्छ । ब्यापारिक कारोवार, प्रशासनिक महत्व तथा यातायातको सुविधाले पनि कुनै स्थान विशेषमा धेरै थरिका मानिसहरु एकत्रित हुन आएको यथार्थ पनि छन् । यस्तो अवस्थामा जनसांख्यिक वाहुल्यता रहेका दुई वा दुई भन्दा बढी समुदायको संयुक्त स्वायत्त क्षेत्रहरु निर्माण हुन सक्छ । तर, कुनै पनि समुदाय विशेषलाई अर्को समुदायसंग मिलेर संयुक्त स्वायत्त क्षेत्र निर्माण गर्ने वा नगर्ने ? आफ्नो स्वतन्त्र पहिचानको बेग्लै स्वायत्त क्षेत्र खडा गर्ने हो त्यसवारे आत्मनिर्णय गर्ने अधिकार सुरक्षित रहन्छ । यस्तो आत्मनिर्णयको अधिकारको प्रत्याभुति राज्य पुनःसंरचनाको प्रारम्भिक कालमा मात्र नभइ राजनीतिक विकासक्रममा सदैवका लागि सुरक्षित हुन्छ । एउटै स्वायत

क्षेत्रभित्र कुनै समुदाय अल्पसंख्यकको रुपमा तर निश्चित इलाका अर्थात कुनै निश्चित नगर/गाउँ वा वडा स्तरमा वाहुल्यता कायम गरेका छन् सोही स्तरमा उनीहरुका लागि त्यस स्वायत्त क्षेत्र अन्तर्गत अर्को सानोस्वायत्त क्षेत्र खडा गर्नु पर्ने पनि हुन्छ । तर, छरपरस्त रुपमा रहेका छन् भने र ससाना संख्याका समुदाय छन् भने राज्य संचालन पक्रियामा उनीहरुको सहभागीता र प्रतिनिधित्वको सुनिश्चित गर्नका लागि त्यस्ताहरुका सम्वन्धमा अल्पसंख्यकहरुको अधिकार अन्तर्गत विशेष आरक्षणको व्यवस्था आवश्यक हुन्छ । स्वायत्त क्षेत्रहरुको निर्माणका क्रममा प्रत्येक समुदायका मानिसलाई अन्य समुदायको स्वायत्त क्षेत्रमा अल्पसंख्यकको रुपमा रहने वा आफ्नै समुदाय विशेषको पहिचान सहित निर्माण भएको स्वायत्त क्षेत्रमा वसाई सर्ने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार पनि सुरक्षित रहन्छ ।

स्वायत्त क्षेत्रहरुको स्तर वा तह किटान गर्ने काम सजिलो बनाउने वैज्ञानिक आधार संभवत जनसंख्याको आकार हुन सक्छ । राष्ट्रिय सहमतिको आधारमा प्रादेशिक, अंचल, जिल्ला, इलाकार विशेष स्वायत्त क्षेत्र निर्माणका लागि न्यूनतम जनसंख्या कति हुन पर्दछ भन्नेर तोक्न सक्छ ।

### ४.५ स्वायत्त क्षेत्रका स्वरुप

स्वायत्त क्षेत्र जुन तहको भए पनि आ-आफ्नो क्षेत्रको दैनिक प्रशासन संचालनको सोही अनुरुप कार्यपालिका रहन्छ । यस अतिरिक्त प्रत्येक स्वायत्त क्षेत्रको आफ्नो तह अनुसारको निर्वाचित जनप्रतिनिधिहरुको परिषद हुन्छ । तर, यस्तो परिषदको संख्याको ५० प्रतिशत राजनीतिक दलका प्रतिनिधिहरुका रुपमा र बाँकी ५० प्रतिशत साँस्कृतिक, धार्मिक, भाषिक, जातिय र क्षेत्रीय प्रतिनिधिहरुका रुपमा समानुपातिक निर्वाचन प्रणालीबाट चयन गरिनेछ । आफ्नो स्वायत्त क्षेत्रका सम्वन्ध नीति नियम र योजनको तर्जुमा गर्नु यसको कार्य क्षेत्र हुनेछ । साथै सहमतिको आधारमा कार्यपालिका चयन गर्ने दायीत्व पनि यही परिषदको हुनेछ । परिषदमा अल्पसंख्यक समुदायका लागि निर्वाचन प्रक्रियाबाट भन्दा पनि आरक्षण व्यवस्थाबाट प्रतिनिधित्वका सम्वन्धमा सुनिश्चित गराउने छ । सोही अनुरुप प्रत्येक स्वायत्त क्षेत्रमा बेग्ला वेग्लै प्रकृतिको दुई न्यायालय हुनेछन् । एउटाले केन्द्रीय संविधान अन्तर्गतको कानून पालनाका सम्वन्धमा न्याय सम्पादन गर्ने छ भने अर्कोले परम्परागत मूल्य मान्यताका आधारमा समस्याहरुको आपसी छिनोफानोको भूमिका निभाउने छ । तर दुबै न्यायालयका लागि तोकिएको योग्यता हासिल गरेका व्यक्तिहरु बीचबाट निर्वाचन प्रणालीबाट न्यायाधीशहरुको छनौट गरिने छन् ।

स्वायत्त शासनको अर्थ आ-आफ्नो क्षेत्रको समष्टिगत विकासका सम्वन्धमा सोही क्षेत्रका समुदायले केन्द्रको प्रत्यक्ष हस्तक्षेप विना निर्णय गर्ने र कार्यान्वयन गर्ने स्वतन्त्रताको प्रत्याभुति हो । तर, यस्तोमा केन्द्रको कार्यक्षेत्र र स्वायत्त क्षेत्रहरुको कार्य क्षेत्र के कति हो ? अधिकार क्षेत्र के हो भनेर सुस्पष्ट किटान हुन आवश्यक हुन्छ । त्यसैले स्वायत्त शासन अन्तर्गत नेपालको वास्तविकताको आधारमा विशेषत: निम्न क्षेत्र र विषयमा केन्द्रको हस्तक्षेप विना नीति नियम बनाउने र योजनाहरु कार्यान्वयन गर्न पाउनु पर्दछ :

(क) धर्म
(ख) भाषा
(ग) संस्कृति
(घ) शिक्षा
(ङ) स्वायत्त क्षेत्रको झण्डा र प्रतिक
(च) स्वास्थ्य र सामाजिक सेवा
(छ) अर्थ
(ज) राजश्व
(झ) प्राकृतिक श्रोतको बांडफांड
(ञ) पर्यावरणको संरक्षण
(ट) सडक तथा यातायात
(छ) भूमि माथिको अधिकार
(ठ) संन्चार

ङ) स्थानीय शान्ति सुरक्षा (प्रहरी)

४.६ समावेशीकरणका क्षेत्र

वहुल सामाजिक साँस्कृतिक समाजमा सवै वर्ग, समुदाय, क्षेत्रका नागरिकहरुको राष्ट्रिय मामिलाहरुमा समान रूपमा सहभागीता हुन सकोस् र उनीहरुको सही रुपमा प्रतिनिधित्व होस् भन्ने नै समावेशीकरणको मूल आशय हो । प्रजातन्त्रको सही व्यवहारिक रुपान्तरण पनि यही नै हो । तर, सहभागिता र प्रतिनिधित्व कुन कुन क्षेत्रमा, कसरी र कतिसम्म भन्ने कुराको पनि सुस्पष्टता आवश्यक हुन्छ । यसो गरिएन भने प्रतिनिधित्व र सहभागिता संभवत् देखावटी स्तरमा सीमित हुन सक्ने खतरा रहन्छ, अर्को तिर अधिकार विहिन प्रतिनिधित्वको कुनै सार्थक पनि रहन्न । यस्तोमा "जनताका तर्फबाट जनताले जनताका लागि" भन्ने प्रजातान्त्रिक मूल्य र मान्यताको व्यवहारिक उपादेयता सावित हुन सक्दैन ।

आदिवासी दृष्टिकोणबाट हेर्दा वर्तमान अवस्थामा उनीहरुको चासो मूलभूत रुपमा तीन वटा सवालमा केन्द्रीत रहेको छ, र यीनै कुराहरुको प्रत्याभूतिले मात्र उनीहरुको स्वतन्त्र अस्मिता सुरक्षित हुन सक्छ । ती तीन वटा सवालहरु हुन:

क) पहिचान
ख) प्रतिनिधित्व
ग) पहुंच

समावेशीकरणलाई सही अर्थमा मूर्तता दिने क्रममा सवै वर्ग, समुदाय र क्षेत्रका नागरिकहरुलाई सहभागीता र प्रतिनिधित्व गराउँदा खास गरेर दृष्टिगत गर्नु पर्ने यीनै तीन सवालहरुका सन्दर्भमा हुन ।

४.६.१ पहिचान

समुदायको पहिचानको चर्चा गर्दा मूलभूत रुपमा उनीहरु बसोवास गर्दै आइरहेको पितृभूमि पहिलो पंक्तिमा आँउछ । त्यस्ता क्षेत्रको सीमाङ्कनदेखि नामाङ्कनसम्ममा अन्तिम टुङ्गो लगाउने कुरामा सहभागीता र प्रतिनिधित्व सरोकारवाला समुदायको सुरक्षित अधिकार हो । तसर्थ यस्ता ऐतिहासि भूमिहरुका सन्दर्भमा यस क्षेत्रभित्रको प्राकृति श्रोत, जंगल, नदी नाला, खोला, ताल, जल श्रोत, खानी, चरन क्षेत्र, खेती योग्य भूमि आदिको उपभोग र उपयोगको कानूनी स्वामित्व सोही समुदायकोमा हस्तान्तरण गरिनु पर्ने हुन्छ ।

भाषा, धर्म, संस्कृति, रिति, परम्परा र भेषभूषा वाह्य रुपमै अनुभुत हुने समुदायगत पहिचानका आधार हुन । एउटा निश्चित समुदाय अरु कुनै भन्दा भिन्न र विशिष्ट हुन भनेर पुष्टि गराउने तत्वहरु पनि यीनै हुन । समुदायका यस्ता पहिचानका आधारहरुको संरक्षण तथा संवर्द्धन उनीहरुको मूलभूत चासोका विषय मात्र नभई तीनको संरक्षण र प्रवर्द्धनका लागि के कस्ता उपायहरु अपनाउनु पर्दछ, श्रोतहरुको परिचालन कसरी गरिनु पर्दछ, तीनका लागि के कस्ता कानूनी प्रावधान, नीति नियम आवश्यक छन् भनेर त्यसोको तर्जुमा गरी अन्तिम निधो गर्ने अधिकारीहरु पनि उनीहरु नै हुन ।

४.४.२ प्रतिनिधित्व

नीति निर्माण तहसम्म सम्वन्धित वर्ग, समुदाय र क्षेत्रका व्यक्ति सहभागी हुन सक्ने प्रावधानको टुङ्गो प्रतिनिधित्वको पद्धतिले गर्छ । धेरै जसो राजनीतिक प्रणाली सवल वा दुर्वल हुने कुराको निधो प्रतिनिधिको चयन प्रक्रियाले गरेको हुन्छ । साथै प्रतिनिधित्वको विधिले नै कुनै व्यवस्था कतिको जनमुखी, प्रजातान्त्रिक हो वा होइन भन्ने कुराको सुनिश्चित गर्दछ ।

यसोत प्रतिनिधित्वको कुरा गर्दा सामान्यतया केन्द्रीय वा स्थानीय तहको विधायिकामा सहभागी हुने प्रक्रियालाई मात्र बुझ्ने गर्दछ । अनि यसैलाई नै सही तथा पूर्ण प्रजातान्त्रिक प्रतिनिधित्वको रुपमा अर्थ्याउने

पनि गरेको छ । वास्तवमा यो गलत हो । यसैले गर्दा राजनीतिक प्रणाली अपाङ्ग बन्छ र पूर्ण प्रजातान्त्रिक आकार लिन सफल बन्दैन ।

यथार्थमा प्रतिनिधित्वको कुरा गर्दा राज्यका जे जति अङ्गहरु रहेका हुन्छन् ती सबैमा समानुपातिक हिसावमा सबैको उचित सहभागिताको संभावनालाई खोज्न सक्नु पर्दछ । यसो भन्नुको अर्थ हो व्यवस्थापिकादेखि कार्यपालिका र न्यायपालिकासम्म पनि मुलुकको सामाजिक वहुलतालाई वोध गराउने र प्रतिनिधित्व गराउन सक्ने गरी सबै वर्ग र समुदायको सहभागीताको प्रणाली बन्नु पर्दछ ।

४.६.३ पहुँच

नीति र योजना कार्यान्वयनका संभावना तबसम्म हुँदैन जबसम्म त्यसको लागि श्रोत र साधनको उचित ब्यवस्था गरिएको हुँदैन । सामान्यतया प्रचलन के पनि रहेको छ, राज्य उदार र प्रजातान्त्रिक चरित्रको छ भन्ने भ्रमको खेति गर्न नीतिको तर्जुमा गर्दा वा योजनाका खाका खिच्दा थुप्रै कुराहरुको कवुल गरिएको त हुन्छ, तर यथार्थमा तीनलाई ब्यवहारमा कार्यान्वयन गर्नका लागि श्रोत ब्यवस्थापनका सम्बन्धमा भने उदासिनता देखाइएको हुन्छ । यस्तो प्रचलन नेपालमा मात्र होइन कथित "प्रजातान्त्रिक' मुलुक भनाउंदा सबैतिर पाइन्छ । वास्तवमा अधिकारको प्रत्याभूतिको सार अर्थ राज्य श्रोतमाथी पंहुच के कति रहेको छ भन्ने कुरावाटै पुष्टि हुने गर्दछ । नेपालको सन्दर्भमा त राज्य श्रोतमाथी सत्तासिन वर्ग र समुदायको युगौंदेखि एकाधिकारपूर्ण नियन्त्रण कायम हुँदै आएको छ । सामाजिक वहुलता अनुसार अन्य वर्ग र समुदाय सदैव राज्य श्रोतसम्मको पहुँचबाट परै राखे । यसैको फल स्वरूप यी समुदायहरुको सामाजिक, आर्थिक र अन्य विकास अत्यन्त न्यून रहे, लामो समयसम्म यो क्रम जारी रहदै आएकोले यस्ता समुदायहरु सीमान्तीकृत अवस्थामा बाँच्न वाध्य भए, अधिंकाश गरीवी रेखा मुनिको जीवन यापनका अवस्थामा रहेका छन् । तसर्थ श्रोतमाथी पहुँचको कुरा अवसरको अर्थमा नभई मूलभूत अधिकार कै विषय हो भन्ने कुरा बुझ्नु आवश्यक हुन्छ । समावेशीकरणको सिद्धान्त अनुरुप राज्य प्रणालीको रुपान्तरण गरिंदा राज्य श्रोतमाथीको पंहुचको सवालमा यस्को विशेष हेक्का रहनु पर्दछ ।

४.७ राज्यसत्ता रूपान्तरण

निश्चय पनि नेपालको विद्यमान राज्यसत्ता जुन प्रकृतिको रहेको छ त्यस अन्तर्गत यी सम्पूर्ण विषयको तर्क संगत र न्यायोचित समायोजन संभावना छैन । वर्तमान राज्य प्रणाली २०४६ सालको जन-आन्दोलनको प्राप्ति स्वरुप जारी गरिएको नेपाल अधिराज्यको संविधान- २०४७ को सीमाभित्र आवद्ध छ । तर, आजसम्म नेपालले भुक्तमान गरेको अनुभवले के सावित गरिसकेको छ भने २०४७ साल संविधान आफैमा विभेदकारी रहेको छ । जुन संवैधानिक प्रावधानद्वारा नेपालको सामाजिक, साँस्कृतिक, भाषिक, धार्मिक, क्षेत्रगत वहुलताको पक्षलाई समेटने चेष्टा गरिएको छैन । साथै सत्ता स्वरुप अनेक कारणबाट एकल धर्म, एकल भाषा र एकल संस्कृतिको पृष्ठपोषकको रुपमा कायम छ । यस किसिमको राज्य प्रणाली अन्तर्गत समावेशीकरणको पद्धतिलाई कुनै स्थान रहन्न , मुलुकको आजसम्मको राजनीतिक यथार्थले पनि यस कुराको पुष्टि गर्दै आएको छ । तसर्थ, राज्यसत्तालाई सबै वर्ग, समुदाय र क्षेत्रका साझा अभिव्यक्तिको स्वरूपमा रुपान्तरण गर्न मूलभूत रूपमा वर्तमान राज्यको संरचनामा नै आमूल परिवर्तनको आवश्यकता छ ।

तर, राज्य संरचनाको आमूल परिवर्तनको आवश्यकताको अनुभुति एउटा कुरा हो भने त्यस्तो रूपान्तरण कसरी र कुन रुपमा गरिने हो त्यसमा राष्ट्रिय सहमतिको आवश्यकता त्यतिकै रहन्छ । राज्य क्रान्तिवाट सशस्त्र विद्रोहको माध्यमबाट गरिने राज्यसत्ताको परिर्वन भए त्यसको आफ्नै स्थान रहने भयो । सहमति र शान्तिपूर्ण उपायको अवलम्बनको खोजिमा राज्य प्रणालीको रुपान्तरण कुन प्रकारबाट हुन सकिन्छ भन्ने कुरा वहश त्यतिकै आवश्यक छ ।

### ४.७.१ संविधान सभा

हाल राज्य संरचनाको रूपान्तरणको चर्चाको क्रममा सबभन्दा जोरदार रूपमा अगाडि आइरहेको प्रस्ताव संविधान सभाको निर्वाचन नै हो । एउटा अन्तरिम सरकारको गठन गरी सोही सरकारको मातहतमा अन्तरराष्ट्रिय स्तरको सुपरिवेक्षण सहित निष्पक्ष निर्वाचनको माध्यमबाट संविधान सभाको गठन गर्ने र त्यही सभाले वर्तमान राज्य प्रणालीको आमूल रूपान्तरणका लागि वहुमतको आधारमा नयाँ संविधान निर्माण गर्ने छ । वास्तवमा यो राज्यसत्ता रुपान्तरणका लागि रोजिने संसारको एयटा प्रचलित प्रजातान्त्रिक प्रक्रिया हो । सामान्य अवस्थामा संविधान सभाको निर्वाचन निःशर्त गरिने गर्दछ, तर, अपवादको रुपमा कतै कतै सशर्त संविधान सभाको निर्वाचन सम्पन्न गरिएको अनुभवहरु पनि छन्, दक्षिण अफ्रिका त्यसको दृष्टान्त हो ।

सिद्धान्ततः संविधान सभा प्रजातन्त्रको सर्वोकृष्ट पद्धति हो, तर, यति हुंदा हुंदै यसले ल्याउने परिणाम प्रजातान्त्रिक आस्था अनुसार नै हुन पर्दछ भन्ने छैन । कतिपय अवस्थामा निर्वाचनको माध्यमबाट संविधान सभासम्म प्रतिनिधित्व गर्नेहरुमा पुरातनपन्थीहरुको वाहुल्यताका कारण त्यहाँबाट तयार गरिने राजनीतिक खाकाहरु प्रजातान्त्रिक मान्यता विपरित पनि हुन सक्छ, यस्तो स्थितिमा समाजमा सहमति र सदभावको ठाँउमा नयाँ खाले द्वन्द श्रृजना गरिदिन सक्छ ।

नेपालको सन्दर्भमा त संविधान सभाको कुरा अझै वहशमै सीमित रहेको र यसको लागि गरिने निर्वाचनको प्रक्रिया तथा निर्वाचन क्षेत्रका सम्वन्धमा पनि खास सुस्पष्ट धारणा बनिसकेको छैन । एकातिर, संविधान सभाको सवालमा प्रतिनिधित्वको कुरा अत्यन्त संवेदनशिल ठहरिन्छ भने अर्को तिर नेपालमा गरिने भनेको संविधान सभाको निर्वाचनमा प्रतिनिधित्वको ब्यवस्था केको आधारमा गरिने छ भन्ने कुराको टुङ्गो छैन । संभव छ, यस्को लागि राजनीतिक दलको अस्तित्वलाई नै मूल आधार बनाइन सक्छ । यस्तोमा जातिय, धार्मिक, भाषिक, साँस्कृतिक र क्षेत्रगत आधारको प्रतिनिधित्वको संभावना रहन्न । यदि निर्वाचन पद्धतिबाटै प्रतिनिधिको सवालमा समावेशीकरणका सम्वन्धमा यसरी दृष्टि पुऱ्याइदैनन भने त्यस पछि जस्तो सुकै प्रणालीबाट गरिएको निर्वाचन भए पनि संविधान सभासम्म पुग्ने प्रतिनिधिहरु पनि सोही अनुरुप नेपालको सामाजिक वहुलता, साँस्कृतिक, धार्मिक, भाषिक र क्षेत्रीय विविधताको आधारमा रहने अवस्था हुन्न । यसो भन्नुको अर्थ हो, यस प्रकार निर्माण भएको संविधान सभाले तर्जुम गर्ने नयाँ संविधान र त्यस अन्तर्गतका राज्यसत्ताको स्वरुप पनि सही अर्थमा समावेशी मान्यता अनुरुप निर्माण होला भन्ने पूर्ण ग्यारेण्टि रहन्न ।

### ४.७.२ राजाबाट नयाँ संविधानको घोषणा

हलको राजनीतिक घटनाक्रममा के पनि संभावना छ भने वर्तमान राजनीतिक प्रणालीको परिवर्तन वा राजसत्ता स्वरुपको नयाँ रुपान्तरणको खोजि राजा आफै अगाडि आएर नयाँ संविधान जारी गर्न सक्छ । विकसित राजनीति परिदृष्यमा यस्को संभावना छैन भनेर नकार्ने अवस्था पनि छैन । नेपालको इतिहासमा २०४७ सालमा वाहेक सदैव संविधानको खाका खिच्ने र जारी गर्ने केन्द्र राजदरवार नै रहिआएको छ । तर, २००४ सालको अन्तरिम संविधानदेखि हालसम्मको संवैधानिक प्रावधानहरुको अध्ययन गर्दा कुनै पनि अवसरमा नेपाल अधिराज्यभित्रका सामाजिक, साँस्कृतिक, धार्मिक, भाषिक र क्षेत्रीय विविधतालाई समावेश गर्ने, तिनिहरुलाई पनि राष्ट्रिय मूल प्रवाहमा ल्याउने खालको कानूनी प्रत्याभूती दिलाउने काम कहिल्यै भएन । नेपालको इतिहासमा पहिलो पटक २०४७ सालको संविधानद्वारा नेपाल अधिराज्यको वहुलतायुक्त सामाजिक यथार्थलाई उल्लेखसम्म गर्ने जमर्को गरेको भए पनि "विश्वकै सर्वोकृष्ठ' भनिएको उक्त संविधानले पनि एकल धर्म, एकल भाषा, एकल जाति र संस्कृतिको कानूनी पृष्ठपोषककै काम गरे । राजाको हुकुमी शासनको कालदेखि राजाको कृपावाट जारी गरिएको संविधान क्रियाशिल रहेको कालमा जस्तै यस नयाँ संवैधानिक प्रावधानले पनि वहुल सामाजिक यथार्थलाई नकार्ने र सवैलाई वहिष्करण पार्ने राजनीतिक परम्परामा तात्विक भिन्नता देखिएन । विशेषतः "हन्दू सम्राट' को रुपमा स्थापित हुने राज मोहका कारण पनि गैरहिन्दू समुदायभित्रका समुदायहरुको समावेशीकरणको सवाल अझै कम महत्वको विषय सरह छ ।

त्यो भन्दा महत्वपूर्ण कुरा आजको एकाइसौं शताब्दि र उदार प्रजातान्त्रिक युगमा मुलुकको संविधान जस्तो कुरा कुनै एक व्यक्ति वा एउटा केन्द्रको माध्यमबाट तयार गरिनु वा जारी गराउनु भन्नु एक अर्थमा अकल्पनीय र हास्यापद सोच हो । यो आम नेपाली जनमानसका लागि पनि र विश्व समुदायका लागि पनि

स्विकार हुन नसक्ने कुरा हो । यस किसिमबाट संविधान जारी गरिए तथा सोही अनुरुप राज्यको रुपान्तरणको प्रयास गरिए तापनि त्यसले कतिको जन अनुमोदन प्राप्त गर्न सक्छ र त्यो कति दिगो होला भन्ने सवाल आफ्नै ठाँउमा छ । यस्तो अवस्थामा अनास्था श्रृजना भएर नयाँ राजनीतिक जटिलता अगाडि नआउला भन्न सकिन्न ।

४.७.३ सहमतिय संविधान

नेपाल जस्तो सामाजिक, साँस्कृतिक, धार्मिक, भाषिक तथा क्षेत्रगत विविधताका कारण सामाजिक समन्धमा जटिलता रहेको मुलुकमा प्रतिस्पर्धिय आधारमा एक पक्षले अर्को पक्षमाथी वहुमतीय अधिकार जमाउने विजित र पराजितको मनस्थितिमा काम गर्नु भन्दा सबैको समन्वय र सहमतिमा काम कारवाहीलाई अगाडि बढाउने पद्धति बढी उपयोगसिद्ध हुन सक्छ । नेपाल जस्तै सानो र साँस्कृतिक वहुलतायुक्त स्विटजरलैण्डको अनुभवले पनि यही कुरा भन्छ । त्यसमा पनि ससाना अल्पसंख्यक समुदायहरु धेरै संख्यामा भएको कारणले पनि उनीहरुलाई उचित तरिकाबाट राज्य प्रणालीमा समावेश गराउने संभाब्य वातावरणका लागि पनि यस किसिमको सहमतिय आधारमा संविधान सभाको निर्माण उपयुक्त पद्धति हुन सक्छ । यसले संविधान सभाको निर्वाचन पछाडी रहेको अनिश्चितता र असुरक्षाको भावनालाई पनि अन्त्य गर्न सक्छ ।

सहमतिय आधारमा बनाइने संविधान सभामा मुलुकका सबै क्षेत्र, सबै वर्ग, सबै समुदायको समानुपातिक प्रतिनिधित्व हुन सकोस भनेर राजनीतिक दल, राजा, साँस्कृतिक, भाषिक, धार्मिक समूहका तर्फबाट र  क्षेत्रगत प्रतिनिधित्व हुने कुराको सुनिश्चित गरिन्छ । यसरी सहमतिय प्रकृयाद्वारा बनाइने संविधान सभा  ३०० जना सदस्य संख्याको हुने गरी प्रस्तावित गर्न सकिन्छ ।  जस मध्ये  सदस्यहरु सम्वन्धित समूहरुबाट जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने गरि निम्न अनुसार व्यवस्था गर्न सकिने छ :

| | |
|---|---|
| राजाबाट मनोनित | १० प्रतिशत |
| आदिवासी जनजाती/दलित/मधेशी/अन्यबाट | ४० प्रतिशत |
| राजनैतिक पार्टीबाट | ४० प्रतिशत |
| क्षेत्रिय प्रतिनिधिबाट | १० प्रतिशत |

(सवै समूहबाट  ५० प्रतिशत महिला अनिवार्य सहभागी गराउनु पर्ने)

तर, तोकिएको कोटा अन्तर्गत प्रतिनिधिहरु चयनका लागि सम्वन्धित समूह वा समुदायभित्र अन्तर समूह निर्वाचन संचालन गरिने छ । साथै, प्रारम्भमा यस सभाले मुलुकको संविधान निर्माणको भूमिका निर्वाह गर्ने छ । संविधान अनुमोदन र संविधान अन्तर्गत आम निर्वाचनबाट ब्यवस्थापिकाको गठन भइसके पछि यो सभा पनि आवधकि रुपमा गरिने निर्वाचनको माध्यमबाट गठन हुने स्थायी अङ्गको रुपमा क्रियाशिल रहने छ । यसले मूलत: संवैधानिक प्रक्रियाको अनुगन र निर्देशनालयको भूमिका निर्वाह गर्नेछ । संविधान रुक्षा यसको प्रमुख दायीत्व हुनेछ ।

४.८ केन्द्रीय शासन सत्ता

समावेशीकरण राज्यसत्ता रुपान्तरणको मूल चाहना भएकै कारण केन्द्रीय शासन सत्ता निर्माणका क्रममा पनि नेपालका सबै शक्ति र पक्षहरुलाई समावेश गर्न सकिने पद्धतिको विकास हुनु आवश्यक हुन्छ । एकातिर स्वायत्त शासन प्रणालिको अधिकार प्रत्यायोजन गर्दै राज्यलाई पूर्ण रुपमा विकेन्द्रीकरणको अवस्थामा रुपान्तरण गर्नेछ । यसले अन्तत: नेपालको राज्य प्रणालीलाई संघात्मकता तिर लग्छ । जातिय आधारमा, साँस्कृतिक, धार्मिक, भाषिक वा क्षेत्रीय आधारमा निमार्ण हुने स्वशासनको वास्तविक अर्थ संघात्मक केन्द्रीय शासन नै हो । तर, संघात्मकताभित्र अवाञ्छित उन्मुक्तताको प्रवृति विकास हुन गएमा मुलुकका

सार्वभौमिकता अखण्डतामा कमजोर पार्ने गरी विखण्डतिर ढकल्न सक्ने संभावनाहरु पनि रहन्छ  जुन कुरा नेपाल जस्तो भौगोलिक रुपमा अति सानो देशले धान सक्ने भार होइन । यस्तो प्रवृतिलाई नियन्त्रण र निरुत्साहित पार्नका लागि पनि केन्द्रीय शासन सत्ताको शक्तिको पनि त्यतिकै महत्व हुन्छ । केन्द्र कमजोर अवस्थामा नरहोस भन्नाका लागि केन्द्रीय शासन सत्ताका लागि प्रभावकारी नीति निर्माण गर्ने र योजनाको वनाउने निकायका रुपमा एक सदनको व्यवस्थापिक रहने छ । जस्मा राजा सहितको निर्वाचित प्रतिनिधिहरुको कूल संख्या २०० रहने छ । त्यसमा स्थान विशेषको प्रतिनिधि स्वरुप जनसंख्याको अनुपातमा १० प्रतिशत, राजनीतिक दलहरुका तर्फबाट निर्वाचित भइ आउनेहरु ५० प्रतिशत र साँस्कृतिक, भाषिक, धार्मिक, आदि समुहहरुको प्रतिनिधिको रुपमा ४० प्रतिशत संख्यामा सदस्यहरु निर्वाचन मार्फत चयन गरिने छ ।

कार्यपालिकाको गठन वहुमतको आधारमा नभइ समावेशीय मान्यता अनुसार सहमतीय आधारमा स्विटजरलैण्डमा जस्तै सर्वपक्षीय हुनेछ, जस्मा दलगत वहुलता, सामाजिक विविधता, वर्गीय र लैंगिक समानुपातिकतालाई समेत ध्यान दिइने छ  । श्री ५ महाराजाधिराजको लागि संवैधानिक राजाको हैषियतमा राष्ट्र प्रमुखको स्थान सुरक्षित रहनेछ ।

न्यायपालिका पूर्ण रुपमा स्वतन्त्त र निष्पक्ष हुन सकोस भनेर यस्को चयन प्रक्रियालाई जन अनुमोदन लिनु पर्ने आवश्यक ठानिन्छ । वाञ्छनीय योग्यता पुगेका उम्मेदारहरुबाट न्यायाधीशको छनौट गर्ने काम जनताको मतको आधारमा गरिने छ । यसले न्यायापालिकाको चयनमा बढी प्रजातान्त्रिक हुने र न्यायमूर्तिहरु पनि व्यवस्थापिका, कार्यपालिका वा विधायिकाहरु प्रति भन्दा प्रत्यक्षत जनता प्रति उत्तरदायी बन्नु पर्ने स्थिति आउँछ । स्वायत्त इलाकाहरुमा जस्तै केन्द्रमा पनि राष्ट्रिय न्यायालय र परम्परागत न्यायालय छुट्टा छुट्टै हुने छ ।

४.९ विशेष व्यवस्था

दलीय राजनीति र अन्य पक्षबाट पनि संवोधन गर्न नसक्ने वर्ग र क्षेत्रका सम्बन्धमा राज्यले निभाउनु पर्ने दायीत्वका वारेमा आवश्यक भूमिका निभाउन सक्ने गरी अल्पसंख्यकहरुका अधिकार अन्तर्गत विभिन्न स्वतन्त्र र स्वायत्त आयोगहरु गठन गरिने छ । त्यस्ता आयोगहरु सामान्यता निम्न अनुसारका समुदाय, क्षेत्र र विषयका लागि हुने छ :

क) दलित आयोग,
ख) आदिवासी आयोग,
ग) महिला आयोग,
घ) अपांग आयोग,
ङ) मधेसी आयोग,
च) जेष्ठ नागरिक आयोग
छ) मानव अधिकार आयोग
ज) अल्पसंख्यक अधिकार आयोग

# परिच्छेद ५

## ५. सहमति र अनुमोदन

राज्य संचालनको सोचमा रहिआएको अनुदारताले मुलुकको सामाजिक विविधतालाई विशेषताका अर्थमा नभइ विखण्डनताका अर्थमा व्याख्या गर्दछ । विविधता शक्तिका श्रोतको रुपमा नभइ संकटका रुपमा बुझ्ने गरिएकोले यस स्थिति प्रति सदैव उदासिनता मात्र रहेन बरु यस सामाजिक यथार्थलाई नामेट गर्नमा राज्य शक्ति स्वंय लागि परे । स्वभाविक रुपमा यस किसिमको व्यावहारले राष्ट्रिय एकता उपेक्षाकृत रुपमा त्यति मजबूत हुन नसकेको मात्र नभइ क्रमश: अनेकन जटिलता श्रृजना गरिंदै लगे । जसको नविनतम स्वरुप माओवादी सशस्त्र विद्रोह हो । नेपाली समाजमा विद्यमान युगौंदेखि कायम रहेको अन्तरविरोधहरु बीच माओवादी विद्रोहले झन अर्को आयाम थपेकोछ ।

जारी रहेको माओजादी विद्रोहका कारण मुलुकमा हिसाको क्रमलाई मात्र तिब्र पारेको नभइ नेपालको सामाजिक सन्तुलनलाई पुरै खलबल्याइएको छ, राजनीतिक अस्थितर डरलाग्दो छ । यस अवस्थाको अविलम्ब समाप्त हुनु आवश्यक छ, तर कसरी ? एक दशक भन्दा लामो यस विद्रोह र त्यसको प्रतिरोधमा चालेको सुरक्षाकर्मिको अभियानले हिंसाको स्थिति अन्त्य गर्नुको साटो दिनहुं नयाँ खाले मुठभेडवीच नेपालीहरु ज्यान गुमाउने पर्ने असुरक्षाको वातावरणलाई श्रृजना गरेको छ । अनुभवले के सिद्ध गरिसकेको छ भने यो एक अन्त्यहिन युद्ध हो । बन्दुकको बलले यसको टुङ्गो लाग्न सक्दैन । युद्धको निरन्तरतामा अपार धन जनको क्षति ब्येहोर्नु पर्ने मात्र नभइ राजनीतिक अस्थिरता र कमजोर राष्ट्रियताको क्रममा मुलुकको स्वतन्त्र संप्रभुसत्ताको रक्षामा समेत चौतर्फी खतरा जाइ लाग्न सक्छ ।

यस्तोमा, २०६२ माघ १९ को शाही कदमले मुलुकको संवैधानिक शक्तिहरु माझ फेरि अर्को एउटा फाटो देखापरे । संसदवादी शक्तिहरु आफ्नै बेग्लै मुद्दाहरु सहित आन्दोलनमा उत्रिरहेका छन । तर, त्यसको पनि अन्त्य कहाँ र कसरी स्वंय आन्दोलनकारी राजनीतिज्ञहरु पनि स्पष्ट देखिन्ना अवश्य पनि यसबाट एउटा कटु यथार्थ वोध गराउँदछ कि मुलुक अहिले अत्यन्तै विभाजित अवस्थामा छ । अनि आम नेपाली नागरिक पनि यसैं अनुरुप विभाजित छन् । नेपाल अहिलको जस्तो कमजोर र संकटको अवस्थामा पहिले कहिल्यै गुज्रेको थिएन । वास्तवमा, मुलुकको राज्यप्रणाली जनतालाई प्रत्यक्ष संलग्नताबाट पर राखेर केवल एक मुठ्ठी शक्ति केन्द्रबाट एकाधिकार संचालन गरिंदै आएको यो दुष्परिणाम हो । तसर्थ, अव आएर यो अवस्थाको अन्त्य हुनु पर्दछ । तर, यस्को लागि शान्तिपूर्ण उपयुक्त माध्यमको खोजी आवश्यक छ ।

नेपालको लामो राजनीतिक विश्लेषण, अन्तरराष्ट्रिय अनुभव तथा राष्ट्रिय राजनीतिमा राज्य पुनर्संरचनाको आवश्यकताको पक्षमा चलिरहेको व्यापक छलफलको निचोडवाट पनि देसको सामाजिक वहुलतालाई सुहाउँदो समावेशीय राज्य प्रणाली आजको न्यूनतम आवश्यकता हो भन्ने कुरा पुष्टि गर्दछ । तर, यसको लागि वेष्टमिनिष्टर प्रणालीको वहुमतीय शासन शैली नेपालको जस्तो सामाजिक वहुलता र जटिलतायुक्त मुलुकको लागि उपयुक्त रहेन्छ भन्ने कुरा २०४६ सालदेखि आजसम्मको अनुभव र त्यसले जन्माएका अकल्पनीय समस्याहरुले हामीलाई नराम्रोसंग अनुभव गराइसकेकोछ । साथै कतिपय युरोपीय मुलुकहरुले पनि वहुमतिय प्रणालीद्वारा जनताहरुको सही प्रतिनिधित्व गराउन नसक्ने ठहरी गरी त्यस किसिमको ब्यवस्थाको ठाउँमा समावेशीय प्रजातान्त्रिक प्रणाली अनुसरण गर्दै गरेकोछ ।

यस अतिरिक्त संकट, जटिलता, कमजोर राष्ट्रियता अनि जारी हिंसात्मक विद्रोहको स्थितिवाट सहज मुक्तिका लागि नेपालले अहिले अंगिकार गर्नु पर्ने सहमतीय बाटो हो । यसले भावी हुने राज्य पुनर्संरचनामा वाह्य हस्तक्षेप वा प्रभाववाट सहज रुपमा मुक्त हुन सक्छौ. भने यसले हालका द्वन्दरत पक्ष सबै र मुलुकका अन्य सरोकारवालाहरुलाई उचित रुपमा संयोजन र समावेश हुने कुराको पूर्ण ग्यारेण्टि रहन्छ । विद्रोही पक्षद्वारा चाहाना गर्दै आए जस्तै मुलुक संघात्मक स्वरुपमा

रुपान्तरण भइ शक्तिको अधिकतम रुपमा विकेन्द्रीकरण हुनेछ । संसदवादी शक्तिहरुको माग अनुरुप श्री ५ को अधिकार र हैषियत सहमतीय आधारमा संवैधानिक घेरामा ल्याउन राष्ट्रिय सहमतिले मद्दत गर्नेछ । यसै गरी श्री ५ लाई हालको असुरक्षाको स्थितिको अन्त्य भइ संवैधानिक राजाको रुपमा सुरक्षित पार्ने काम सहमतिको राजनीतिले श्रृजना गर्दछ । ऐतिहासिक कालदेखि वहिष्करण पार्दै गरेका वहुसंख्यक आदिवासी, जनजाति, दलित, महिला, मधिसे र अन्य समुदायको समेत समानुपातिक प्रतिनिधित्वको कुरा सुनिश्चित गर्ने कुरा आफ्नै स्थानमा छ ।

तर, यस राजनीतिक प्रस्तावको कार्यान्वयनको लागि सहमतिय वातावरण श्रृजना गर्नका लागि संभवत केही पूर्वाभ्यासहरु गरिनु आवश्यक हुन सक्छ । जुन निम्नअनुसार सुझाव दिइन्छ :

### पहिलो चरण

- नेपालका सम्पूर्ण आदिवासी जनजाति समुदायहरु बीच यस प्रस्तावका सम्वन्धमा राष्ट्रिय गोष्ठीको आयोजना गरी यस्को परिमार्जन, संशोधन र अनुमोदन गर्ने/गराउने
- नेपालका सम्पूर्ण दलित, महिला र मधिसे समुदायबाट पनि यस प्रति अनुमोदन हासिल गर्ने

### दोश्रो चरण

- मुलुकका सम्पूर्ण संवैधानिक राजनीतिक दलहरुबाट यस प्रस्तावनाका सम्वन्धमा अनुमोदन हासिल गर्ने अभियान संचालन गर्ने
- विद्रोही नेपाल कम्यूनिष्ट पार्टी माओवादीका तर्फबाट यस प्रस्तावका सम्वन्धमा अनुमोदन हासिल गने
- श्री ५ बाट यस प्रस्तावनाका सम्वन्धमा अनुमोदनका लागि आग्रह गर्ने

### तेश्रो चरण

- द्यातृ संस्था र अन्तरराष्ट्रिय जगतका माझ यस प्रस्तावनाका सम्वन्धमा पैरवी गर्ने
- संचार माध्यमको सहायतबाट यस प्रस्तावका सम्वन्धमा सबै क्षेत्रमा यथेष्ट जानकारी गराउने

### अन्तिम चरण

- यस प्रस्ताव कार्यान्वयनका लागि नेपाल आदिवासी जनजाति महासंघको नेतृत्वमा राष्ट्र ब्यापी जनदवावको कार्यक्रमहरु निरन्तर संचालन गर्ने

## सन्दर्भसूची


न्यौपाने, गोविन्द (२०००), नेपालको जातिय प्रश्न: सामाजिक बनोट र साझेदारीको सम्भावना, सेन्टर फर डेभलपमेन्ट, काठमाडौं ।

आदिवासी जनजाति शान्तिवार्ता समन्वय समिति, नेपाल (२०६०), "राज्यको पुनर्संरचना र नयाँ संविधान" निर्माणको प्रश्न: अवधारणा र प्रक्रिया, नेपाल ।

खनाल, कृष्ण (२०६१), राज्यको पुनर्संरचना: एक प्रस्ताब, नेपाल समसामयिक अध्ययन केन्द्र, सानेपा, ललितपुर ।

पोखरेल, शंकर (२०६१), राज्यको पुनसंरचना र जनताको सहभागित सवाल, नेपाल समसामयिक अध्ययन केन्द्र, सानेपा, ललितपुर ।

आचार्य, नरहरि (२०६१), लोकतान्त्रिक मान्यताको परिप्रेक्ष्यमा राज्य पुनर्रसचनाको कार्यसूची, नेपाल समसामयिक अध्ययन केन्द्र, सानेपा, ललितपुर ।

आचार्य, नरहरि, 'यस्तो हुनुपर्छ अबको नयाँ राज्यसंरचना', मूल्यांकन, २०६० चैत्र ।

-मिश्र, चैतन्य, अबको राज्य-संरचना कस्तो हुनुपर्छ ? मूल्यांकन, २०६१, बैसाख ।

श्रेष्ठ, राजेन्द्र, "राष्ट्रिय एकताको कोणबाट राज्य पुनर्संरचनाको सवाल", मूल्यांकन, २०६१, माघ ।

गुरुङ, के.वि, नेपालको विशेपता सांस्कृतिक विविधता, राज्यको पुनर्संरचना आजको आवश्यकता, कार्यपत्र प्रस्तुत ......२०६१ श्रावण ...आयोजित कार्यक्रममा ।

वराल, भवानी (२०६१), यस्तो हुनुपर्छ राज्यको संरचना, स्वायत्त शासन सरोकार मञ्च, नेपाल ।

Bhattachan, K.B. 2003. Expected Model and Process of Inclusive Democracy in Nepal. An abridged version of paper presented in the internation seminar on The Agenda of Transformation: Inclusion in Nepali Democracy, 24-26 April, Organised by Social Science Baha, Kathmandu.

Lawoti, Mahendra. 2005. Towards a Democratic Nepal: Inclusive Political Institutions for a Multicultural Society. Sage Publication, India.



11649

MARTIN CHAUTARI LIBRARY KTM. NEPAL